
# मानवअधिकार स्थिति सूचक

मानवअधिकार वर्षपुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष २२, अङ्क १
जेठ २०७१




तीन महिना (जनवरी–मार्च २०१४)को

## मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन

मानवअधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित**

**सम्पादन**
मदन पौडेल
प्रशन्नता वस्ती
गणेश भण्डारी
नीर लामा
राजेश मिश्र

**तथ्याङ्क विश्लेषण**
प्रमीन घिमिरे
अनुज केसी

**व्यवस्थापक**
शैलेस शर्मा

पोस्ट बक्स नं. २७२६
कलङ्की, स्यूचाटार
काठमाडौं, नेपाल
फोन : ४-२७८७७०
फ्याक्स : ४-२७०५५१
Email: insec@insec.org.np
Website: www.inseconline.org

**मुद्रक**
ड्रिम ग्राफिक प्रेस
काठमाडौँ

# जनवरी-मार्च महिनाको मानवअधिकार अवस्था

सन् २०१४ को आरम्भमा ०६४ सालमा गठित संविधानसभाको विघटन भएको १९ महिनापछि जननिर्वाचित सरकार गठन भयो। अघिल्लो वर्ष ठूला राजनीतिक दलको सहमतिका आधारमा बनेको प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको सरकारले कुशलतापूर्वक निर्वाचन सम्पन्न गरी निर्वाचित जनप्रतिनिधिलाई सरकार हस्ताणतरण गऱ्यो । उक्त गैरराजनीतिक प्रकृतिको सरकार गठन हुँदा कार्यपालिकाको छायाँमा न्यायपालिका परेको भनी सर्वत्र आलोचना भएको थियो। सरकारले निर्वाचनका लागि गरेको तयारीका साथै सफलतापूर्वक निर्वाचन सम्पन्न गरेपछि उसमाथि लागेको आरोप क्रमश: मत्थर हुँदै गएका थिए। कार्यपालिका र न्यायपालिका दुवैको नेतृत्वमा रहेका मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी सर्वोच्च अदालतमा पुन: फर्किन्छन् की फर्कँदैनन् भन्ने कौतुहलताकाबीच उनले प्रधानन्याधीश पदबाट राजिनामा गरी नियुक्तिसँगै लामो समयदेखि उनले साँधेको मौनताको जवाफ दिएका थिए।

नवनिर्वाचित प्रधानमन्त्री सुशील कोइरालाले ०७० माघ २७ गते पदबहाली गर्दा 'सहमति र सहकार्यबाट अघि बढ्ने' घोषणा गरेको भए पनि नेकपा एमालेलाई गृहमन्त्रालय नदिने नेपाली काङ्ग्रेसको अडानका कारण सरकारको साझा कार्यक्रम आउन करिब अढाइ महिना लाग्यो। राजनीतिक दलका नेताहरूको आफ्नै प्रतिबद्धता अनुसार सरकारसामु संविधानसभाबाट एक वर्षभित्र नयाँ संविधान निर्माण गर्ने र शान्ति प्रक्रियाका बाँकी काम पूरा गरेर राजनीतिक सङ्क्रमणकाल टुङ्ग्याउने जिम्मेवारी रहेको छ। त्योसँगै लामो समयदेखि जनताले आशा गरेको सुशासन तथा जनताका दैनन्दिनका समस्यामाथि विचार पुऱ्याउने र जनतालाई राहत दिने जिम्मेवारी पनि यो सरकारकै रहेको छ। तर, यस अवधिमा नेपाली जनताले सरकारको क्रियाशीलताको अनुभूति पाउन सकेका छैनन्। देशमा व्याप्त महँगी, कालोबजारी र सुशासनको अभाव आदि कारणले नेपाली जनताको दैनिकी कठिन हुँदै गएको छ। र, लोकतान्त्रिक भनिएको सरकारका काम कारबाही जनतामुखी नभएको आभास भयो।

नेपाली काङ्ग्रेस र नेकपा (एमाले) ०७० चैत ४ गते गरेको सहमतिमा छ महिनामा संविधानको प्रारम्भिक मस्यौदा तयार पार्ने, बाँकी रहेको छ महिनामा संविधानसभाबाट नयाँ संविधान जारी गर्ने र स्थानीय तहमा लोकतन्त्रको जग बलियो पार्न छ महिनाभित्र स्थानीय निकायको निर्वाचन गर्ने प्रतिबद्धता उल्लेख थियो। तर, सरकारकाका मन्त्रीहरूले पटक पटक स्थानीय निकायको निर्वाचन जेठ महिना भित्र गर्ने भाषण गरिरहँदा निर्वाचन सम्पन्न गर्नका लागि आवश्यक कानुनहरूको तर्जुमा गर्न सरकारी तदारुकता देखिएन। साथै स्थानीय निकायको निर्वाचन जेठ महिनाभित्रमा सम्पन्न गर्ने एमाओवादी प्रतिबद्धता संविधानसभाको निर्वाचन परिणामसँगै सेलाएर गयो।

अघिल्लो संविधानसभाले गरेका निर्णयहरूको स्वामित्व ग्रहणको विषयले संविधानसभामा प्रवेश पायो। यसैगरी पाँच ओटा विषयगत समिति र तिनको नेतृत्व चयन हुनु र संविधानका विषयमा शुरु भएको छलफललाई तीन महिनाको उपलब्धी मान्नुपर्ने हुन्छ। तर, निर्वाचन भएको पाँच महिना र

संविधानसभा गठन भएको तीन महिना बितिसक्दा पनि मन्त्रिपरिषद्बाट नियुक्त गरिने २६ सदस्यको मनोनयन नहुँदा संविधानसभाले पूर्णता पाएन।

सरकारको साझा कार्यक्रममा संविधानसभा भित्र र बाहिर रहेका राजनीतिक दलहरूसँग छलफल गरी संविधान निर्माण, लोकतन्त्रको सुदृढीकरण तथा आधारभूत राष्ट्रिय हितका पक्षमा सहमति जुटाउन प्रयत्न गरिने छ भनेर उल्लेख गरिएको भए पनि सरकारले संविधानसभा बाहिर रहेका दलका साथै मधेसी दलहरू तथा पहिचानको मुद्दा उठाइरहेका समूहसँग छलफल, वार्ता गर्ने र उनीहरूको सहभागिता सुनिश्चित गर्नेतर्फ पहलकदमी लिएको देखिएन। जसका कारण संविधानसभाको अस्तित्व नै नस्वीकार्ने नेकपा-माओवादी र केही जातीय सङ्गठनको अवरोध नयाँ संविधानसभाका लागि चुनौती हुने सम्भावना यथावत रहेको छ। संविधानसभा बाहिर रहेका दलहरूलाई सहमतिमा ल्याउने सरकारी प्रयास पर्याप्त नरहेको देखियो। संविधानसभा बाहिर रहेका दलहरू संविधानसभाले बनाएको संविधान नस्वीकार्ने बताइरहेका छन्। यो विषयको सम्बोधन गर्न सकिएन भने संविधान नै जारी नहुने वा जारी भइहाले पनि अस्वीकार्य हुनसक्ने खतरा हुनसक्छ। यसतर्फ ठूला राजनीतिक दलका शीर्ष नेताको ध्यान नगएको देखिएको छ।

यसैबीच विस्तृत शान्ति सम्झौताको महत्त्वपूर्ण विषय सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता छानविन आयोगको विधेयक सरकारले संसद्मा पेश गऱ्यो । तर, विधेयकले द्वन्द्वकालका पीडितलाई न्याय हैन अपराधमा संलग्न पीडकहरूलाई कारबाहीको साटो क्षमादानको प्रस्ताव गरेको छ। विधेयकको चौतर्फी विरोधका बावजुद व्यवस्थापिका संसद्ले यसलाई पारित गऱ्यो। सर्वोच्च अदालतले २०७० पुस १८ गते गरेको फैसलामा गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनामा संलग्नलाई क्षमादान दिन नमिल्ने, विधेयक मानवअधिकारका अन्तर्राष्ट्रिय सिद्धान्त बमोजिम हुनुपर्ने उल्लेख थियो।

मानवअधिकारको अवस्थामा सुधार नआएको, महिलामाथि हुने हिंसाका घटनाहरू दिन-प्रतिदिन बढेर गएको अवस्थामा राष्ट्रिय मानवअधिकार आयोग

**घटनाको प्रकारका आधारमा पीडितको सङ्ख्या**
**१७ पुस २०७० - १७ चैत २०७०**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | | राज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | तेस्रो लिङ्गी | जम्मा | महिला | पुरुष | जम्मा |
| हत्या | ४३ | ३२ | | ७५ | | २ | २ |
| घाइते | ६ | २१ | | २७ | १ | ७ | ८ |
| अपहरण | ४ | ५ | | ९ | | | |
| गिरफ्तारी र यातना | | | | | १ | २१ | २२ |
| कुटपिट | १२ | ३२ | | ४४ | १० | १० | २० |
| बालअधिकार | १५५ | १० | | १६५ | | | |
| हिरासत/थुनामा मृत्यु | | | | | | १ | १ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | १ | २ | | ३ | | | |
| अमानवीय व्यवहार | १ | ६ | ४ | ११ | ३ | | ३ |
| भूमिहीन/सुकुमबासी समस्या | | | | | | १ | १ |
| सबै प्रकारका जातीय विभेद | ११ | १७ | | २८ | | | |
| भेला र सङ्गठित हुने अधिकार | | | | | ८ | २४ | ३२ |
| धम्की | ४ | ४ | | ८ | १ | २ | ३ |
| महिला अधिकार | ७६६ | | | ७६६ | | | |
| जम्मा | १००३ | १२९ | ४ | ११३६ | २४ | ६८ | ९२ |

पदाधिकारीबिहीन बनेको छ। आयोगमा पदाधिकारीहरू नियुक्त हुन नसक्दा दर्जनौं विषयमा आयोग निस्कृय जस्तै बस्नुपर्ने अवस्था विद्यमान छ। सर्वोच्च अदालत न्यायाधीशविहीन हुँदासमेत सरकारले न्यायाधीश नियुक्त गर्न सकेन पाँच जना स्थायी न्यायाधीशका भरमा मुद्दाहरूको किनारा लगाउनुपर्ने भएकाले मुद्दाको पेशी सर्दै जाने समस्या बढेर गयो।

जननिर्वाचित सरकार गठन भएपछि मुलुकको मानवअधिकार अवस्थामा सकारात्मक परिवर्तन हुने अपेक्षा राखेअनुरुप परिणाम देखा परेन।

सन् २०१४ को जनवरी फेब्रुवरी र मार्च महिनामा १ हजार २ सय ८८ जना मानवअधिकार उल्लङ्घन ज्यादतीबाट पीडित भएको तथ्याङ्क इन्सेकले अभिलेख गऱ्यो। यी तीन महिनामा राज्यपक्षबाट २४ महिला र ६८ जना पुरुष गरी ९२ जना पीडित भए। गैरराज्य पक्षबाट १ हजार ३ महिला र १ सय २९ जना र चार जना तेस्रो लिङ्गी गरी १ हजार १ सय ३६ जना पीडित भए।


बालअधिकार उल्लङ्घनका १ सय ५७ घटना अभिलेखित भए। राज्यपक्षद्वारा चलाइएको गोली लागेर दुई जनाको मृत्यु भयो।

बदियाबन्चौरी गाविस-२ का २५ वर्षीय मोहम्मद शेराजुल मन्सुरीलाई सोनमा गाविस-५ मा ०७० माघ २३ गते बिहान प्रहरीले गोली हानी हत्या गऱ्यो। मृतकको सोही दिन जलेश्वर अस्पतालमा पोष्टमार्टम गरिएको थियो। सुरुमा सनाखत हुन नसकेको लास ०७० फागुन १ गते परिवारजनले सनाखत गरी बुझेका थिए। भाइलाई प्रहरीले गिरफ्तार गरेर हत्या गरी भिडन्तको नाटक रचेको भन्दै मृतकका दाजु ३५ वर्षीय इसराफिल मन्सुरीले ०७० फागुन १ गते जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख एसपी रामप्रसाद श्रेष्ठलगायत चार जना प्रहरी अधिकारी विरुद्ध जाहेरी दिए। इसराफिलले कर्तव्य ज्यानको जाहेरीमा विपक्षी बनाएका एसपी श्रेष्ठ बाहेक इलाका प्रहरी कार्यालय बलवाका प्रमुख मोहम्मद नुरुल, थर थाहा नभएका प्रहरी हवल्दार राकेश र जिल्ला प्रहरी

**क्षेत्रगत आधारमा पीडितको सङ्ख्या**
**१७ पुस २०७० – १७ चैत २०७०**

| घटनाको प्रकार | पूर्वाञ्चल | मध्यमाञ्चल | पश्चिमाञ्चल | मध्य पश्चिमाञ्चल | सुदूर पश्चिमाञ्चल | जम्मा |
|---|---|---|---|---|---|---|
| हत्या | ३३ | २० | ९ | ७ | ८ | ७७ |
| घाइते | १० | ११ | ५ | ८ | १ | ३५ |
| अपहरण | २ | ४ | | १ | २ | ९ |
| गिरफ्तारी र यातना | ४ | ३ | १ | १४ | | २२ |
| कुटपिट | १४ | २३ | ५ | १० | १२ | ६४ |
| बालअधिकार | ४४ | ४३ | ४५ | १९ | १४ | १६५ |
| हिरासत/थुनामा मृत्यु | | १ | | | | १ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | २ | १ | | | ३ |
| अमानवीय व्यवहार | ४ | ४ | १ | ५ | | १४ |
| भूमिहीन/सुकुमबासी समस्या | | | | १ | | १ |
| सबै प्रकारका जातीय विभेद | १२ | ४ | २ | १ | ९ | २८ |
| भेला र सङ्गठित हुने अधिकार | २५ | ६ | | १ | | ३२ |
| धम्की | ३ | ७ | १ | | | ११ |
| महिला अधिकार | १९५ | २८२ | १३८ | ६९ | ८२ | ७६६ |
| जम्मा | ३४६ | ४१० | २०८ | १३६ | १२८ | १२२८ |

**पीडित बालबालिकाको सङ्ख्या (१७ पुस २०७० - १७ चैत २०७०)**





कार्यालयबाट गएका प्रहरीहरू भनी उल्लेख गरेका छन्। जिल्ला प्रहरी कार्यालयले जाहेरी बुझ्न आनाकानी गरेपछि हुलाकबाट पठाइएको इसराफिलले बताए। जिल्ला प्रहरी कार्यालयले जाहेरी दर्ता नगरी यो घटनालाई भवितव्य ज्यानमा अभिलेख गरेको छ जसको दर्ता नम्बर १३३ रहेको छ। पीडित पक्षले भने जिल्ला प्रहरी कार्यालयले मुद्दा दर्ता नगरेको भन्दै पुनरावेदन अदालतमा ०७० चैत ६ गते जिल्ला प्रहरी कार्यालयको नाउँमा परमादेश जारी गर्न निवेदन गरेका छन्। महोत्तरी प्रहरीका अनुसार गस्तीमा रहेको प्रहरी टोलीलाई देख्नासाथ प्रहरीलाई लक्षित गर्दै गोली चलाएकाले प्रहरीको जवाफी कारबाहीमा शेराजुलको मृत्यु भएको हो। आक्रमणकारी १० जना जतिको सङ्ख्यामा रहेको र एक जनाको मृत्युपछि अन्य भाग्न सफल भएको प्रहरीको भनाइ छ। मृतको साथबाट एक पेस्तोल बरामद भएको प्रहरीले जनायो।

अमानवीय व्यवहार गरिएका घटनामा १४ जना, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार उल्लङ्घनका घटनामा तीन जना पीडित भए। भेला तथा सङ्गठित हुने अधिकारअन्तर्गत ३२ जना र जातीय विभेदका घटनामा २८ जना पीडित भए।

राज्यपक्षद्वारा गरिएको गिरफ्तारी र यातनाका

**घरेलु हिंसा बढी भएका १० जिल्ला (१७ पुस २०७० - १७ चैत २०७०)**




घटनामा २२ जना पीडित भए। प्रहरी हिरासतमा राखिएका एक जनाको मृत्यु भयो। कुटपिटका घटनामा राज्यपक्षबाट २२ जना र गैरराज्यपक्षबाट ४४ जना पीडित भए। धम्कीका घटनामा राज्यपक्षबाट ८ जना र गैरराज्यपक्षबाट तीन जना गरी ११ जना पीडित भए।

यी तीन महिनामा महिला विरुद्धका ७ सय ६६ घटना अभिलेखित भए। यो अवधिमा परिवारजनबाट २० जना महिलाको हत्या भयो। दाइजो नल्याएको आरोपमा दुई जना महिलाको हत्या भयो भने सोही कारण पाँच जना महिलाले घरेलु हिंसा व्यहोर्नु पर्‍यो। महिला हिंसाका अन्य घटनामा जबरजस्ती गर्भपतन गराएको घटनामा एक जना, महिला बेचबिखनको प्रयासका घटनामा ६ जना, घरेलु हिंसाका घटनामा ५ सय ७५ जना, बोक्सीको आरोप २० जना, बहुविवाहका घटनामा ६७ जना, बलात्कारका घटनामा ४४ जना, बलात्कार प्रयासका घटनामा २१ जना, यौन दुर्व्यवहारका घटनामा १५ जना, धम्कीका घटनामा १ जना, महिलाबेचबिखनका घटनामा १७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गरेको छ। अधिकांश घरेलु हिंसाका घटनामा खान लाउन नदिएको, घरनिकाला गरेको, बहुविवाह गरेको, परपुरुषसँग सम्बन्ध राखेको आरोपमा महिला माथि हिंसा हुने गरेका छन्। यो अवधिमा सबैभन्दा बढी काठमाडौँमा १ सय १७ जना महिला पीडित भए। यसैगरी मोरङमा २९ जना, रौतहटमा २८ जना, कैलालीमा २५ जना, खोटाङमा २५ जना महिला पीडित भए। घरेलु हिंसाका कारण महिलाको मृत्यु भएको र पीडितका आफन्तले प्रहरीमा उजुरी समेत दिने गरेको भए पनि आत्महत्यालाई फौजदारी अपराधका रूपमा नलिइने भएकोले प्रहरीले त्यस प्रकारका घटनाहरू दर्ता गरेको पाइएन।

बाजुरा जिल्ला पाण्डुसेन गाविस-७ अगाउँपानी घर भएकी १९ वर्षीया लाक्मा डोल्मा थापाले ०७० फागुन २ गते मार्तडीको बाउलीमा रहेको जेठाजुको घरमा झुण्डिएर आत्महत्या गरेको भनी उनका माइती पक्षले आत्महत्या नभई हत्या भएको भन्दै जिल्ला प्रहरी कार्यालय, बाजुरामा जाहेरी निवेदन दिएको भए पनि प्रहरीले उक्त निवेदन दर्ता गरेन।

यी तीन महिनाको अवधिमा परिवारजनबाट २० जना महिलाको हत्या भयो। यो सङ्ख्या क्रमश: सिरहा, सप्तरी, नवलपरासी र मोरङ जिल्लामा दुई दुई

**उमेरका आधारमा बलात्कार, यौन दुर्व्यवहारका पीडितको सङ्ख्या (१७ पुस २०७० – १७ चैत २०७०)**




जना रहेको छ। दाइजो नल्याएको, परपुरुषसँग सम्बन्ध कायम गरेको आदि कारण परिवारजनबाट महिलाको हत्या हुने गरेको छ।

सप्तरी जिल्ला राजविराज नपा-७ की २२ वर्षीया नजराना खातुनलाई फागुन २४ गते दिउँसो २.०० बजे सासू ४४ वर्षीया मनी बिबी भनिने बानो खातुन र जेठानी २० वर्षीया नुरजहाँ खातुनले घरमा सुतिरहेका समयमा मट्टितेल छर्केर आगो लगाएको आरोपमा आरोपितहरूलाई प्रहरीले फागुन २४ गते घटनास्थलबाट गिरफ्तार गर्‍यो। पीडितको धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा फागुन २४ गते राति मृत्यु भयो। लासको पोस्टमार्टम वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा फागुन २५ गते भयो। मृत्यु हुनु पूर्व पीडितले प्रहरीसमक्ष आरोपित सासू र जेठानीले आगो लगाएको बयान दिएकी थिइन्। पीडितका बुवा सुनसरी मधुवन गाविस-५ का फुल हुसैनले जिल्ला प्रहरी कार्यालयमा फागुन २५ गते उजुरी दिएका थिए। प्रहरीले आरोपितविरुद्ध कर्तव्य ज्यानसम्बन्धी मुद्दा फागुन २६ गते दर्ता गरेको थियो। पीडितका पति र जेठाजु वैदेशिक रोजगारीमा साउदी अरबमा छन् भने मृतकको एक वर्षीया छोरी छन्। पीडित सात महिनाकी गर्भवती थिइन्।


नवलपरासी जिल्ला बेनिमणिपुर गाविस-७ घर भई सोही गाविस-३ स्थित माइतीघरमा नौ महिनादेखि बस्दै आएकी ३५ वर्षीया लक्ष्मी सिंह ठकुरीलाई ०७० माघ १६ गते सामान्य विवादका क्रममा बाबु ५९ वर्षीय कृष्णप्रसाद सापकोटाले हत्या गरी घर नजिकैको खेतमा खाल्टो खनेर गाडेको भन्दै स्थानीयबासीले माघ १८ गते  इलाका प्रहरी कार्यालय कावासोतीमा किटानी जाहेरी दिए। आरोपित कृष्णप्रसादलाई प्रहरीले माघ १९ गते गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दामा अनुसन्धान गरेकोमा जिल्ला अदालतको फागुन १४ गतेको आदेशले पुर्पक्षका लागि थुनामा छन्।

कानुनहरूको कमजोर कार्यान्यवयन महिलामाथि हुने हिंसा रोक्न बाधक हुने गरेको तथ्य सबैका सामु छर्लङ्ग हुँदाहुँदै पनि कानुनको प्रभावकारी कार्यान्वयनतर्फ सरकारी सोच बृहत हुन सकेको छैन। समाजमा व्याप्त कुरीति र अन्धविश्वासको उचित सम्बोधन नहुँदा समाजमा महिला हिंसाका घटनामा बढोत्तरी भइरहेको छ। कुनै घटना हुँदा जागरुक हुने सरकार घटनाको जरो पत्ता लगाउनेतर्फ सक्रिय नहुँदा समस्या ज्यूँ का त्यूँ नै रहने गर्छ। पाठ्यक्रममा यथोचित सुधार, जनचेतामा अभिबृद्धि गर्ने खालका कार्यक्रम लागु गर्न सकिए महिला हिंसाका घटनामा कमी ल्याउन मद्दत

**महिला विरुद्ध हिंसाका घटनामा पीडितको सङ्ख्या (१७ पुस २०७० – १७ चैत २०७०)**



**१८ वर्षभन्दा कम उमेरका पीडितको सङ्ख्या (१७ पुस २०७० - १७ चैत २०७०)**




पुग्नेमा दुई मत हुन सक्दैन। घरेलु हिंसा नियन्त्रण तथा सजाय ऐनमा भएको मेलमिलापको प्रावधानलाई टेकेर हाल देशभरका प्रहरी कार्यालयमा दर्ता भएका घरेलु हिंसाका घटनामा मिलापत्र गर्ने परिपाटी विकास भएको छ।

देश सङ्क्रमणकालमा गुज्रिरहेको छ। विगतमा संविधानसभा संविधान नबनाइ विघटन भएको देखेका जनता यो संविधानसभाले पनि संविधान बनाउँदैन की भनेर आशङ्का गरिरहेका छन्। र, यो आशङ्कालाई मलजल पुऱ्याएको छ राजनीतिक दलका क्रियाकलापले। संविधानसभाको बैठक नियमित नबस्ने र बसेका बेला पनि राजनीतिक दलका शीर्ष नेता उपस्थित नहुने पुरानै रोग यो संविधानसभामा पनि सरेको छ। सङ्क्रमणकालीन न्यायका विषयहरू सम्बोधन हुन नसक्दा सशस्त्र द्वन्द्वका पीडितहरुले अझै न्याय पाउन सकेका छैनन्। आफ्ना छोराको हत्यामा संलग्नलाई कारबाहीको माग गर्दै आमरण अनशनमा बसेका गङ्गाप्रसाद अधिकारी तथा नन्दमाया अधिकारीको माग सम्बोधन गर्न राज्य चुकेको छ। अर्कोतिर अपराधमा संलग्न भनिएकालाई कारबाहीको प्रक्रिया अगाडि नबढाउन एनेकपा माओवादी र एमाओवादीले सरकारलाई चेतावनी दिएका छन्। सशस्त्र द्वन्द्वका सबै खाले विषय सत्य निरुपण तथा मेलमिलाप आयोग मार्फत् टुङ्ग्याउनुपर्ने उनीहरूको अडान छ। सैद्धान्तिक बेमेलका कारण पार्टी विभाजनसमेत गरेका माओवादीहरू आफ्ना कार्यकर्तालाई कारबाही गर्ने प्रक्रियाको विरोधमा रहेका छन्। चितवन प्रहरीले अधिकारी घटना प्रकरणको अनुसन्धानका लागि गिरफ्तार गरेका माओवादी कार्यकर्ताको रिहाइको माग गर्दै दुवै एमाओवादी र नेकपा-माओवादी सडकमा उत्रिएका थिए।

जनताको नागरिक तथा राजनीतिक अधिकारमा सुधार भएको भए पनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सवालमा राज्यले आफ्नो दायित्व निर्वाह गर्न सकेन। शिक्षा, स्वास्थ्य र खाद्य अधिकारको अवस्थामा यी तीन महिनामा पनि सुधार हुन सकेन। स्वास्थ्य संस्थामा रहेको दरबन्दी अनुसारका स्वास्थ्यकर्मी उपलब्ध भएनन्। देशभरका कारागारमा क्षमता भन्दा बढी कैदी बन्दी भएका कारण कारागारको जीवन कष्टप्रद रहेको इन्सेक जिल्ला प्रतिनिधिले गरेको अनुगमनका क्रममा फेला पऱ्यो।

# तीन महिनाका प्रतिनिधिमूलक घटना

**(०७० पुस १७ तदनुसार जनवरी २०१४ देखि ०७० चैत १७ मार्च २०१४ सम्म)**

## पूर्वाञ्चल

### अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

***(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)***

**धनकुटा**

सप्तरी जिल्ला बभनगामाकट्टी गाविस-३ स्थायी घर भई कान्तिपुर दैनिकका धनकुटा सम्वाददाता ३५ वर्षीय अवधेशकुमार झालाई ०७० माघ १५ गते जिल्ला प्रहरी कार्यालयका लेखापाल, सई ३४ वर्षीया प्रतिमा राईले पत्रिकामा गलत समाचार प्रकाशित गरेको आरोपमा धम्की दिएका कारण असुरक्षा भएको भन्दै पत्रकार झाले सोही दिन नेपाल पत्रकार महासङ्घ धनकुटा शाखामा लिखित निवेदन दिए। कान्तिपुर दैनिकमा माघ १५ गते प्रकाशित "प्रहरीले पोशाक सिलाइ खर्च पाएनन्" शीर्षकको समाचारको विषयलाई लिएर मोवाइलमार्फत् सई राईले समाचार लेख्नेशैली थाहा नभएको भन्दै धक्याएको पीडितले दिएको उजुरीमा उल्लेख गरिएको छ। आरोपितले पीडितलाई धम्क्याउँदै जिल्ला प्रहरी कार्यालयमा बोलाएपछि उनी प्रहरी कार्यालय पुगेका थिए। कार्यालय पुगेर डीएसपी रामेश्वर कार्कीसँग कुरा राख्न नपाउँदै सई राईलगायतका विभिन्न दर्जाका केही प्रहरी कर्मचारीले कार्यालय परिसरमा नै पुन: धम्क्याउँदै गालीगलौज गरेका थिए। झाले महासङ्घमा दिएको निवेदनपछि नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य सिद्धराज राईको नेतृत्वमा पत्रकारहरूको टोली जिल्ला प्रहरी कार्यालय पुगेको थियो। सो टोलीसँग जिल्ला प्रहरी प्रमुख एसपी ईश्वरीप्रसाद चापागाईले मातहतका कर्मचारीबाट गल्ती भएको भन्दै माफी मागेका थिए। उनले कान्तिपुर दैनिकमा प्रकाशित समाचार प्रहरीको हितमा रहेको र मातहतका कर्मचारीबाट पत्रकार झामाथि भएको दुर्व्यवहारप्रति दु:ख व्यक्त गर्दै आगामी दिनमा यस्ता घटनाहरू दोहोरिन नदिने प्रतिबद्धता व्यक्त गरेका थिए। नेपाल पत्रकार महासङ्घ, प्रेस चौतारी नेपाल र साझा सञ्चार नेपालले घटना भएकै दिन विज्ञप्ति जारी गरी दोषीलाई कारबाहीको माग गरेका थिए।

### बालअधिकार

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

**झापा**

चार वर्षीया एक बालिकालाई ०७० माघ ३ बिहान चारपाने गाविस- ३ का १५ वर्षीय बालकले घरमा एक्लै भएको समयमा पीडितकै घरमा बलात्कार गरेको आरोपमा प्रहरीले आरोपितलाई माघ ३ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको ०७० माघ ४ गते मेची अञ्चल अस्पताल भद्रपुरमा स्वास्थ्य परीक्षण भएको थियो। आरोपितविरुद्ध बालिकाको परिवारले माघ ३ गते प्रहरीमा उजुरी दियो। जिल्ला अदालतको आदेशमा आरोपित ०७० माघ २७ गतेदेखि बालसुधारगृह विराटनगरमा रहेका छन्।

**पाँचथर**

१७ वर्षीया एक बालिकालाई ०७० माघ २ गते बलात्कार गरेको आरोपमा रानीगाउँ गाविस- ७ का १७ वर्षीय वीरबहादुर नेपालीलाई प्रहरीले माघ २ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण तथा उपचार माघ २ गते जिल्ला अस्पताल पाँचथरमा भयो। उनका आफन्तले जिल्ला प्रहरी कार्यालयमा आरोपितविरुद्ध माघ २ गते जबरजस्ती करणीसम्बन्धी मुद्दामा उजुरी दर्ता गराए। जिल्ला अदातलको आदेशमा आरोपित माघ २३ गतेदेखि पुर्पक्षका लागि कारागार कार्यालय फिदिममा थुनामा छन्।

**ताप्लेजुङ**

छ वर्षीया एक बालिकालाई ०७० चैत ३ गते लेलेप गाविस-२ का ३५ वर्षीय सागर फेम्बो लिम्बूले पीडितको घरनजिकैको ओढारमा लगेर बलात्कारको प्रयास गरेको भन्दै पीडितका अभिभावकले जिल्ला प्रहरी कार्यालयमा ०७० चैत ८ गते जाहेरी दिए। बालिकाको स्वास्थ्य परीक्षण चैत ८ गते जिल्ला अस्पतालमा भएको थियो। आरोपितलाई प्रहरीले चैत ९ गते बाटोबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित चैत ३० गतेदेखि कारागार कार्यालय फुङ्लिङमा थुनामा छन्।

**सुनसरी**

१५ वर्षीया एक बालिकालाई ०७० पुस २२ गते बलात्कार गरेको आरोपमा सिमरिया गाविस-८ का २२ वर्षीय शिरिषलाल उराँवलाई इलाका प्रहरी कार्यालय दुहबीले माघ ४ गते गिरफ्तार गऱ्यो। बालिकाको पुस २७ गते नै इटहरीको सामुदायिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य परीक्षण भएको थियो । इटहरी नपा-७ स्थित एक उद्योगमा

कार्यरत उराँवले त्यहीँ काम गर्ने बालिकालाई कार्यस्थलमा एक्लै भएका समयमा बलात्कार गरेको भन्दै पीडितका बाबुले पुस २७ गते इलाका प्रहरी कार्यालय इटहरीमा जाहेरी दिएका थिए। उराँवलाई इलाका प्रहरी कार्यालय दुहबीले माघ ४ गिरफ्तार गरी सोही दिन इलाका प्रहरी कार्यालय इटहरीमा बुझायो। उराँवविरुद्ध प्रहरीले माघ ५ गते जिल्ला अदालतमा मुद्दा दायर गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित माघ २४ गतेदेखि पुर्पक्षका लागि थुना क्षेत्रीय कारागार झुम्कामा थुनामा छन्।

**मोरङ**

पाँच वर्षीय एक बालक, छ र आठ वर्षीया दुई बालिकालाई ०७० माघ २० गते केराबारी गाविस-६ स्थित मिनिल्याण्ड एकेडेमीका शिक्षक ५५ वर्षीय किशोर तिम्सिनाले ट्युसन पढाउने क्रममा अप्राकृतिक मैथुन तथा यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। बालबालिकाका अभिभावकहरूले माघ २१ गते इलाका प्रहरी कार्यालय केराबारीमा उजुरी दिए। नर्सरी तथा एलकेजीमा अध्ययनरत ती बालबालिकाहरूलाई अभिभावक नभएको समयमा ट्युसन पढाउँदा मुखमैथुन र यौन दुर्व्यवहार गरेको भन्दै शिक्षकविरुद्ध प्रहरीमा उजुरी परेको थियो। जिल्ला अदालतका न्यायाधीश शेखरप्रसाद पौडेलको एकल इजलासको आदेशमा आरोपित फागुन २० गतेदेखि पुर्पक्षका लागि मोरङ कारागारमा थुनामा छन्।

### बेचबिखन तथा ओसारपसार

**मोरङ**

झापा जिल्ला शनिश्चरे गाविस- १ की १३ र १४ वर्षीया दुई बालिकालाई ०७० माघ ६ गते भारतको बनारसका २४ वर्षीय मनीष रस्तोगी तथा घाँग्राका १९ वर्षीय चाँडी पाडेयाले विभिन्न प्रलोभन देखाएर ललाइफकाइ भारततर्फ बेचबिखन गर्न लाँदै गरेको अवस्थामा विराटनगर उमनपा -२१ रानीबाट प्रहरीले गिरफ्तार गऱ्यो। पीडित परिवारले माघ ५ गते प्रहरीमा दिएको उजुरीका आधारमा सीमाक्षेत्रमा चेकजाँच गर्ने क्रममा दुवैलाई गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय रानीले जनायो। झापा जिल्लाको माइखोलाको मेलाबाट माघ ४ गते आरोपितले ती दुवै बालिकालाई ललाइफकाइ भारत लैजाँदै गर्दा प्रहरीले नियन्त्रणमा लिएको थियो। आरोपितद्वयलाई प्रहरीले मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दा चलाएको थियो। जिल्ला अदालतलको आदेशमा आरोपितद्वय ०७० फागुन १ गतेदेखि मोरङ कारागारमा पुर्पक्षका लागि थुनामा छन्।

### तेजाव खन्याएर घाइते

**सुनसरी**

मध्यहर्षाही गाविस-६ की १७ वर्षीया बालिकालाई ०७० फागुन १ गते तेजाब खन्याएको आरोपमा गौतमपुर गाविस-३ का १९ वर्षीय ओमप्रकाश मेहतालाई प्रहरीले फागुन १ गते नै गिरफ्तार गऱ्यो। प्रेमप्रस्ताव अस्वीकार गरेपछि घरबाट विद्यालय जाँदै गरेकी बालिकालाई तेजाब खन्याएको भन्दै पीडितका आफन्तले घटना भएकै दिन इलाका प्रहरी कार्यालय हरिनगरामा उजुरी दिएका थिए। गम्भीर घाइते रिङ्कुको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भयो । आरोपितविरुद्ध फागुन २६ गते प्रहरीले अदालतमा मुद्दा दायर गऱ्यो। जिल्ला अदालतका निमित्त श्रेस्तेदार ध्रुबविनोद पोखरेलको आदेशमा आरोपित फागुन २७ गतेदेखि क्षेत्रीय कारागार झुम्कामा पुर्पक्षका लागि थुनामा छन्।

**झापा**

इटहरी नपा-२ का ११ वर्षीय, १२ वर्षीय र १३ वर्षीय बालकहरूलाई ०७० फागुन १० गते कुटपिट गरेको आरोपमा इटहरी नपा-२ का ४७ वर्षीय विदुर अधिकारी, ४५ वर्षीय पूर्णबहादुर राई, हाँसपोसा गाविस-१ का ५० वर्षीय यज्ञबहादुर मगर र ४१ वर्षीय भरत मगरलाई इलाका प्रहरी कार्यालय इटहरीले फागुन १५ गते गिरफ्तार गऱ्यो। बालकहरूलाई पसलमा चोरी गरेको आरोपमा स्थानीय गाउँलेहरूले एउटै बाँसमा बाँधेर यातना दिएका थिए। इलाका प्रहरी कार्यालय इटहरीले ती बालकहरूको त्यसै दिन उद्धार गरी फागुन ११ गते परिवारलाई जिम्मा लगाएको थियो। बालकहरूलाई यातना दिएको आरोपमा पक्राउ परेका चारैजना विरुद्ध प्रहरीले फागुन १५ गते जिल्ला प्रशासनमा सार्वजनिक अपराध ऐनअन्तर्गत मुद्दा चलाएको थियो। आरोपित चारै जना जनही १० हजार रुपियाँ धरौटी राखेर फागुन २० गते जिल्ला प्रशासन कार्यालयबाट रिहा भए।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

**पाँचथर**

१९ वर्षीया एक महिलालाई ०७० फागुन २२ गते झापा जिल्ला गरामुनी गाविस-७ का २२ वर्षीय विजय श्रेष्ठ र सोही स्थानका २१ वर्षीय गणेश जोगीले

मानव बेचविखन गरेको आरोपमा पीडित महिलाले आरोपितहरूविरुद्ध जिल्ला प्रहरी कार्यालयमा चैत २ गते उजुरी दिइन्। पीडित महिलाको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल फिदिममा चैत २ गते भएको थियो। विवाह गर्ने बहानामा आरोपितद्वयले झापा र काठमाडौँमा चार-चार दिन बन्द कोठामा राखेको र विदेश जान दबाव दिन थालेपछि आफू बेचिन लागेको थाहा पाएर भागेको पीडितले दिएको उजुरीमा उल्लेख गरिएको छ। पीडितले उजुरी दिएकै दिन आरोपित श्रेष्ठलाई प्रहरीले गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित चैत २६ गतेदेखि पुर्पक्षका लागि कारागार कार्यालय फिदिममा थुनामा छन्। अर्का आरोपित गणेश जोगी फरार छन्।

## बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

**झापा**

२० वर्षीया एक युवतीलाई ०७० चैत ६ गते राति अनामरनी गाविस-७ का २३ वर्षीय विनोद दर्जीले पीडितकै घरमा बलात्कार प्रयास गरेको आरोपमा पीडितले चैत ७ गते इलाका प्रहरी कार्यालय विर्तामोडमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण मेची अञ्चल अस्पताल भद्रपुरमा चैत ९ गते भएको थियो। आरोपितलाई प्रहरीले चैत ७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित चैत २४ गतेदेखि झापा कारागारमा पुर्पक्षको लागि थुनामा रहेका छन्।

**इलाम**

२५ वर्षीया सुस्तमनस्थिति तथा अपाङ्गता भएकी एक महिलालाई ०७० माघ २२ गते बलात्कार गरेको आरोपमा जीतपुर गाविस- १ का ५७ वर्षीय सनबहादुर सिंजाली मगरलाई प्रहरीले माघ २८ गते साँझ गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालतमा माघ २६ गते भयो। आफ्नै घरमा बसिरहेकी ती महिला एक्लै भएको समयमा नबहादुरले बलात्कार गरेको भन्दै पीडितका ससुराले माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। जिल्ला अदालतको आदेशमा सनबहादुर ०७० फागुन २२ गतेदेखि पुर्पक्षकालागि इलाम कारागारमा थुनामा छन् ।

**ताप्लेजुङ**

३६ वर्षीया एक महिलालाई ०७० माघ ७ गते साँवादिन गाविस- ५ का ३४ वर्षीय तेजकुमार लिम्बूले बलात्कार प्रयास गरेको आरोपमा पीडितले ०७० माघ १० गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। महिलाको स्वास्थ्य परीक्षण माघ १० गते जिल्ला अस्पतालमा भएको थियो। आरोपित फरार छन्। आरोपितको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर नरेश महतोले बताए।

**सुनसरी**

४३ वर्षीया एक महिलालाई ०७० फागुन १२ गते राति खनार गाविस-३ का २७ वर्षीय सुनील गुरुङले बलात्कार गरेको भन्दै पीडितले फागुन १३ गते इलाका प्रहरी कार्यालय इटहरीमा उजुरी दिइन्। पीडित महिलाको स्वास्थ्य परीक्षण सामुदायिक अस्पताल इटहरीमा फागुन १३ गते भयो। घरमा कोही नभएको बेला आरोपित जबरजस्ती घरभित्र बलात्कार गरेको पीडितले दिएको उजुरीमा उल्लेख गरिएको छ। आरोपितलाई १३ गते प्रहरीले गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित चैत ९ गतेदेखि क्षेत्रीय कारागार झुम्कामा थुनामा छन्।

**तेह्रथुम**

२४ वर्षीया एक महिलालाई ०७० फागुन १४ गते सुङ्नाम गाविस-९ का ३० वर्षीय खगेन्द्रबहादुर रानामगरले साँझ पीडितकै घरमा हतियार देखाएर बलात्कार गरेको आरोपमा फागुन १६ गते प्रहरीले मुद्दा दर्ता गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण भएन। पीडितले आरोपितविरुद्ध इलाका प्रहरी कार्यालय बसन्तपुरमा फागुन १५ गते उजुरी दिइन्। आरोपित मगरले महिलालाई पति नभएको समयमा घरमा पसेर धारिलो हतियार देखाइ हत्या गर्ने धम्की दिएर बलात्कार गरेको ती महिलाले प्रहरीमा दिएको उजुरीमा उल्लेख गरिएको छ। आरोपितलाई प्रहरीले फागुन १५ गते गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित जबरजस्ती करणी ऐनअन्तर्गत मुद्दामा फागुन २२ गतेदेखि पुर्पक्षका लागि कारागार कार्यालय म्याङ्लुङमा थुनामा छन्।

**ओखलढुङ्गा**

२३ वर्षीया एक महिलालाई ०७० पुस १७ गते राति अँधेरी नारायणस्थान गाविस-७ का २२ वर्षीय लक्ष्मण राईले सुतिरहेको अवस्थामा ढोका फोडेर बलात्कार गर्ने प्रयास गरेको आरोपमा आरोपितलाई प्रहरीले पुस २० गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध पुस २२ गते जबरजस्ती करणी मुद्दा दर्ता गऱ्यो। पीडितले पुस २१ गते गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्। पीडितको स्वास्थ्य परीक्षण भएन। जिल्ला अदालतको आदेशमा आरोपित ०७० माघ १५ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार ओखलढुङ्गामा थुनामा छन्।

**उदयपुर**

४० वर्षीय वाक्यविहीन एक महिलालाई ०६९ पुस २८ गते राति ९.०० बजे सिरहा जिल्लाको रामनगर गाविस घर भई उदयपुरको त्रिवेणी गाविस- ९ मा व्यापार गर्ने २७ वर्षीय रामशरण साहले ललाइफकाइ सोही ठाउँको जङ्गलमा लगेर बलात्कार गरेको आरोपमा स्थानीयले आरोपितलाई घटनालगत्तै नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय कटारीमा बुझाए। पीडितको स्वास्थ्य परीक्षण पुस २९ गते जिल्ला अस्पताल गाईघाटमा भयो। पीडित पक्षले पुस २९ गते इलाका प्रहरी कार्यालय कटारीमा आरोपितविरुद्ध उजुरी दियो। पुस २८ गते गिरफ्तारीमा परेका आरोपितलाई प्रहरीले माघ २० गते जिल्ला सरकारी वकिल कार्यालयमा जबरजस्ती करणीसम्बन्धी मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको आदेशमा आरोपित माघ २२ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

## *घरेलु हिंसा*

### परिवारजनबाट हत्या

**पाँचथर**

नागी गाविस-६ का ३२ वर्षीया कमला अधिकारीको हत्या गरेको भन्दै उनका पति ३५ वर्षीय डिल्ली अधिकारी, ससुरा ७२ वर्षीय चिन्तमणी अधिकारी, सासू ६२ वर्षीया तुलसा अधिकारी र नन्द ३३ वर्षीया चन्द्रकला कुँईकेलविरुद्ध ०७० माघ १९ गते पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। ०७० कात्तिक २ गतेदेखि बेपत्ता भएकी उनको लास कुहिएर नचिनिने अवस्थामा अमरपुर गाविस-१ स्थित जङ्गलमा माघ १७ गते फेला परेको थियो। उनले लगाएको कपडाबाट स्थानीयले लासको पहिचान गरेका थिए। लासको पोस्टमार्टम जिल्ला अस्पताल फिदिममा माघ १८ गते भएको थियो। प्रहरीले घटनाका आरोपितहरूमध्ये पतिलाई माघ २६ गते तथा ससुरा र नन्दलाई फागुन ५ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको आदेशमा आरोपित डिल्ली, चिन्तमण र तुलसा फागुन २० गतेदेखि पुर्पक्षका लागि कारागार कार्यालय फिदिममा थुनामा छन्।

**मोरङ**

इलाम जिल्ला बाँझो गाविस-८ घर भई टाँडी गाविस-१ का दीपेन्द्र खड्काको घरमा पाहुनाका रूपमा बसेको समयमा ३२ वर्षीय पुष्पा लिम्बूलाई ०७० चैत १४ गते राति पति २८ वर्षीय कुमार लिम्बूले खुकुरीले पेटमा हानी गम्भीर घाइते बनाए। घाइतेलाई उपचारको लागि अस्पताल लाँदै गर्दा सोही राति बाटोमै मृत्यु भयो। आरोपितले घटनालगतै आफ्नो पेटमा समेत खुकुरी प्रहार गरी उनी गम्भीर घाइते भएका थिए । दुवै जनालाई उपचारको लागि धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लैजाने क्रममा पत्नीको बाटोमै मृत्यु भयो भने पतिको उपचारको क्रममा चैत १५ गते मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनायो। दुवै लासको पोस्टमार्टम सोही प्रतिष्ठानमा चैत १५ गते भएको थियो। दुवै लास प्रहरीले परिवारको जिम्मा लगाएको थियो।

**सप्तरी**

राजविराज नपा-७ की २२ वर्षीया नजराना खातुनलाई फागुन २४ गते दिउँसो २.०० बजे सासू ४४ वर्षीया मनी बिबी भनिने बानो खातुन र जेठानी २० वर्षीया नुरजहाँ खातुनले घरमा सुतिरहेका समयमा मट्टितेल छर्केर आगो लगाएको आरोपमा आरोपितहरूलाई प्रहरीले फागुन २४ गते घटनास्थलबाट गिरफ्तार गर्‍यो। पीडितको धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा फागुन २४ गते राति मृत्यु भएको थियो। लासको पोस्टमार्टम विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा फागुन २५ गते भयो। मृत्यु हुनु पूर्व पीडितले प्रहरीसमक्ष आरोपित सासू र जेठानीले आगो लगाएको बयान दिएकी थिइन्। पीडितका बुवा सुनसरी मधुवन गाविस-५ का फुल हुसैनले जिल्ला प्रहरी कार्यालयमा फागुन २५ गते उजुरी दिएका थिए। प्रहरीले आरोपितविरुद्ध कर्तव्य ज्यानसम्बन्धी मुद्दा फागुन २६ गते दर्ता गरेको थियो। पीडितका पति र जेठाजु वैदेशिक रोजगारीमा साउदी अरबमा छन् भने मृतकको एक वर्षीया छोरी छन्। जिल्ला न्यायाधीश रामप्रसाद अधिकारीको इजलाशको आदेशमा आरोपितहरू चैत २४ गतेदेखि राजविराज कारागारमा पुर्पक्षका लागि थुनामा छन्। पीडित सात महिनाकी गर्भवती थिइन्।

### कथित बोक्सीको आरोप

**सिरहा**

असनपुर गाविस-२ की ४५ वर्षीया सबुरदेवी यादवलाई ०७० फागुन १९ गते सोही ठाउँका ४२ वर्षीय महेन्द्र यादव, ५० वर्षीय बद्री यादव र जमुना यादवले बोक्सीको आरोपमा कुटपिट गरेको भन्दै पीडितले फागुन २१ गते इलाका प्रहरी कार्यालय मिर्चैयामा किटानी जाहेरी दिइन्। पीडितका भतिजा १६ वर्षीय अशोक यादवले प्रतिकार गर्दा आरोपितहरूले उनलाई पनि

कुटपिट गरेका थिए। घाइते सबुरी र अशोकको गोलबजारस्थित श्रीराम अस्पतालमा उपचार भएको थियो। इलाका प्रहरी कार्यालय मिर्चैयाले आरोपितहरू बद्री र महेन्द्रलाई फागुन १९ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालत आदेशमा आरोपितहरू चैत ५ गते जनही सात हजार रुपियाँ धरौटी राखेर रिहा भए।

## सबै प्रकारका जातीय विभेद

धरान नपा-२ का ३३ वर्षीय अजय मरिक, ३० वर्षीय रीता मरिक र ३१ वर्षीय विनोद बास्वरलाई ०७० पुस २० गते धरान नपा-४ को पार्वती स्वीटस् एण्ड फास्टफुड होटलका सञ्चालक ५५ वर्षीय नन्दलाल साह र उनका छोरा २५ वर्षीय राजकिशोर साहले 'डोमलाई चिया नदिने' भनी दुर्व्यवहार गरे। पीडितहरूले इलाका प्रहरी कार्यलय धरानमा पुस २० गते नै उजुरी गरेका थिए। इलाका प्रहरी कार्यालय धरानले होटल सञ्चालक साह र उनका छोरालाई २१ गते गिरफ्तार गरी जिल्ला अदालतमा मुद्दा चलायो। अदालतले पुस ३० गते साहका बाबु छोरालाई ५/५ हजार रुपियाँ धरौटी लिएर छाड्ने आदेश दियो। उनीहरू अदालतले तोकेको धरौटी रकम राखेर पुस ३० गते रिहा भएका थिए।

### सिरहा

चन्द्रोउदयपुर गाविस-७ का दलितहरूमाथि ०७० फागुन १२ गते सोही गाविस -६ का गैरदलितहरूले इनार छोएको निहुँमा घरघरमा पसेर कुटपिट गरेको आरोपमा पीडितहरूले इलाका प्रहरी कार्यालय मिर्चैयामा जातीय छुवाछूत तथा कसुर सजाय ऐन २०६८ अन्तर्गत कारबाहीको लागि फागुन १६ गते जाहेरी दिए। इनारमा पानी भर्न गएका दलितहरूलाई गैरदलितहरूले 'पानी नभर्न' भन्दै धम्क्याएका थिए। घटना पछि दुवै पक्षबीच विवाद भएको थियो। सोही विवादको विषयलाई लिएर चन्द्रउदयपुर गाविस-६ का २५ वर्षीय विजय लामा, २५ वर्षीय अशोक मगर, २७ वर्षीय भुषण लामा, २३ वर्षीया पूर्णी लामा, २४ वर्षीया शारदा लामा, २९ वर्षीय अजय लामा, २४ वर्षीया इन्जुदेवी लामाले दलितहरूमाथि घरेलु हतियार लाठी तथा ढुङ्गाले आक्रमण गरेका थिए। आक्रमणबाट ४० वर्षीया सुमारीदेवी सदाय, ३५ वर्षीया पंचीदेवी सदाय, ३४ वर्षीया सोनावती सदाय, २८ वर्षीया जहरी सदा, १५ वर्षीय अपा सञ्जीत सदा, २८ वर्षीया श्यामदेवी सदा घाइते भएका थिए। घाइतेहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भएको थियो। इलाका प्रहरी कार्यालय मिर्चैयाले घटनाको आरोपितहरू शारदा, अशोक, र भुषण २४ वर्षीय शिवा लामालाई फागुन २६ गते गिरफ्तार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपितहरू ०७० चैत ६ गते जनही सात हजार रुपियाँ धरौटीमा रिहा भएका थिए।

### खोटाङ

बतासे गाविस-२ निवासी १५ वर्षीय विजय विश्वकर्मा, १६ वर्षीय अमिन विश्वकर्मा र १५ वर्षीय टेकराज विश्वकर्मालाई ०७० चैत ५ गते एसएलसी परीक्षा दिन सिम्पानी गाविस-८ स्थित सिम्पानी उच्च मावि परीक्षा केन्द्र पुगेका २४ वर्षीय जितेन्द्र खड्काले दलित भएको आरोपमा डेराबाट निकाला गरे। बतासे गाविसस्थित जनता उच्च मावि भण्डारी डाँडाबाट एसएलसी परीक्षा दिन उनीहरू त्यहाँ गएका थिए। काठमाडौंमा रहेका सिम्पानी गाविस-८ का राजेन्द्र खड्काको घरमा कोठा भाडा लिएर बसेका परीक्षार्थीलाई दलित भएको थाहा भएपछि घर हेरचाह गर्दै आएका जितेन्द्र खड्काले कोठाबाट निकालेका थिए। एसएलसी अवधिभर प्रतिव्यक्ति आठ सय रुपियाँ भाडा लिनेदिने सर्तमा ती विद्यार्थीहरू खड्काको घरमा बसेका थिए। एसएलसी शुरु हुनुभन्दा अघिल्लो दिन कोठामा पुगेका परीक्षार्थीलाई दलित भएको थाहा भएपछि कोठाबाट निकाला गरिएको नेपाल राष्ट्रिय दलित कल्याण सङ्घ बतासेका अध्यक्ष बलबहादुर विश्वकर्माले बताए। कोठाबाट निकालिएपछि तीन विद्यार्थीहरूले स्थानीय शंकर खड्काको घरमा बसेर परीक्षा दिएका थिए। पीडितहरूले कहीँ उजुरी दिएनन्। आरोपितलाई कारबाही भएन।

### सप्तरी

फकिरा गाविसका सचिव बोरिया गाविस-७ का रामप्रसाद दासलाई ०७० माघ १३ गते दिउँसो फकिरा गाविस-३ का २१ वर्षीय शिवनाथकुमार शर्मा सुतिहारले फकिरा गाविस-५ स्थित गाविसको कार्यालयमा काम गरिरहेका बेला कुटपिट गरेको आरोपमा पीडितले माघ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। गाउँ परिषद् सम्पन्न भएको समाचार स्थानीय एफएममा प्रसारण गरेको भन्दै आरोपितले पीडितलाई गालीगलौज र कुटपिट गरेको उजुरीमा उल्लेख छ। आरोपितलाई प्रहरीले ०७० माघ १५ गते गिरफ्तार गरी सोही दिन केही सार्वजनिक अपराधअन्तर्गत मुद्दा दर्ता गरेको थियो। सिडिओ रामाधिन यादवको आदेशले आरोपित माघ २८ गते दुई हजार रुपियाँ धरौटीमा रिहा भए।

# मध्यमाञ्चल

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्ने अधिकार

### हत्या

#### राज्यबाट

**महोत्तरी**

रामगोपालपुर गाविस-१ निवासी २८ वर्षीय जकाउल्लाह नदाफलाई नेपाल भारत सीमावर्ती क्षेत्रमा पर्ने महोत्तरी जिल्लाको हलखोरी गाविस-२ मा ०७० माघ १९ गते बिहान प्रहरीले गोली हानी हत्या गऱ्यो। नदाफको प्रहरीसँगको भिडन्तमा गोली लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका एसपी रामप्रसाद श्रेष्ठले बताए। जलेश्वर अस्पतालमा माघ १९ गते लासको पोष्टमार्टम गरिए पनि ०७० माघ २२ गते मात्र परिवारजनले सनाखत गरी लास बुझेका थिए। मृतकको छातीमा र पेटमा गोली लागेको थियो। एसपी श्रेष्ठका अनुसार प्रहरी गस्ती टोलीलाई देख्नासाथ प्रहरीलाई लक्षित गर्दै लगातार फायरिङ गरेपछि प्रहरीले जवाफी फायरिङ गर्दा नदाफको मृत्यु भएको थियो। घटनास्थल वरपर एक थान कट्टुवा पेस्तोल र त्यसमा लाग्ने गोलीको खोखा, एक थान सिक्सर र त्यसमा लाग्ने तीन गोली फेला परेको प्रहरीले जनायो। मृतकका पिता अब्दुल सलाम नदाफले छोरालाई प्रहरीले गिरफ्तार गरेर हत्या गरेको आरोप लगाए।

बदियाबन्चौरी गाविस-२ का २५ वर्षीय मोहम्मद शेराजुल मन्सुरीलाई सोनमा गाविस-५ मा ०७० माघ २३ गते बिहान प्रहरीले गोली हानी हत्या गऱ्यो। मृतकको सोही दिन जलेश्वर अस्पतालमा पोष्टमार्टम गरिएको थियो। सुरुमा सनाखत हुन नसकेको लास ०७० फागुन १ गते परिवारजनले सनाखत गरी बुझेका थिए। भाइलाई प्रहरीले गिरफ्तार गरेर हत्या गरी भिडन्तको नाटक रचेको भन्दै मृतकका दाजु ३५ वर्षीय इसराफिल मन्सुरीले ०७० फागुन १ गते जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख एसपी रामप्रसाद श्रेष्ठलगायत चार जना प्रहरी अधिकारी विरुद्ध जाहेरी दिए। इसराफिलले कर्तव्य ज्यानको जाहेरीमा विपक्षी बनाएका एसपी श्रेष्ठ बाहेक इलाका प्रहरी कार्यालय बलवाका प्रमुख मोहम्मद नुरुल, थर थाहा नभएका प्रहरी हवल्दार राकेश र जिल्ला प्रहरी कार्यालयबाट गएका प्रहरीहरू भनी उल्लेख गरेका छन्। जिल्ला प्रहरी कार्यालयले जाहेरी बुझ्न आनाकानी गरेपछि हुलाकबाट पठाइएको इसराफिलले बताए। जिल्ला प्रहरी कार्यालयले जाहेरी दर्ता नगरी यो घटनालाई भवितब्य ज्यानमा अभिलेख गरेको छ जसको दर्ता नम्बर १३३ रहेको छ। पीडित पक्षले भने जिल्ला प्रहरी कार्यालयले मुद्दा दर्ता नगरेको भन्दै पुनरावेदन अदालतमा ०७० चैत ६ गते जिल्ला प्रहरी कार्यालयको नाउँमा परमादेश जारी गर्न माग गर्दै निवेदन गरेका छन्। महोत्तरी प्रहरीका अनुसार गस्तीमा रहेको प्रहरी टोलीलाई देख्नासाथ प्रहरीलाई लक्षित गर्दै गोली चलाएकाले प्रहरीको जवाफी कारबाहीमा शेराजुलको मृत्यु भएको हो। आक्रमणकारी १० जना जतिको सङ्ख्यामा रहेको र एक जनाको मृत्युपछि अन्य भाग्न सफल भएको प्रहरीको भनाइ छ। मृतको साथबाट एक पेस्तोल बरामद भएको प्रहरीले जनायो।

#### अन्यबाट

**धादिङ**

नुवाकोट जिल्ला सामरी गाविस-९ परमाचेत निवासी काठमाडौँ जिल्ला समिति ६ नम्बर निर्वाचन क्षेत्र एकाइ समितिका सदस्य २५ वर्षीय पहलमान तामाङ 'पवन' को ०७० माघ २४ गते राती सेमजोङ गाविसमा काङ्ग्रेस धादिङ र नुवाकोट जिल्लाका कार्यकर्ताहरूले हत्या गरेको वाईसीएल नेवा राज्य समितिले आरोप लगाएको छ। हत्यामा धादिङ जिल्ला धुँवाकोट गाविस-१ का २८ वर्षीय राजकुमार तामाङको नेतृत्वमा उनकै भाइ नकूल तामाङ, सेमजोङ गाविस-८ धाराधिरिका २६ वर्षीय 'नाचोक' भनिने साजन गुरुङ, ३० वर्षीय गोले तमाङ, सेमजोङ गाविस-६ टिकाढुङ्गाका २२ वर्षीय धोवि गुरुङ, सेमजोङ गाविस-२ गैराका २१ वर्षीय गोरे तामाङ र नुवाकोट जिल्ला सामरी गाविसका २४ वर्षीय सोमबहादुर तामाङसमेत संलग्न रहेको आरोप लगायो। हत्याको खबरले आफ्नो पार्टीलाई समेत दुःखीत बनाएकाले उक्त घटनामा पार्टी कार्यकर्ताको संलग्नता नरहेको भन्दै माघ २६ गते काङ्ग्रेस जिल्ला कार्यालयले विज्ञप्ति जारी गरी घटनाको अनुसन्धान गरी दोषीलाई कारबाही गर्न माग गरेको थियो। नुवाकोट जिल्ला सामरी गाविस-९ परमाचेत घर भएका तामाङ धादिङ जिल्लाको सेमजाङ गाविस-६, टिकाढुङ्गामा रहेको आफ्नो ससुराली घरमा आएको बेला हत्या भएको थियो। हत्यामा संलग्न भएको आशङ्कामा धादिङबाट खटिगएको प्रहरी टोलीले १० जना व्यक्तिलाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय धादिङका इन्स्पेक्टर दिपेन्द्र पँजियारले जनाए पनि गिरफ्तारीमा परेका उनीहरू घटनामा संलग्न नरहेको भन्दै रिहा गऱ्यो। मृतकको शवको माघ २५ गते जिल्ला अस्पताल धादिङबेसीमा पोष्टमार्टमपछि आफन्तहरूलाई बुझाइएको प्रहरीले जनायो। घटनामा संलग्नलाई हालसम्म गिरफ्तार गर्न सकेको छैन।

## गोली/विस्फोटक पदार्थद्वारा घाइते

### धनुषा

श्री उच्चमावि धबौली परीक्षा केन्द्रमा ०७० चैत ११ गते बिहान एसएलसी परीक्षा बहिस्कार गराउन गएको विद्यार्थीहरूमाथि प्रहरीले चलाएको गोलीको छर्रा लागेर बालाबाखर गाविस-४ का १७ वर्षीय सन्तोषकुमार यादव र यदुकुहा गाविस-३ का १७ वर्षीय राधेकुमार हाथी घाइते भएको स्थानीयले बताए। घाइते उनीहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार सम्भव नभएपछि थप उपचारका लागि धरानस्थित विपि कोइराला मेमोरियल अस्पतालमा रेफर गरिएको थियो। घाइते यादव श्री जनता उच्चमावि सिमराढी गढीमा अध्ययनरत थिए। उनको परीक्षा श्री जनता इकाई उच्चमावि यदुकुहा 'क' सेन्टरमा भइरहेको थियो। अर्का घाइते हाथी श्री जनता इकाई उच्चमावि यदुकुहामा अध्ययनरत थिए। उनको श्री राष्ट्रिय निमावि यदुकुहा 'ख' सेन्टरमा परीक्षा भइरहेको थियो। राष्ट्रिय निमावि यदुकुहा 'ख' सेन्टरमा महिला प्रहरीले छात्रालाई शरीरको भित्री अङ्गमा हात छिराइ चेकजाँच गर्दा पुरुष प्रहरीले छात्राहरूको भित्री अङ्ग हेरी रहेको आरोप लगाउँदै विद्यार्थीहरूले त्यसको विरोध गरेपछि प्रहरीले हस्तक्षेप गरी लाठी चार्ज गर्दा यदुकुहा गाविस-३ का परीक्षार्थी १७ वर्षीय पप्पुकुमार साह, यदुकुहा गाविस-४ निवासी एमाले कार्यकर्ता ४१ वर्षीय रामदयाल दास, यदुकुहा गाविस-७ निवासी शिवशङ्कर मण्डल घाइते भएका थिए। घाइते उनीहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। सोही क्रममा विद्यार्थीहरूले प्रहार गरेको ढुङ्गा लागेर महिला प्रहरी तारा विष्ट घाइते भएको इन्स्पेक्टर असिम शाहले बताए। यदुकुहा 'ख' केन्द्रमा विवाद भएपछि विद्यार्थीहरू परीक्षा बहिष्कार गर्ने निष्कर्षमा पुगी त्यहाँका सम्पूर्ण विद्यार्थीहरू जनता इकाइ उच्चमावि यदुकुहा 'क' केन्द्रमा प्रवेश गरी परीक्षा बहिष्कार गराएको थियो। त्यसपछि यदुकुहा 'क' र 'ख' सेन्टरका सम्पूर्ण विद्यार्थी श्री उच्च मावि धवौलीमा परीक्षा बहिष्कार गर्न जाँदा सयौँको सङ्ख्यामा रहेका विद्यार्थी र प्रहरीबीच झडप भएको थियो। श्री उच्चमावि धवौली परीक्षा केन्द्रमा विद्यार्थीहरूले जबरजस्ती विद्यार्थीहरूको कापी र प्रश्न पत्र खोसी परीक्षा बहिष्कार गर्नुका साथै बेन्च, डेक्स, झ्याल, ढोका तोडफोड गरेपछि स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले गोली चलाएको इन्स्पेक्टर असिम शाहले जनाए। प्रहरीलाई लक्षित गरी ढुङ्गा मुढा प्रहार गर्दा महिला प्रहरी शशिकला मैनालीको टाउको चोट लागेको थियो भयो भने असइ ओमप्रकाश यादवको हात काटिएको थियो।



*प्रहरीले चलाएको गोली लागी घाइते भएका दोलखाका अमित घिमिरे*

### दोलखा

काब्रे गाविस-३ का १८ वर्षीय अमित घिमिरे प्रहरीले चलाएको गोली लागी ०७० चैत २ गते घाइते भए। इलाका प्रहरी कार्यालयको गाडी तोडाफोड गरी कुटपिट घटनामा संलग्न रहेको आरोपमा गिरफ्तारीमा परेका काब्रे गाविस-७ का २६ वर्षीय तेजबहादुर तामाङलाई काब्रे गाविस-३ का ४० वर्षीय मीनबहादुर घिमिरेलगायतले भगाएपछि प्रहरीले तीन राउण्ड हवाइ फायर गर्दा घिमिरेलाई गोली लागेको थियो। देब्रे घुँडामा गोली लागी घाइते भएका घिमिरेको प्रहरी नियन्त्रणमा दोलखा जनरल अस्पतालमा उपचार भयो। तेजबहादुरलाई सोही दिन राती काब्रे गाविस मैनापोखरीस्थित छिमेकीको घरबाट पुन: गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय दोलखाका डीएसपी सुरेश काफ्लेले बताए। भारत घर भई काब्रे गाविस-५ भेनियर उद्योगमा काम गर्ने मजदुरहरू रोन्जित तहान र राजु तहानलाई मीनबहादुर घिमिरे सहितले लाठी, रडले कुटपिट गरेको सूचना प्राप्त भएपछि झगडा नियन्त्रणमा लिन प्रहरी परिचालन गरेकोमा घटनामा संलग्नहरू प्रहरीमाथि नै आइलागेको डीएसपी काफ्लेले बताए। हाल इन्द्र डेन्टल मैनापोखरी शाखामा कार्यरत २६ वर्षीय तेजबहादुर तामाङ, मीनबहादुर घिमिरे, काब्रे गाविस-३ का २२ वर्षीय राजु भण्डारी, २४ वर्षीय सुकदेव घिमिरे, २५ वर्षीय भुवन घिमिरे, २० वर्षीय अमिर घिमिरे, २२ वर्षीय मदन भण्डारी र सोही गाविस-७ का २६ वर्षीय रमेश दहालले चैत २ गते साँझ आक्रमण गर्दा रोन्जित तहानको एउटा करङ भाँच्चिएको भेनियर उद्योगमा कार्यरत एक व्यक्तिले बताए। झडपका क्रममा इलाका प्रहरी कार्यालय मैनापोखरीमा कार्यरत प्रहरी गणेश कँडेल घाइते भएको प्रहरीले जनायो। घाइते उनीहरूको उपचार दोलखा जनरल अस्पतालमा भयो।

### ललितपुर

धापाखेल गाविस-२ निवासी नेपाली काङ्ग्रेस महासमिति सदस्य ४२ वर्षीय मीनकृष्ण महर्जन र लेले गाविस-४ निवासी काङ्ग्रेस कार्यकर्ता २५

वर्षीय मिलन सिलवाललाई ०७० माघ ४ गते धापाखेल हाइटमा एक हतियारधारी समूहले गोली प्रहार गरे। महर्जनलाई तीघ्रामा गोली लागेको थियो भने सिलवालको खुट्टामा गोली लागेको थियो। घाइतेहरूको बी एण्ड बी अस्पतालमा उपचार भयो। घटनापछि प्रहरीले ठेचो गाविसका लेखराम महर्जनलाई ग्वाकोबाट, धापाखेल गाविस-२ का सञ्जय बानियालाई धापाखेलबाट र लेले गाविस-८ का मधुसुदन डोटेललाई भैंसेपाटीबाट माघ ८ गते गिरफ्तार गरेका थिए भने लामाटार गाविस लाकुरीभञ्ज्याङ्का छिरिङ लामालाई माघ ८ गते घरबाट गिरफ्तार गरी मुद्दा चलाएकोमा जिल्ला अदालत ललितपुरले ०७० फागुन ४ गते आरोपित चारै जनालाई पूर्पक्षका लागि थुनामा पठाएको छ। उक्त घटनामा सङ्लग्न रहेको भनिएका रमेश बाहुन, समीर केसी र देवान राई फरार रहेको प्रहरीले जनाएको छ। प्रहरीले घटनास्थलबाट दुई ओटा गोलीका खोका, एउटा तरबार र चार थान मोटरसाइकल बरामद गरेको छ।

## धम्की/कुटपिट

### राज्यपक्षबाट

**धनुषा**

बेँगाडावर गाविस-२ निवासी पत्रकार २३ वर्षीय राजकमल सिंहलाई ०७० चैत ५ गते समाचार सङ्कलन गरी नेपाल परिवार नियोजन सङ्घको कार्यालयबाट फर्कने क्रममा यातायात व्यवस्था कार्यालय अगाडि प्रहरीले दुर्व्यवहार गरेको पीडित पत्रकार सिंहले बताए। पत्रकार महासङ्घ धनुषाका सदस्य समेत रहेको न्युज २४ टेलिभिजनका जनकपुर सम्वाददाता सिंहलाई जिल्ला प्रहरी कार्यालय धनुषाका असई आर. पी. मैनालीको कमाण्डमा रहेको प्रहरी टोलीका प्रहरी जवान अशोकप्रसाद जयसवालले गालीगलौज गर्दै हातपात गरेको र पत्रकार सिंह चढेको ज ५ प ९९८५ नम्बरको मोटरसाइकलमा समेत तोडफोड गरी नियन्त्रणमा लिएको पत्रकार सिंहले बताए। जिल्ला प्रहरी कार्यालयबाट आउँदै गरेको हरियो रङको प्रहरी भ्यानलाई पत्रकार सिंहले बाटो नछोडेको भन्दै प्रहरीले दुर्व्यवहार गरेका थिए। पत्रकारहरूको टोलीले धनुषाका एसपी उत्तमराज सुवेदीलाई तत्कालै भेटी घटनाबारे जानकारी गराउँदा आरोपित प्रहरी जवान जयसवाललाई विभागीय कारबाही गरिएको इन्स्पेक्टर मच्छिन्द्रबाबु केसीले बताए।



*श्री उच्चमावि धवौली एस.एल.सी. परीक्षा केन्द्रमा प्रहरीले चलाएको गोलीको छर्रा लागी घाइते भएका धनुषा संतोष कुमार यादव*

### एकीकृत माओवादीबाट

**रामेछाप**

दिमीपोखरी गाविस-७ निवासी ५९ वर्षीय दिलबहादुर तामाङ, ३६ वर्षीय रमेशकुमार योञ्जन, सोही गाविस-८ निवासी ३७ वर्षीय जनक राय र ४१ वर्षीय लालबहादुर तामाङलाई ०७० पुस २१ गते गाउँ परिषद्को बैठकमा सहभागी भइरहेका बेला सोही गाविस-९ निवासी पूर्व गाविस अध्यक्ष एवम् एकीकृत माओवादीका नेता ४७ वर्षीय ज्ञानकुमार योञ्जन, ४६ वर्षीय कमल केसी लगायतका व्यक्तिहरूले आफ्नो अनुकूल निर्णय गर्न नदिएको भन्दै कुटपिट गरी घाइते बनाए। घाइतेको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो । उनीहरूलाई गाविसको बजेट माग गरेको, विभिन्न योजनामा छुट्याएको रकमको हिसाब किताब खोजेको आरोपमा कुटपिट गरिएको थियो। आरोपितहरू उपर जिल्ला प्रशासन कार्यालय रामेछापमा ०७० माघ २ गते सार्वजनिक अपराध ऐनअन्तर्गत मुद्दा दर्ता भएपनि कारबाही भने भएको छैन।

### नेपाली काङ्ग्रेसबाट

**रामेछाप**

दिमीपोखरी गाविस-२ का एकीकृत माओवादी कार्यकर्ता ३३ वर्षीय सुरेश नगरकोटीलाई ०७० फागुन २४ गते सोही स्थानका काङ्ग्रेस र राप्रपा कार्यकर्ताहरू दिमीपोखरी गाविस-७ का ६२ वर्षीय पदमबहादुर तामाङ र २४ वर्षीय तेजबहादुर मोक्तानले कुटपिट गरी घाइते बनाए। सोही अभियोगमा प्रहरीले तेजबहादुरलाई फागुन २९ गते र पदमबहादुरलाई फागुन ३० गते प्रहरीले गिरफ्तार गरी मन्थली ल्याई सार्वजनिक अपराध ऐन अन्तर्गत कारबाही अघि बढायो। दुवै जना आरोपितलाई ०७० चैत ५ गने जिल्ला प्रशासन कार्यालयले जनही ५ हजार रुपियाँ धरौटी लिई रिहा गर्‍यो।

## अज्ञात व्यक्तिबाट

### धनुषा

रघुनाथपुर गाविस-५ निवासी पत्रकार २३ वर्षीय वीपी साहलाई ०७० फागुन २३ गते राती अज्ञात व्यक्तिहरूको समूहले आक्रमण गरी घाइते बनायो। घाइते साहको जनकपुरधामस्थित केयर मेडिकल सेन्टरमा उपचार भयो। पत्रकार साह काठमाडौँको लायन्स मिडियाबाट प्रकाशित हुने देशीया मासिक पत्रिकाका कार्यकारी सम्पादक हुन्। जनकपुरधामबाट आफन्तको विवाहमा जन्ती जाने क्रममा केही अपरिचित व्यक्तिहरूले उनलाई पछ्याउँदै बेहुलीको घरसम्म पुगेको पीडित पत्रकारको भनाइ छ। विवाहको स्वयम्बरमा स्थानीय र जन्तीबीच झगडा भएको थियो। विवाहको स्वयम्बर सम्पन्न भएपछि पत्रकार साहसहित केही व्यक्तिहरू सडक छेउमा उभिइरहेको अवस्थामा दुई ओटा मोटरसाइकलमा सवार अज्ञात व्यक्तिहरूले उनीमाथि चिरपटले निधारसहित शरीरको विभिन्न भागमा प्रहार गरेका थिए। देशीया मासिक पत्रिकाको फागुन अङ्कमा जानकी मन्दिरमा भइरहेको भ्रष्टाचार तथा जमिन खरिद बिक्रीमा महन्थ रामतपेश्वर दासको संलग्नता रहेको विभिन्न प्रमाणसहित साहले समाचार लेखेका थिए। उक्त समाचार प्रकाशन भएपछि महन्थ दास निकट केही व्यक्तिहरूले पत्रकार साहलाई बारम्बार धम्की दिँदै आएको पीडितले बताए। पत्रकार साहसहित केही पत्रकारहरूले जिल्ला प्रहरी कार्यालय धनुषामा ०७० फागुन २७ गते घटनाको छानविन तथा ज्यान उद्योग सम्बन्धी जाहेरी दिने तयारी गरेपनि प्रहरीले जाहेरी दर्ता नगरेको पीडित पत्रकार साहले बताए। घटनाको अनुसन्धान गर्दा स्थानीय र जन्तीबीच झगडा भएको र जन्ती गएका केही व्यक्तिहरू उच्छृङ्खल व्यवहार गरेकोले घटना भएको एसपी उत्तमराज सुवेदीले बताए।

## जेल र बन्दीहरू

### ललितपुर

ठैब गाविस- ६ का २३ वर्षीय रवि महर्जन महानगरीय प्रहरी वृत्त चापागाउँको हिरासतमा रहेको बेला विरामी परेपछि ०७० चैत ६ गते बिहान पाटन अस्पतालमा उपचारका लागि लगिएकोमाा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनायो। घटना भएको दिन बिहान १ बजेतिर शौचालय गएर आएपछि स्वाँस्वाँ गरेको र घ्यारघ्यार गरेको भनेर हिरासतमा रहेका अन्य व्यक्तिले खबर गरेपछि उनलाई प्रहरीले पाटन अस्पताल पुऱ्याएको र अस्पतालमा नै उनको मृत्यु भएको महानगरीय प्रहरी वृत्त चापागाउँकी डीएसपी दुर्गा सिंहले बताइन्। महर्जनलाई फागुन २७ गते चापागाउँ गाविस-५ स्थित बसपार्कमा नियमित चेकजाँचका क्रममा एक केजी सात सय ग्राम गाँजासहित गिरफ्तार गरिएको डीएसपी सिंहले जनाइन्। पेशाले ट्याक्सी ड्राइभर रहेका महर्जनको मृत्युपछि ठैबबासीले नाराबाजी गर्दै प्रहरी कार्यालय घेराउ गरेका थिए। महानगरीय प्रहरी आयुक्तको कार्यालयका एसपी सुशील भण्डारी तथा सदस्यहरूमा महानगरीय प्रहरी परिसर मुद्दा शाखाका इन्स्पेक्टर राजेन्द्र पराजुली र जिल्ला प्रशासन कार्यालयका गणेश अर्याल रहेको एक छानबिन समिति गठन गर्ने निर्णय महानगरीय प्रहरी आयुक्तको कार्यालय रानीपोखरीले चैत ७ गते गरेको थियो। उक्त समितिको प्रतिवेदन यो अवधिमा सार्वजनिक भएको छैन। लासको पोस्टमार्टम चैत ७ गते पाटन अस्पतालमा भएको थियो। पोस्टमार्टम रिपोर्टमा यातना दिएको कतै पुष्टि नभएको तर मृत्युको कारण अनडिटरमाईन लेखिएको प्रहरीले जनाएको छ। पोस्टमार्टम भएपछि आफन्तजनले चैत ८ गते सदगत् गरेका थिए। पीडित परिवारले महर्जनलाई प्रहरीले कुटपिट गरी यातना दिएर हत्या गरेको आरोप लगाएका थिए।

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

### काठमाडौँ

अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक अधिकार स्थापित गर्न माग गर्दै राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालको अगुवाइमा विभिन्न सङ्घसंस्थाहरूले भृकुटीमण्डपबाट निकालेको ऱ्यालीमाथि सिंहदरबार अगाडि ०७० पुस २४ गते प्रहरीले हस्तक्षेप गरी लाठी चार्ज गऱ्यो। प्रहरीको लाठी चार्जबाट राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका केन्द्रीय अध्यक्ष सुदर्शन सुवेदी, गुल्मी जिल्ला हसारा गाविस-७ घर भई हाल ललितपुर कुपण्डोल



*श्री उच्चमावि धवौली एस.एल.सी. परीक्षा केन्द्रमा प्रहरीले चलाएको गोलीको छर्रा लागी घाइते भएका धनुषाका राधे कुमार हाथी*

बस्ने राष्ट्रिय अपाङ्ग महासङ्घका केन्द्रीय कोषाध्यक्ष ३५ वर्षीय ध्रुवहरि न्यौपाने, काठमाडौँ मनपा-३५ कोटेश्वर बस्ने नेपाल अपाङ्ग महिला सङ्घकी ३६ वर्षीया रमा ढकाल, काठमाडौँ मनपा-१४ कुलेश्वरकी ३४ वर्षीया सुमित्रा बर्मा, जुम्ला जिल्ला घर भएका ३२ वर्षीय रामकृष्ण न्यौपाने, धनकुटाका २६ वर्षीय युवराज कट्टेल घाइते भए। घाइते उनीहरूको काठमाडौँ मोडेल अस्पतालमा उपचार भयो। प्रहरीले छाती र मुखमा लात्ती र लाठीले हिर्काउँदा पीडित ध्रुवहरिको मुखबाट रगत बगेको थियो भने अर्का पीडित रमा ढकालको कृत्रिम खुट्टा भाँचिई प्राकृतिक खुट्टा समेत फ्याक्चर भएको थियो। त्यसैगरी पीडित सुमित्राको हातमा चोट लागेको थियो भने बाँकी अन्य सबै सामान्य घाइते भएका थिए। अपाङ्गता भएका व्यक्तिहरूले मन्त्रिपरिषद्ले मनोनयन गर्ने २६ जना सभासद्को कोटामा कम्तिमा चार जना अपाङ्गता भएका व्यक्ति महिला, पुरुष सहित अनिवार्य मनोनयन गर्न माग राखी उनीहरूले र्‍यालीको आयोजना गरेका थिए।

## बालअधिकार

### हत्या

### अज्ञात समूहबाट

**धनुषा**

पछेर्वा गाविस-७ स्थित विर्ता टोलका १४ वर्षीय बालक शम्भु महरालाई ०७० फागुन २७ राती अज्ञात व्यक्तिहरूको समूहले घरबाट अपहरण गरी घाँटी काटी हत्या गरी फालिएको अवस्थामा उनको लास फागुन २८ गते फेला परेको मृतककी आमा फूलेश्वरी देवी महराले बताइन्। घटनामा संलग्न भएको आरोपमा प्रहरीले फुलेश्वरीको जेठाजू रामसेवकलाई चैत २ गते गिरफ्तार गरी अनुसन्धान गरिरहेको इन्स्पेक्टर हरिनन्दन चौधरीले बताए। मृतकको बुबा विदेशमा रहेको र काका घरको अभिभावकका रूपमा रहे पनि उनलाई उल्टै प्रहरीले गिरफ्तार गरी अझ पीडितलाई पीडा दिएको मृतकको आमा फूलेश्वरीको आरोप छ। लासको जनकपुर अञ्चल अस्पतालमा ०७० फागुन २८ गते पोस्टमार्टम गरी परिवारजनलाई बुझाइयो। घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

### बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

**धनुषा**

दश वर्षीया एक बालिकालाई ०७० फागुन ३ गते भूतही पटेर्वा गाविस-७ का १९ वर्षीय सूर्यनारायण मण्डलले बलात्कार गरेको इलाका प्रहरी कार्यालय धनुषाधामले जनायो। बालिकाको जनकपुर अञ्चल अस्पतालमा ०७० फागुन ५ गते स्वास्थ परीक्षण गरिएको प्रहरी कार्यालयले जनायो। पीडित पक्षले इलाका प्रहरी कार्यालय धनुषाधाममा ०७० फागुन ६ गते जाहेरी दर्ता गरायो। फरार आरोपितको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता गोविन्द पुरीले बताए।

**महोत्तरी**

१४ वर्षीया बालिकालाई ०७० माघ ७ गते हरिहरपुर हरिनमरी गाविस-२ का ५२ वर्षीय गलवा चमारले गाइगोठमा गोबर लिन जाँदा बलात्कार प्रयास गरे। पीडितले ०७० माघ ८ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएकोले प्रहरीले सोही दिन आरोपित चमारलाई गिरफ्तार गरी जबर्जस्तीकरणी उद्योग मुद्दा दर्ता गर्‍यो। पीडित बालिकाको उजुरी दिएकै दिन जलेश्वर अस्पतालमा स्वास्थ्य परीक्षण भयो। घर लिप्न गाइगोठमा गोबर लिन जाँदा आरोपितले लुकेर पछाडिबाट समाती लडाएर बलात्कार प्रयास गरेको पीडितको आरोप छ। पीडित चिच्याएपछि छिमेकका मान्छे दौडेर आएर उद्धार गरेको पीडित पक्षले जनायो। पीडितको स्वास्थ्य परीक्षण रिपोर्ट र घटनास्थलको प्रकृति आदिले बलात्कार प्रयास नै देखिएकोले आवश्यक अनुसन्धानपछि आरोपित र फाइल अदालत बुझाइएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर एकवाल हवारीले बताए। आरोपित जिल्ला अदालत महोत्तरीको आदेशले ०७० फागुन ६ गते पुर्पक्षका लागि जलेश्वर कारागार चलाए भए।

**सर्लाही**

१४ वर्षीया बालिकालाई ०७० माघ २१ गते नारायणखोला गाविस-७ का २३ वर्षीय लुङक ब्लोनले बलात्कार गरे। पीडितलाई नारायणखोलास्थित माइस्थान जाँदा आरोपितले बाटोमा भेटघाट हुँदा ललाई फकाई घरमा लगी बलात्कार गरेका थिए। पीडितको इलाका स्वास्थ्य चौकी हरिपुरमा माघ २४ गते स्वास्थ्य परीक्षण गरिएको थियो। माघ २२ गते दुवै पक्ष मिलेर छलफल गर्दै गर्दा प्रहरीले आरोपितलाई गिरफ्तार गरेको थियो। पीडितले माघ २४ गते आरोपितको नाममा इलाका प्रहरी कार्यालय हरिपुरमा जाहेरी दिएकी थिइन्। आरोपितलाई जबर्जस्तीकरणी अन्तर्गत मुद्दा अघि बढाइएकोमा ०७० माघ २४ गते जिल्ला अदालतबाट म्याद थप गरिएको थियो। आरोपितलाई जिल्ला अदालतको ०७० फागुन २१ गतेको आदेशले पुर्पक्षका लागि महोत्तरी कारागारमा थुनामा छन्।

**चितवन**

११ वर्षीया एक बालिकालाई शुक्रनगर गाविस-१ बस्ने २० वर्षीय राजीव कुमालले ०७० फागुन २२ गते भरतपुर नपामा बलात्कार गरेको पीडित परिवारले बताए। आफ्नी नाबालक छोरीलाई ललाई फकाई जर्बजस्तीकरणी गर्ने दोषीलाई कानुनबमोजिम कारबाही गरी पाऊँ भनी पीडित परिवारले फागुन २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको उजुरी दिएकै दिन भरतपुर अस्पतालमा स्वस्थ्य परीक्षण भयो। आरोपितलाई प्रहरीले फागुन २४ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका सह-प्रवक्ता एवम् इन्स्पेक्टर जीवलाल चुदालीले बताए। अनुसन्धानपश्चात् अदालत पेश गर्दा जिल्ला अदालत चितवनको ०७० चैत १९ गतेको आदेशले आरोपित पुर्पक्षको लागि थुनामा रहेको जिल्ला अदालतका डिठ्ठा बासुदेव भट्टराईले बताए।

**ललितपुर**

धादिङ जिल्ला कल्लेरी गाविस-३ घर भई सुनाकोठी गाविस-८ बस्ने २१ वर्षीय एक बाबुले १० वर्षीया आफ्नै झड्केली छोरीलाई विगत एक वर्षदेखि बलात्कार गर्दै आएको भन्दै ०७० माघ २० गते प्रहरीमा उजुरी दर्ता भयो। उजुरी दिएकै दिन पीडित बालिकाको स्वस्थ्य परीक्षण पाटन अस्पतालमा भयो। पीडित बालिकाले माघ १० गते आफ्नै बाबुले बलात्कार गरेको भनी आफू पढ्ने विद्यालय मोती विनायक मावि, सुनाकोठीमा बताएपछि विद्यालयकी शिक्षिकाले प्रहरीमा उजुरी गरेकी गरिन्। उजुरीपछि प्रहरीले माघ २० गते नै आरोपितलाई गिरफ्तार गरेकोमा जिल्ला अदालतको २०७० फागुन १६ गतेको आदेशले पुर्पक्षका लागि थुनामा राख्ने आदेश गर्‍यो।

**काभ्रे**

एक छ वर्षीया बालिकालाई ०७० माघ १७ गते बलात्कार गरेको आरोपमा ढुङ्खर्क गाविस-७ कामीखोरियाका १५ वर्षीय बालकलाई ०७० माघ २९ गते प्रहरीले गिरफ्तार गर्‍यो। पीडित बालिका र आरोपित दुवैको माघ २९ गते धुलिखेल अस्पतालमा स्वास्थ्य परीक्षण गरियो। बलात्कार र अप्राकृतिक मैथुनको यो घटना गाउँमै मिलाउने प्रयास भएको थियो। यस मुद्दामा जिल्ला सरकारी वकिल कार्यालयले फागुन २२ गते अदालतमा अभियोग दर्ता गर्‍यो। जिल्ला अदालत काभ्रेको फागुन २३ गतेको इजलासले आरोपित ढुङ्गानाको भागमा पर्ने जग्गा रोक्का गर्न र आरोपित बालक भएकोले बालसुधार गृहमा राखी घटनाको अनुसन्धान अघि बढाउन आदेश दियो। आरोपितलाई फागुन २५ गतेदेखि भक्तपुरस्थित बाल सुधारगृहमा राखिएको छ।

**भक्तपुर**

१४ वर्षीया एक किशोरीलाई ०७० चैत १० गते राती बलात्कार गरेको आरोपमा सिन्धुली जिल्ला सितलपाटी गाविस-६ घर भई मध्यपुर थिमी नपा-१५ बस्दै आएका २० वर्षीय प्रकाश थापालाई प्रहरीले ०७० चैत १२ गते गिरफ्तार गर्‍यो। पीडित किशोरीले ०७० चैत १३ गते महानगरीय प्रहरी वृत्त थिमीमा जाहेरी दिएकी थिइन्। पीडित बालिकाको चैत १२ गते ललितपुरको पाटन अस्पतालमा स्वास्थ्य परीक्षण भयो। महानगनीय प्रहरी वृत्त थिमीले आरोपितलाई चैत १२ गते नै गिरफ्तार गरी आवश्यक अनुसन्धानको लागि म्याद थप गरी हिरासतमा राखेको छ।

१६ वर्षीया एक किशोरीलाई यौन दुव्यर्वहार गरेको आरोपमा सप्तरी जिल्ला कटैया गाविस-९ घर भई भक्तपुर नपा-१७ सल्लाघारी बस्दै आएका १८ वर्षीय मिथुन मण्डललाई प्रहरीले गिरफ्तार गर्‍यो। आरोपित मण्डलले ०७० चैत २ गते साँझ शरीरका संवेदनशील अङ्ग चलाएको आरोप लगाई किशोरीले ०७० चैत ३ गते महानगरीय प्रहरी वृत्त जगतीमा दिएको जाहेरीअनुसार आरोपितलाई चैत १० गते गिरफ्तार गरी अनुसन्धान अगाडि बढाएको प्रहरीले जनायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण भएन।

**काठमाडौँ**

सिन्धुपाल्चोक जिल्ला थाप्लाङकोट गाविस-५ घर भई हाल काठमाडौँ जोरपाटी गाविस-६ डेरा गरी कक्षा ११ मा अध्ययनरत १८ वर्षीया पविना थापालाई बाबु प्रवीण थापा कान्छी छोरीको उपचारका लागि घर गएका बेला बुवाका साथीको रूपमा चिनिने सिन्धुपाल्चोक जिल्ला भोटेचौर गाविस-४ पुरानो घर भई हाल काठमाडौँ जोरपाटी गाविस-६ बस्ने ३८ वर्षीय गणेश लामिछानेले ०७० फागुन २८ गते बलात्कार गरेको आरोपमा पीडितका बाबुले चैत २ गते आरोपित विरुद्ध महानगरीय प्रहरी वृत्त बौद्धमा जाहेरी दिए। जाहेरीको आधारमा बौद्ध प्रहरीले आरोपित लामिछानेलाई चैत ४ गते गिरफ्तार गरी जबरजस्ती करणी मुद्दा चलायो। करणी मुद्दाको अनुसन्धान चलिरहँदा पीडित पविनाको चैत ९ गते रहस्यमय रूपमा मृत्यु भयो। बलात्कार घटना मुद्दालाई लिएर आरोपितकी पत्नी ३४ वर्षीय अम्बिका लामिछानेले पविनालाई धाकधम्की दिई मुद्दा फिर्ता लिन दबाब दिने, यातना दिने जस्तो गतिविधि गरिरहेको अवस्थामा पविनाको मृत्यु भएको

पीडित परिवारले आरोप लगाउँदै चैत १० गते पुन: प्रहरीमा जाहेरी दिए। जाहेरीको आधारमा अम्बिकालाई पनि महानगरीय प्रहरी वृत्त बौद्धले गिरफ्तार गरी महानगरीय प्रहरी वृत्त गौशाला प्रहरीको महिला हिरासतमा राखी दुवै घटनाको एकैसाथ अनुसन्धान गरिरहेको छ।

## महिलामाथि हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार मानव बेचबिखन तथा ओसारपसार

**मकवानपुर**

धियाल गाविस-८ की १६ वर्षीया किशोरीलाई सोही ठाउँ बस्ने २३ वर्षीया ज्ञानबहादुर वाइवा र १९ वर्षीय शुकराम स्याङ्तानले ०७० माघ १० गते घरबाट लगेर भारतमा बिक्री गरेको आरोपमा प्रहरीले आरोपितद्वयलाई खोजिरहेको प्रहरीले जनायो। पीडितलाई आरोपितले हेटौँडा घुम्न जाने भनेर भारत लगेर बिक्री गरेको पीडित पक्षले प्रहरीमा दिएको उजुरीमा उल्लेख छ। आरोपित दुवै जना फरार छन्।

**काठमाडौँ**

कुवेत लैजाने भन्दै दुई महिनादेखि काठमाडौँ तिलगङ्गास्थित चिरपरिचित नामक सेकुवा कर्नरको माथिल्लो तल्लामा बन्धक बनाई राखिएका उदयपुर कटारीकी बद्रीकुमारी राई, अमृतमाया रसाइली, सञ्चमाया तामाङ, झापाकी फूलमाया तामाङ, आइतमाया बराइली र मकवानपुरकी सञ्चमाया वाइवालाई महानगरीय प्रहरी वृत्त गौशालाको प्रहरी टोलीले ०७० चैत १७ गते उद्धार गरी पीडितहरूलाई माइती नेपालको संरक्षणमा पठाइयो। उद्धारसँगै सेकुवा कर्नर सञ्चालक धनबहादुर स्याङतानलाई प्रहरीले गिरफ्तार गरी जिल्ला प्रशासन कार्यालयमा चैत १८ गते सार्वजानिक अपराध ऐन अन्तर्गतको मुद्दा चलाएकोमा हालसम्म अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

**सिन्धुपाल्चोक**

३२ वर्षीय एक महिलालाई ०६९ माघ १६ गते काठमाडौँमा रोजगारी लगाइदिने भन्दै लगेकोमा भारतमा पुऱ्याई बिक्री गरेको आरोपमा शिखरपुर गाविस-४ का ४५ वर्षीय विष्णुबहादुर दाहाललाई मानवबेचबिखनको आरोपमा ०७० चैत १३ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित १३ महिनापछि भारतबाट नेपाल फर्केर ०७० चैत १३ गते इलाका प्रहरी कार्यालय मेलम्चीमा पुगी किटानी उजुरी गरेकी थिइन्। पीडितको किटानी उजुरीपछि आरोपितलाई गिरफ्तार गरिएको प्रहरीले जनायो। आरोपितलाई अनुसन्धानको लागी इलाका प्रहरी कार्यालय मेलम्चीले हिरासतमा राखिएको छ।

## बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

**सिन्धुली**

एक २० वर्षीया महिलालाई ०७० माघ १५ गते राती ककुरठाकुर गाविस-८ का २१ वर्षीय सन्तोष तामाङले घरमा राती एक्लै सुतिरहेको अवस्थामा गई छुरी देखाई पीडित महिला र उनको नाबालक छोरालाई समेत मार्ने धम्की दिई बलात्कार गरेको आरोपमा ०७० माघ १७ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित महिलाका पति वैदेशिक रोजगारीमा गएको र पीडित आफ्नै घरमा सुतिरहेको अवस्थामा राती ११ बजेतिर गई छुरी देखाई महिला र उनको नाबालक छोरालाई समेत मार्ने धम्की दिई बलात्कार गरेको प्रहरीले जनायो। पीडित महिलाको माघ १७ गते सिन्धुली जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो। घटनाको अनुसन्धान गरी ०७० फागुन १२ गते प्रहरीले आरोपितलाई जिल्ला अदालतमा पेश गर्दा अदालतको आदेशमा सोही दिन पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएपछि आरोपित फागुन १२ गतेबाट सिन्धुली कारागारमा थुनामा छन्।

**रौतहट**

२४ वर्षीया एक महिलालाई विश्रामपुर गाविस-९ का ३० वर्षीय भूपेन्द्र राउत कुर्मीले ०७० माघ ५ गते राती बलात्कार गरेको आरोपमा पीडितले माघ ६ गते इलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दर्ता गराइन्। पीडित महिला आफ्नो घरमा सुतिरहेको र घरका अन्य परिवारहरू घरको अर्को कोठामा सुतिरहेको अवस्थामा राती १२ बजे आरोपित कुर्मी घरभित्र प्रवेश गरी जर्बरजस्ती बलात्कार गरेको पीडितको आरोप छ। आरोपित कुर्मीलाई प्रहरीले माघ ६ गते गिरफ्तार गरी जर्बरजस्ती करणी ऐनअर्न्तगत मुद्दा चलाएकोमा जिल्ला अदालत रौतहटका न्यायाधीश हरिश्चन्द्र ढुङ्गानाको इजलाशबाट ०७० फागुन १ गते आरोपितलाई पुर्पक्षको लागि थुनामा राख्ने आदेश भएपछि आरोपित हाल गौर कारागारमा थुनामा छन्। पीडितको जिल्ला अस्पताल गौरमा स्वास्थ्य परीक्षण भयो। पति वैदेशिक रोजगारीको क्रममा विगत २ वर्षदेखि विदेशमा रहेको पीडितको भनाइ छ।

**पर्सा**

लहावर थकरी गाविस-७ की १८ वर्षीय एक

सुस्तमनस्थितिकी बालिकालाई बलात्कार गरेको अभियोग लागेका सोही गाविस-६ का ३८ वर्षीय श्यामबाबु साहलाई जोगाउन गाउँकै हरिप्रसाद चौहान, जयमङ्गल साह तेली लगायतले मिलापत्र गर्न दबाब दिएको पीडित परिवारले आरोप लगायो। साहले ती बालिकालाई सोही ठाउँकी ३५ वर्षीय सीता देवी माझीको सहयोगमा ०७० माघ ७ गते सीतादेवीकै घरमा विहान १० बजेदेखि बन्धक बनाएर माघ ८ गते बिहान ३ बजेसम्म पटकपटक बलात्कार गरेको पीडित परिवारले माघ १४ गते वीरगञ्जमा पत्रकार सम्मेलन गरेर जानकारी दियो। घटनापछि माघ ८ गते गाउँमै भद्रभलाद्मी बसेर छलफल समेत भएको उनीहरूले बताए। पञ्च भलाद्मीले न्याय दिलाउँछौ भनेका थिए तर त्यस्तो नभएपछि माघ १३ गते खेस्राहमा रहेको प्रहरी चौकीमा उजुरी गरेको उनीहरूले जनाए। प्रहरीले सोही दिन सीतादेवीलाई गिरफ्तार गरेकोमा ०७० फागुन ११ गते पर्सा जिल्ला अदालतको आदेशले १० हजार रुपियाँ धरौटी राखेर रिहा गरियो। बलात्कारका आरोपित भने फरार रहेको प्रहरीले जनायो। पीडित बालिकाको माघ १३ गते नै स्वास्थ्य परीक्षण भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनायो।

**मकवानपुर**

पालुङ गाविस-२ की ४३ वर्षीया बोल्न नसक्ने महिलालाई ०७० माघ २० गते सोही स्थान बस्ने ६८ वर्षीय जगतबहादुर लामाले स्थानीय जङ्गलमा बलात्कार गरेको आरोपमा आरोपित लामालाई प्रहरीले ०७० माघ २१ गते गिरफ्तार गर्‍यो। पीडितको माघ २१ गते हेटौंडा अस्पतालमा उपचार भयो। जिल्ला अदालतको ०७० फागुन २ गतेका आदेश अनुसार आरोपित लामा थुनामा छन्।

**काठमाडौं**

२४ वर्षीया एक महिलालाई सप्तरी जिल्ला मलहनीया गाविस घर भई काठमाडौं मनपा-१४ कलङ्की बस्ने २६ वर्षीय नरेशकुमार पासवानले ०७० माघ २४ गते बलात्कार गरेको आरोपमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गर्‍यो। प्रहरीले माघ २६ गते जिल्ला अदालतमा जबरजस्ती करणी सम्बन्धी मुद्दा दर्ता गरेकोमा जिल्लाको अदालतको चैत १९ गते आदेशले आरोपित पुपर्क्षका लागि थुनामा छन्।

**धादिङ**

२७ वर्षीया एक सुस्त मनस्थितिकी युवतीलाई ०७० माघ ३ गते सोही ठाउँका स्थानी सल्यानटार गाविस-७ माझगाउँका ५४ वर्षीय श्यामकुमार श्रेष्ठले जबरजस्तीकरणी गरेको घटनामा प्रहरीले सार्वजनिक मुद्दा चलाई ५ हजार रूपियाँ धरौटीमा आरोपितलाई रिहा गरिएको स्थानीय अधिकारकर्मी र पत्रकारको आरोप लगाए। प्रहरी कार्यालयमा दुवै पक्षलाई मिलापत्र गराई घटनालाई सार्वजनिक अपराध अर्न्तगत मुद्दा चलाउँदा सञ्चार माध्यममा घटना सार्वजनिक भएको थियो। यस घटनामा आरोपितले १० लाख रुपियाँ तिरेकोमा पीडित पक्षले ७ लाख रुपियाँमात्र पाएको र ३ लाख रुपियाँ प्रहरीले लिएको सार्वजनिक भएको थियो। आरोपित श्यामकुमार श्रेष्ठले पीडित गोठालो गएको बेला बलात्कार गरेको घटना सार्वजनिक भएको थियो। पीडितलाई यसअघि पनि पटक पटक जबरजस्तीकरणी गर्ने गरेको पीडितको भनाइलाई उधृत गर्दै एक स्थानीयले जनाएका थिए। पीडित युवतीले बलात्कृत भएको घटना घरमा जानकारी गराएपछि प्रहरीलाई खबर गरिएको थियो। माघ ४ गते पीडित र आरोपितलाई स्वास्थ्य परीक्षणका लागि जिल्ला प्रहरी कार्यालयले जिल्ला अस्पताललाई चलानी नम्बर १२१६ उल्लेख गरी पत्र लेखेर स्वास्थ्य परीक्षण गराउन पठाएको थियो। पीडितहरूले माघ ५ गते प्रहरीले भने अनुसार सार्वजनिक अपराध अन्तरगत जाहेरी दर्ता गराएको देखिन्छ। आरोपितलाई माघ ४ गतेनै गिरफ्तार गरेपनि स्वास्थ्य परीक्षणको प्रतिवेदन आएपछि मात्र आरोपितलाई माघ ६ गते गिरफ्तार गरिएको कागज बनाइएको थियो। हिरासतमा रहेका आरोपित श्यामकुमार श्रेष्ठलाई केही सार्वजनिक अपराध मुद्दाको अभियोगमा जिल्ला प्रहरी कार्यालयले फागुन १४ गते प्रमुख जिल्ला अधिकारी समक्ष सरकारी वकिल मार्फत पेश गरेका थिए। प्रमुख जिल्ला अधिकारीले फागुन १४ गते नै केही सार्वजनिक अपराधको मुद्दामा आरोपितलाई ५ हजार रुपियाँ धरौटीमा साधारण तारेखमा रिहा गरेको र हाल मुद्दा जिल्ला प्रशासन कार्यालयमा चलिरहेको छ। यो घटना सञ्चार माध्यममा आएपछि इन्सेक लगायतका संस्थाहरूले ०७० फागुन १८ गते घटनाको स्थलगत अध्ययनसमेत गरेको छ। महिलामाथि भएको हिंसाका घटनामा प्रहरी प्रशासन पीडित मुखी नभएको र महिला हिंसाका जघन्य अपराधका घटनाहरूमा समेत मिलापत्र गराउने नाममा घटनाको सत्य तथ्य भन्दा बाहिर गई घटनाको गाम्भीर्यतालाई प्राथमिकीकरण नगरी दुवै पक्षलाई मिलापत्र गराउन दबाब दिएर पठाउने प्रयासमा बढी प्रहरी प्रशासनको ध्यान गएको अस्थलगत अध्ययनको क्रममा पाइएको थियो। महिला हिंसाका घटनाहरू अधिकारकर्मी र पत्रकारले सार्वजनिक गर्दा जिल्ला प्रहरी कार्यालयका डीएसपी अशोक सिंह र आरोपितहरूबाट समेत प्रत्यक्ष अप्रत्यक्ष रूपमा महिला अधिकारकर्मी राधिका सापकोटा

र कान्तिपुर दैनिकका पत्रकार सुदिप कैनीलाई धम्कीहरू आउने गरेको उनीहरूले बताएका थिए।

**सिन्धुपाल्चोक**

साँगाचोक गाविस-४ का ५२ वर्षीय माइला भन्ने हिरालाल श्रेष्ठले ०७० माघ १२ गते सोही ठाउँकी एक ३५ वर्षीया महिलालाई बलात्कार प्रयास गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। पीडित पक्षले माघ १३ गते प्रहरी चौकी साँगाचोकमा उजुरी गरेका थिए। पीडितको उजुरीका आधारमा आरोपितलाई प्रहरीले माघ १४ गते गिरफ्तार गरेको थियो। आरोपितलाई ०७० माघ २८ गते जिल्ला अदालतले पुर्पक्षका लागि  थुनामा राख्ने आदेश गरेको छ। पीडितको स्वास्थ्य परीक्षण भएन।

## बोक्सीको आरोपमा अमानवीय व्यवहार

**धनुषा**

बसहिया गाविस-९ सोनापारा टोलकी २९ वर्षीया मैसुल खातुनलाई सोही ठाउँका ३० वर्षीय सरातल कवारीले ०७० पुस २३ गते बिहान बोक्सीको आरोपमा कुटपिट गरेको पीडितले बताइन्। जलिल कवारीको १८ वर्षीया छोरी जिना खातुनलाई भुत लगाएको भन्दै कवारीले मैसुललाई अढाई वर्षदेखि कुटपिट गर्दै आएको पीडितले बताइन्। पीडितले पुस २५ गते प्रहरीमा उजुरी गरिन्। यसअघि पनि पटक पटक कुटपिट गर्ने गरेकोमा दुई वर्ष अगाडि जिरोमाइल प्रहरी चौकीमा अब उपरान्त नकुट्ने र कुटेमा ५० हजार रुपियाँ जरिवाना तिर्नुपर्ने शर्तमा मिलापत्र भएको पीडितले बताइन्। पुस २३ गते बिहान ७ बजे कवारीले दुई जना बाहिरबाट मगाएर कुटपिट गरेको पीडितको भनाइ छ।

**सर्लाही**

हरिपुर गाविस-६ चिताइनकी ४५ वर्षीया लक्ष्मीदेवी धामी र उनकी २० वर्षीय छोरी मन्जुलाई बोक्सीको आरोपमा ०७० चैत ३ गते राती गाउँलेले हातपात गरे। घटनापछि पीडितहरू दुई दिन डरले सदरमुकाम मलङ्गवामा विस्थापित भएर बसेका थिए। पीडितले ०७० चैत ५ गते इलाका प्रहरी कार्यालयमा कानुनी कारबाहीको लागि उजुरी दिएपछि गाउँलेहरूको भागाभाग भएको थियो। हरिपुर गाविस-६ का ३५ वर्षीय महेशी धामी, सोही ठाउँका ३० वर्षीय शारदा देवी धामी र ३२ वर्षीया संजितादेवी धामीको नाममा इलाका प्रहरी कार्यालयमा किटानी जाहेरी परेको थियो। प्रहरीले ०७० चैत १८ गते आरोपित मध्येका महेशी धामीलाई गिरफ्तार गरेपछि उनको बयानको आधारमा जब्दी गाविस-२ की ४८ वर्षीया झाँक्री काम गर्ने राजकलियादेवी चौधरीलाई ०७० चैत २१ गते प्रहरीले गिरफ्तार गरेकोमा दुवै जना जिल्ला अदालतको आदेशले ०७० चैत २८ गते २५/२५ हजार रूपियाँ धरौटी राखी तारेखमा रिहा भए। अन्य दुई जना आरोपित शारदादेवी र संजितादेवी धामी हालसम्म फरार छन्। स्थानीयको असुरक्षाबाट विस्थापित पीडितहरू आफ्नो घरमा आएर बसेका छन्। स्थानीय उदयनारायण धामीको २७ वर्षीय पत्नी मन्तरी धामी बिरामी परेर झारफुक गर्दा मृत्यु भएपछि गाउँलेहरू मिली उनीहरूलाई दुर्व्यवहार गरेका थिए। बोक्सी मन्त्र लगाएर मान्छे मारेको भन्दै आफन्तसहितका गाउँलेले दुर्व्यवहार गरेपछि स्थानीय लक्ष्मीदेवी धामी सहितको परिवार विस्थापित भएको थियो।

**रौतहट**

प्रेमपुर गोनाही गाविस-७ की ६८ वर्षीया चम्पादेवी दुसाधिनलाई सोही ठाउँका ४५ वर्षीय मुननेस्वर हजरा दुसाध, ५५ वर्षीय नन्दु हजरा दुसाध, ५५ वर्षीय जयपत हजरा दुसाध र ४० वर्षीय सुरतीयादेवी दुसाधिनले ०७० फागनु ९ गते बिहान बोक्सीको आरोपमा कुटपिट गरेको भन्दै पीडितले फागुन २५ गते इलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दर्ता गराइन्। आरोपितहरूले पीडितलाई सोही दिन बिहान बोक्सीको आरोप लगाउँदै कुटपिट गरी घाइते बनाएको र अभक्ष समेत खुवाउने प्रयास गरेको पीडितको आरोप छ। पीडितको घाउँजाँच केश फाराम गराई अनुसन्धान भइरहेको प्रहरीले जनाए पनि आरोपितहरूलाई गिरफ्तार गरेन।

**पर्सा**

लखनपुर गाविसकी ६० वर्षीया छटिया देवीलाई ०७० फागुन २७ गते कथित बोक्सीको आरोपमा कुटपिट तथा गालीगलौज गर्ने सोही ठाउँका ३५ वर्षीय नेत्रबहादुर सहनी र शिववर्वा गाविस-३ का ४० वर्षीय सुदामा सहनीलाई सोही दिन गिरफ्तार गरी मुद्दा चलाइएको डीएसपी बासुदेव खतिवडाले जानकारी दिए। उनीहरूलाई घटना भएकै दिन प्रहरीले गिरफ्तार गरेको थियो। पीडित पक्षबाट जाहेरी लिएर उनीहरूलाई गिरफ्तार गरी मुद्दा चलाइएको डीएसपी खतिवडाले बताए। आरोपित विरुद्ध प्रहरीले अदलको महलको १० नम्बर अनुसार तीन महिनादेखि दुई वर्षसम्म कैद तथा ५ हजारदेखि २५ हजार रुपियाँसम्म जरिवाना माग दावी गर्दै मुद्दा चलाएको जनायो। स्थानीय विनय सहनीको ६ महिनाको छोरालाई टुना गरेर मारेको आरोपमा स्थानीयले छटियादेवीलाई कुटपिट गरेका थिए। विनय सहनीको छोराको दुई महिना अगाडि मृत्यु भएको थियो।

**काभ्रे**

पोखरी नारायणस्थान गाविस-२ की ४२ वर्षीया श्रीमाया लमिनीलाई ०७० माघ १ गते साँझ सोही ठाउँका ३८ वर्षीया पासाङ तामाङ, उनका छोरा २५ वर्षीय विकुलाल तामाङ र बुहारी २० वर्षीया मनमाया तामाङले बोक्सीको आरोपमा कुटपिट गरे। पीडित महिलाले आफूलाई बोक्सीको आरोपमा कुटपिट गरिएको भन्दै माघ ८ गते जिल्ला प्रहरी कार्यालय धुलिखेलमा मुद्दा दर्ता गरेपछि आरोपितमध्ये सासू पासाङ र बुहारी मनमाया तामाङलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको माघ ८ गते प्राथमिक स्वास्थ्य केन्द्र धुलिखेलमा स्वास्थ्य परीक्षण गरियो। जिल्ला सरकारी वकिलको कार्यालयले माघ १५ गते जिल्ला अदालतमा यस मुद्दाको अभियोग दर्ता गरायो। जिल्ला अदालत काभ्रेको माघ १५ गतेको आदेशमा दुबै पक्षले 'तँ बोक्सी' भनेर झगडा गरेको पाइएकाले आरोपितहरूलाई जनही १० हजार रुपियाँ धरौटीमा रिहा गरी तारेखमा राख्नु भन्ने आदेश जारी गऱ्यो। प्रहरीले गिरफ्तार गरेका आरोपित दुवै जना माघ २६ गते धरौटी राखी रिहा भए। यो मुद्दा फिर्ता लिनका लागि भन्दै गाउँबाट एकीकृत माओवादीका नेताहरू जिल्ला प्रहरी कार्यालयमा आएर दबाब दिएका कारण पीडित महिलाले माघ ९ गते आफ्नो शान्ति सुरक्षाको माग गर्दै अर्को निवेदन दर्ता गराइन्। पीडित महिलाका अनुसार बुहारी मनमायाले बोक्सीको आरोपमा अभक्ष खुवाएको र सासूले भने बोक्सीले चुसेका कारण आफ्नो दाँत झरेको आरोपमा कपाल भुत्ल्याएकी थिइन्। घटनापछि स्थानीयले उनीहरूलाई छुट्याएका थिए। पीडित महिलाको दुई छोरी र एक छोरा छन्।

**सिन्धुपाल्चोक**

कदमबास गाविस-१ की ६८ वर्षीया मोहनमाया श्रेष्ठलाई सोही गाविस-१ का २८ वर्षीया मिश्रीमाया श्रेष्ठ, सोही ठाउँका ४६ वर्षीया नन्दमाया श्रेष्ठ, ६१ वर्षीय लोकबहादुर श्रेष्ठ र ६४ वर्षीय जुजुमान श्रेष्ठले ०७० माघ २१ गते बोक्सीको आरोपमा कुटपिट गरेको आरोपमा माघ २८ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितहरूले पीडित महिलालाई बेलुका घरमा एक्लै बसेको बेला बोक्सीको आरोपमा कुटपिट गरी घाइते बनाएको थियो। पीडितको माघ २२ गते काठमाडौँको सिनामङ्गलस्थित केएमसी अस्पतालमा उपचार भयो। पीडितले माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेकी थिइन्। आरोपितहरू जिल्ला अदालतको ०७० फागुन ११ गतेको आदेशमा जनही ३०/३० हजार रुपियाँ धरौटीमा रिहा भए।

**नुवाकोट**

मदानपुर गाविस-९ बस्ने ५४ वर्षीया सन्त लम्मी तामाङलाई सोही गाविस बस्ने ६२ वर्षीय रामबहादुर तामाङले ०७० माघ २८ गते ५ बजे तिर आरोपितले आफ्नै घरमा बोलाई 'बोक्सीको गुरु को हो बताउँ' भन्दै कुटपिट गरेको र नबताए सात दिनमा मार्छु भनी धम्की दिएको पीडितले बताइन्। पीडितले ०७० फागुन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। गिरफ्तार आरोपित जिल्ला अदालत नुवाकोटको ०७० फागुन २१ गतेको आदेशले १० हजार रूपियाँ धरौटी राखी तारेखमा रिहा भए।

## घरेलु हिंसा

### परिवाजनबाट हत्या

**बारा**

घर बनाउन माइतीबाट पैसा नल्याएको निहुँमा पत्रहट्टी गाविस-९ की २१ वर्षीया खुश्बुदेवी सहनीको विवाह भएको दुई वर्षपछि ०७० पुस १७ गते उनको सासू र ससुरा मिलेर हत्या गरेको आरोपमा पीडितकी सासू ४२ वर्षीया लक्ष्मीनिया देवीलाई प्रहरीले १९ गते गिरफ्तार गरी मुद्दा चलाएपछि उनी पुर्पक्षका लागि कारागारमा थुनामा छन्। अदालतको ०७० माघ २३ गतेको आदेशले लक्ष्मीनिया पुर्पपक्षका लागि जेल चलान भइन्। खुश्बुका पति बलिराम सहनी र ससुरा मखन सहनी फरार छन्। पटकपटक रकम माग्दा नपाएपछि पति, सासू र ससुरा मिलेर कुटपिट गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर रामनाथ घिमिरेले बताए। प्रहरीले खुश्बुको शव बरियारपुर गाविस-७ स्थित भुतही खोलाको किनारमा गाडेको अवस्थामा पुस १९ गते फेला पारेको थियो। लासको पोस्टमार्टम पुस १९ गते भयो। रिपोर्टमा टाउकोमा गम्भीर चोट लागी मष्तिष्कमा भएको अत्याधिक रक्तस्रावले खुश्बुको मृत्यु भएको उल्लेख गरिएको इन्स्पेक्टर घिमिरेले जनाए। रिपोर्टमा टाउकोमा रगत जमेको र शरीरको विभिन्न भागका हड्डी भाँचिएको देखाएको उनले जनाए।

**भक्तपुर**

सिरुटार गाविस-२ का ३८ वर्षीया सुनकेसरी कायस्थलाई ०७० फागुन १७ गते साँझ सोही ठाउँमा बस्ने ३६ वर्षीय आफ्नै देवर तुइल कृष्ण कायस्थले पिगमा प्रयोग गरिने काठको बिँडले हानी हत्या गरे। एकै घरमा बस्ने गरेका दाजुभाइबीच सम्पत्तिको विवाद चल्दै गरेको अवस्थामा भाउजूलाई पानी थाप्ने निहुँमा तल बोलाई

काठको बिँडले टाउकोमा हानी हत्या गरेको आरोप लगाई मृतकका पति राजकुमार कायस्थले महानगरीय प्रहरी वृत ठिमीमा जाहेरी दिएको आधारमा प्रहरीले सोही दिन राती आरोपितलाई गिरफ्तार गरेकोमा जिल्ला अदालत भक्तपुरको ०७० चैत १० गतेको आदेशले सोही दिन पुर्पक्षको लागी थुनामा पठायो।

## सबै किसिमका जातीय भेदभाव तथा छुवाछुत

### धनुषा

पछेर्वा गाविस-७ का १६ वर्षीय विद्यार्थी फिरन महरालाई श्री माध्यमिक विद्यालय महुलियाका प्रधानाध्यापक किशोरी साहले सरस्वती पूजामा बस्न रोक लगाएको पीडित पक्षले बतायो। दलित भएकै कारण पूजामा बस्न नदिएको पीडित विद्यार्थीको आरोप छ। माध्यमिक तहका विद्यालयमा कक्षा १० मा प्रथम विद्यार्थीले सधैँ पूजामा बस्ने गरेका थिए। यसपटक कक्षा दशका प्रथम विद्यार्थी राजीवकुमार ठाकुर क्रिश्चियन धर्म मान्ने भएकोले ०७० माघ २१ गते पूजामा नबसेपछि दोस्रो विद्यार्थीलाई पूजामा बसाउने पूजा समितिको निर्णय अनुसार फिरन महरा सो कार्यका लागि छनोट भएका थिए। दलित विद्यार्थीलाई सरस्वती पूजा गर्न रोक लगाएको आरोपमा प्रधानाध्यापक किशोरी साहमाथि फागुन ८ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइएको भए पनि हालसम्म मुद्दा दर्ता भएको छैन। घटनाको अनुसन्धान भइहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

### बारा

'निर्देशन नमानेको भन्दै हरैया गाविस-३ का एक दलित परिवारका तीन जनालाई प्रहरीले ०७० फागुन १६ गते निर्घात कुटपिट गऱ्यो। प्रहरी चौकी मधुवनका असई खगेन्द्र महतो र प्रहरी हवल्दार नवराज न्यौपानेले रिसको झोँकमा बाँसको भाँटाले कुटपिट गरेको पीडितहरूको आरोप छ। कुटपिटबाट हरैया गाविस-३ का ४५ वर्षीय श्रीचन पासवान, उनका छोरा २५ वर्षीय रामध्यान पासवान, २६ वर्षीय भाञ्जा सनी पासवान घाइते भएका थिए। घाइते उनीहरूको कलैया अस्पतालमा उपचार भयो। घाइते तीनै जनाको ढाड, हत्केला, हीपमा चोट लागेको थियो। असई महतोले निर्देशन नमान्दा कुट्नु परेको बताए। 'झगडा नगर्नु भन्दा नमानेर कुँदेर झगडा गर्न पुगेपछि रिसको झोकमा समान्य कुटे'- उनले भने। पीडितहरुले जिल्ला प्रहरी कार्यालयका एसपी इश्वरबाबु कार्कीलाई भेटी घटनाको मौखिक जानकारी गराएपनि कुनै सुनुवाइनै नभएको पीडितहरूको आरोप छ।

### काभ्रे

ज्याम्दी गाविस-३ घर भएका शङ्करबहादुर सार्कीलाई सोही ठाउँका ३५ वर्षीय अच्युतप्रसाद अर्याल र उनको पत्नी २८ वर्षीया मञ्जु अर्यालले ०७० फागुन २९ गते पानी लिन भनी नजिकैको कुवामा जाँदा दलितले छोएको पानी खान नहुने भन्दै पानी भर्न नदिएर ग्यालीन नै फ्याँकी कुटपिटसमेत गरेको भनी पीडितले ०७० चैत ३ गते आवश्यक कारबाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा निवेदन दर्ता गराए। प्रमुख जिल्ला अधिकारीले दुवै पक्षलाई झिकाई आवश्यक छलफल गराउन भनी जिल्ला प्रहरी कार्यालयमा सक्कल निवेदन पठाए।

## आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार

## नेकपा माओवादी (मातृका समूह) बाट

### धनुषा

सबैला गाविस-९ स्थित एमाले नेता योगनाराण यादवको नाममा रहेको जग्गा ०७० चैत १६ गते नेकपा माओवादीका संयोजक मातृका यादवको नेतृत्वमा रहेको समूहले कब्जा गरेको घोषणा गऱ्यो। एमालेका पूर्व सांसद् योगनाराण यादवले जमिन्दार रुद्रेश्वर प्रधानाङ्गबाट तीन महिना पहिले सो जग्गा खरिद गरेको बताए। परापूर्वकालदेखि स्थानीयबासीहरू सार्वजनिक रूपमा रहेको जग्गा उपभोग गर्दै आएकोले अहिले जग्गा टुक्राटुक्रा गरी बेच्न लागेकोमा स्थानीय राजनीतिक प्रतिनिधिको सर्वदलीय बैठकबाट जग्गा नियन्त्रण लिएका हौँ- नेकपा माओवादी संयोजक यादवले टेलिफोनमा बताए।

# पश्चिमाञ्चल

## नागरिक तथा राजनीतिक अधिकार
### सम्मानित रूपले बाँच्न पाउने अधिकार
### गोली विस्फोटक पदार्थबाट घाइते
### बेवारिसे विस्फोटक पदार्थबाट
**गोरखा**

स्वाँरा गाविस-६ माझथरका १२ वर्षीय सचिन बराम र सोही ठाउँका ११ वर्षीय ज्ञानबहादुर बराम स्वाँरा गाविस-६ माझथरमा ०७० फागुन २७ गते बेवारिसे अवस्थामा छाडिएको विस्फोटक पदार्थ विस्फोट हुँदा घाइते भए। बालबालिकाले उक्त विस्फोटक पदार्थलाई खेलौनाका रूपमा प्रयोग गर्ने क्रममा विस्फोट भई उनीहरू घाइते भएको डिएसपी रमेश थापाले बताए। विस्फोटबाट बालकद्वयको हात खुट्टा तथा अनुहारमा चोट लागेको थियो। उनीहरूको जिल्ला अस्पतालमा सामान्य उपचार भएपछि फागुन २८ गतेदेखि काठमाडौँस्थित वीर अस्पतालमा उपचार भएको थियो। घटनापछि प्रहरीले स्वाँरा गाविस-६ स्थित माझथर भीरमा भण्डार गरी राखिएको अवस्थामा फेला पारेको ७ सय १ थान डेटोनेटर केप, ३ सय मिटर तार र १० किलो बरावरको गन्धक फागुन २८ गते नस्ट गऱ्यो।

### धम्की /कुटपिट
### गैरराज्यपक्षबाट
### युवा सङ्घ नेपालबाट
**कास्की**

नवलपरासी जिल्ला कावासोती गाविस-५ निवासी नेपाल प्रहरीका सई ४१ वर्षीय ओमप्रसाद पौडेललाई ०७० चैत ५ गते युवा सङ्घ नेपालका केन्द्रीय सदस्य दर्शन लामा, क्षेत्रीय संयोजक पसबहादुर बास्तोला सहितका कार्यकर्ताले सिल्दजुरे गाविस-९ मा कुटपिट गरे। सिल्दजुरे गाविस-९ छाचोकको २१ वर्षीया एक महिलालाई सोही ठाउँका २४ वर्षीय निखिल केसीले चैत ५ गते मदिरा सेवन गरी दुर्व्यवहार गरेको विषयमा विवाद हुँदा युवा सङ्घका कार्यकर्ताले घटनास्थलमा पुगेका सई पौडेललाई आक्रमण गरी कुटपिट गरेको पीडितले बताए। सङ्घका कार्यकर्ताले आफूलाई लाठी र मुक्काले प्रहार गरी मार्ने र जागीर खाइदिने धम्की समेत दिएको पीडितले बताए। पीडित पौडेलको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल र हिमालय आँखा अस्पताल पोखरामा उपचार भएको थियो। घटनामा संलग्न रहेको आरोपमा लामा र बास्तोलालाई चैत ६ गते प्रहरीले गिरफ्तार गरी सार्वजनिक मुद्दामा अनुसन्धान गरेकोमा जिल्ला प्रशासन कार्यालयलको आदेशमा उनीहरू दुवै चैत १२ गते जनही ५ हजार रुपियाँ धरौटी राखेर रिहा भए।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार
**कास्की**

१३ वर्षीया एक बालिकालाई ०७० माघ ११ गते स्याङ्जा जिल्ला सिर्सेकोट घर भई पोखरा उमनपा-१८ बस्ने ३५ वर्षीय विनोद गुरूङले बलात्कार गरेको भन्दै पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा माघ १२ गते उजुरी दियो। पीडितको माघ ११ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई माघ १२ गते प्रहरीले गिरफ्तार गरी मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश रामप्रसाद ओलीको इजलासले फागुन ८ गते गरेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्।

१७ वर्षीया एक बालिकालाई ०७० माघ २४ गते बलात्कार गरेको आरोपमा १७ वर्षीय एक बालकविरूद्ध पीडितका आफन्तले माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितले बालिकालाई डर, धम्की दिनुका साथै नशालु पदार्थ खुवाई बलात्कार गरेको उजुरीमा उल्लेख छ। पीडितको माघ २६ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपित बालकलाई माघ २७ गते प्रहरीले गिरफ्तार गरी मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतको न्यायाधीश रामप्रसाद ओलीको इलजासले फागुन २२ गते गरेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्।

१५ वर्षीया एक बालिकालाई ०७० माघ २५ गते बलात्कार गरेको भन्दै लेखनाथ नपा-१२ गगनगौँडाका २७ वर्षीय गोपाल पुनविरूद्ध पीडितका आफन्तले माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घरेलु कामदारको रूपमा राखिएकी बालिकालाई आरोपित पुनले घरमा कोही नभएको अवस्थामा बलात्कार गरेको उजुरीमा उल्लेख छ। बालिकाको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा माघ २६ गते स्वास्थ्य परीक्षण भयो। आरोपित पुनलाई माघ २८ गते प्रहरीले गिरफ्तार गरी जबरजस्तीकरणी मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतको न्यायाधीश रामप्रसाद ओलीको इलजासले फागुन २१ गते गरेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्।

१३ वर्षीया एक बालिकालाई ०७० फागुन १७ गते बलात्कार गरेको भन्दै पोखरा उमनपा-१४ का १९ वर्षीय सन्तोष माझी र २७ वर्षीय दलबहादुर माझीविरूद्ध पीडित पक्षले फागुन १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिकाको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा

फागुन २० गते स्वास्थ्य परीक्षण भयो। प्रहरीले आरोपित दुवै जनालाई फागुन १९ गते गिरफ्तार गरी जबरजस्तीकरणी मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतको न्यायाधीश रामप्रसाद ओलीको इजलासले चैत १२ गते गरेको आदेशबमोजिम आरोपितहरू पुर्पक्षका लागि थुनामा छन्।

१७ वर्षीया एक बालिकालाई ०७० चैत २ गते सामूहिक बलात्कार गरेको भन्दै लेखनाथ नपा-१ भण्डारढिकका २२ वर्षीय विमल गिरी र २० वर्षीय मदन सुनार विरूद्ध पीडितका आफन्तले चैत ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकालाई लेखनाथ नपा-१ स्थित ओडारेमा लगी आरोपितले बलात्कार गरेको उजुरीमा उल्लेख छ। पीडितको चैत ४ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपित गिरीलाई चैत ३ गते प्रहरीले गिरफ्तार गरी जबरजस्तीकरणी मुद्दा दायर गऱ्यो भने। अर्का आरोपित सुनार फरार रहेकोले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

**पर्वत**

१३ वर्षीया एक बालिकालाई ०७० फागुन ७ गते म्याग्दी जिल्ला पिप्ले गाविस-६ का २८ वर्षीय काशीराम परियारले घरमा सुतेको अवस्थामा मार्ने धम्की दिई बलात्कार गरेको भन्दै पीडितका आफन्तले फागुन ८ गते प्रहरीमा उजुरी दिए। बालिकाको फागुन ८ गते जिल्ला जनस्वास्थ्य परीक्षण भयो। आरोपितलाई प्रहरीले फागुन ९ गते गिरफ्तार गरी मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतको न्यायाधीश माधवेन्द्रराज रेग्मीको इजलासले चैत ४ गते गरेको आदेशबमोजिम आरोपित पुपर्क्षका लागि थुनामा छन्।

१३ वर्षीया एक बालिकालाई ०७० फागुन ८ गते शिवालय गाविसका ४८ वर्षीय रामबहादुर परियारले बलात्कार गरेको भन्दै पीडितका आफन्तले फागुन ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरी अनुसन्धान गऱ्यो। आरोपित परियारले घरमा कोही नभएको अवस्थामा विद्यालयबाट घर फर्किएकी बालिकालाई पैसा दिने प्रलोभनमा बलात्कार गरेको उजुरीमा उल्लेख छ। बालिकाको फागुन ९ गते जिल्ला जनस्वास्थ्य कार्यालयमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतका न्यायाधीश माधवेन्द्रराज रेग्मीको इजलासले फागुन २९ गते गरेको आदेशबमोजिम आरोपित पुपर्क्षका लागि थुनामा छन्।

**तनहुँ**

१० वर्षीया एक बालिकालाई ०७० माघ १६ गते बाबुले घरमै बलात्कार गरेको भन्दै पीडितकी आमाले माघ १७ गते इलाका प्रहरी कार्यालय बेलचौतारमा उजुरी दिइन्। घरमा कोही नभएको मौका पारी बालिकालाई बलात्कार गरेको भन्दै दिइएको उजुरीका आधारमा प्रहरीले आरोपितलाई माघ १८ गते गिरफ्तार गरी जबरजस्तीकरणी मुद्दा दायर गऱ्यो। बालिकाको माघ १७ गते जिल्ला अस्पताल दमौलीमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतका न्यायधीश बलभद्र बास्तोलाको इजलासले चैत ६ गते २२ वर्ष कैद सजायको फैसला गऱ्यो।

१४ वर्षीया एक बालिकालाई ०७० फागुन २९ गते छाङ गाविस-९ घर भई खैरेनीटार गाविस-८ डेरा गरी बस्ने ४७ वर्षीय मनबहादुर विकले बालिकाकै घरमा बलात्कार गरेको भन्दै पीडित पक्षले चैत ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले उजुरी दिएकै दिन गिरफ्तार गरी अनुसन्धान गरिरहेको छ। बालिकाको चैत ३ गते जिल्ला अस्पताल दमौलीमा स्वास्थ्य परीक्षण भयो। आरोपित हाल जिल्ला प्रहरी कार्यालयको हिरासतमा छन्।

सात वर्षीया एक बालिकालाई ०७० चैत ७ गते व्यास नपा-११ का २० वर्षीय किसान थापाले बालिकाको घरमै बलात्कार गरेको भन्दै पीडित परिवारले चैत ८ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। आरोपितलाई चैत ९ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धान जारी राखेको छ। बालिकाको चैत ८ गते नै जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

**गोरखा**

१५ वर्षीया एक बालिकालाई माघ ६ गते राती




*बेवारिसे अवस्थामा छाडिएको बम विस्फोट हुँदा घाइते भएका बालक सचिन बराम*

घ्याल्चोक गाविस-९ का नेपाली सेनाका जवान २८ वर्षीय महेन्द्र श्रेष्ठले बलात्कार गरेको भन्दै पीडितका आफन्तले माघ ९ गते प्रहरी चौकी घ्याल्चोकमा उजुरी दियो। छिमेकीको बिहेमा रत्यौली हेर्न गएका बेला बालिकालाई आरोपित श्रेष्ठले बलात्कार गरेको उजुरीमा उल्लेख छ। आरोपित श्रेष्ठलाई प्रहरीले माघ १० गते गिरफ्तार गरी जबरजस्तीकरणी मुद्दा दायर गऱ्यो। बालिकाको माघ ९ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको न्यायाधीश प्रकाशकुमार काफ्लेको इजलासले फागुन ११ गते गरेको आदेशबमोजिम आरोपित पुपर्क्षका लागि थुनामा छन्।

१० वर्षीया एक सुस्त मनस्थिति भएकी बालिकालाई ०७० फागुन २८ गते घरमै बलात्कार गरेको आरोपमा बालिकाका आफन्तले नाम्जुङ गाविस-३ का १९ वर्षीय शरण गुरूडविरूद्ध चैत ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको चैत ३ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण तथा उपचार गरिएकोमा चैत ४ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा थप उपचार भयो। उजुरीका आधारमा आरोपितलाई प्रहरीले सोही दिन घरबाटै गिरफ्तार गरी जबरजस्तीकरणी मुद्दामा अनुसन्धान गरेकोमा जिल्ला अदालतको न्यायाधीश प्रकाशकुमार काफ्लेको इजलासले चैत २४ गते गरेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्।

**कपिलवस्तु**

१४ वर्षीया एक बालिकालाई ०७० माघ १३ गते नन्दनगर गाविस-८ का ३५ वर्षीय गयासुदिन मुसलमानले दिउँसो बलात्कार गरेको भन्दै पीडितका आफन्तले माघ २० गते इलाका प्रहरी कार्यालय पकडीमा किटानी जाहेरी दिए। बलात्कार गरी कसैलाई भनेमा मार्ने धम्की दिएपछि शुरूमा घटना सार्वजनिक भएको थिएन। पटक-पटक बलात्कार गर्न थालेपछि घटना सार्वजनिक भई परिवारले थाहा पाई प्रहरीमा जाहेरी दिएका थिए। जाहेरीको आधारमा आरोपितलाई माघ २० गते इलाका प्रहरी कार्यालय पकडीले गिरफ्तार गरी जबरजस्तीकरणी अन्तर्गत मुद्दामा अनुसन्धान गरेकोमा जिल्ला अदालतका न्यायाधीश अच्युत भण्डारीको चैत १३ गतेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्।



*युवा सङ्घ नेपालका कार्यकर्ताको कुटपिटबाट घाइते भएका सई ओमप्रसाद पौडेल*

१२ वर्षीया एक बालिकालाई ०७० चैत १ गते गजेहडा गाविस-४ का राजेश थारूले बलात्कार गरेको भन्दै पीडितका आफन्तले चैत २ गते इलाका प्रहरी कार्यालय पिपरामा उजुरी दिए। आरोपित थारूले बालिकालाई मिठाइ तथा पैसा दिई बलात्कार गरेको उजुरीमा उल्लेख छ। प्रहरीले आरोपितलाई चैत २ गते गिरफ्तार गऱ्यो। पीडितको चैत ३ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको न्यायाधीश अच्युत भण्डारीको इजलासले चैत १७ गते गरेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्।

**नवलपरासी**

छ वर्षीया एक बालिकालाई ०७० फागुन ७ गते रौतहट जिल्ला औरही गाविस-६ घर भई मुकुन्दपुर गाविस-३ स्थित हिमाल इट्टा उद्योगमा कार्यरत ३७ वर्षीय राधाकिशुन महतोले बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन ८ गते इलाका प्रहरी कार्यालय गैंडाकोटमा उजुरी दिए। प्रहरीले आरोपित महतोलाई फागुन ९ गते गिरफ्तार गऱ्यो। पीडितको जिल्ला अस्पतालमा फागुन ९ गते स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको न्यायाधीश विष्णुप्रसाद कोइरालाको इजलासले ०७० चैत २ गते गरेको आदेशबमोजिम आरोपित पुर्पक्षको लागि थुनामा छन्।

**रूपन्देही**

१२ वर्षीया एक बालिकालाई ०७० पुस १८ गते ४० वर्षीया बाबुले घरमै बन्धक बनाएर बलात्कार गरेको भन्दै बालिकाकी आमाले पुस १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई उजुरी दिएकै दिन गिरफ्तार गऱ्यो। बालिकाको पुस १९ गते भैरहवास्थित भीम अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको न्यायाधीश बालचन्द्र शर्माको इजलासले चैत १६ गते गरेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्।

१७ वर्षीया एक बालिकालाई ०७० चैत ९ गते आदर्श गाविस-४ का २३ वर्षीय मोहम्मद साँहिद, सोही ठाउँका २० वर्षीय सुरेश कलवार, २१ वर्षीय विष्णु ढाँडी र २२ वर्षीय सववीर अहमद खाँले बेलुका घरदेखि केही परको खेतमा सामूहिक बलात्कार गरेको भन्दै पीडितका आफन्तले चैत

११ गते मर्चवार इलाका प्रहरी कार्यालयमा उजुरी दिए। घटनाका आरोपितलाई चैत १५ गते गिरफ्तार गरेको प्रहरीले जनाएको छ। पीडितको लुम्बिनी अञ्चल अस्पतालमा चैत ११ गते स्वास्थ्य परीक्षण भयो।

**स्याङ्जा**

१५ वर्षीया एक बालिकालाई ०७० माघ २५ गते दरौ गाविस-९ का २३ वर्षीय सुरेश विक, १२ वर्षीय र १७ वर्षीय बालकले बलात्कार गरेको भन्दै पीडितका आफन्तले माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घटनामा संलग्न भएको आरोपमा प्रहरीले तीनै जनालाई माघ २७ गते गिरफ्तार गरी अनुसन्धान गऱ्यो। बालिकाको माघ २६ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको न्यायाधीश डिल्लीरमण तिवारीको इजलासले फागुन २२ गते गरेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्। घटनामा संलग्न अन्य आरोपितलाई भने सरकारी वकिलको रायअनुसार मुद्दा नचलाउने गरी रिहा गरियो।

एक १३ वर्षीया बालिकालाई ०७० चैत २ गते बिर्घा गाविस-३ का २२ वर्षीय कृष्ण पाण्डेले बलात्कार गरेको भन्दै पीडितका आफन्तले चैत ७ गते वडा प्रहरी कार्यालय वालिङमा उजुरी दिए। बालिकाको चैत ७ गते वालिङ स्वास्थ्य चौकीमा स्वास्थ्य परीक्षण भयो। आरोपित फरार भएको प्रहरीले जनायो।

**पाल्पा**

नौ वर्षीया एक बालिकालाई ०७० चैत १० गते ३५ वर्षीय बाबुले मादकपदार्थ सेवन गरी बलात्कार गरेको भन्दै बालिकाकी आमाले ०७० चैत ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। घटनामा संलग्न आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरी अनुसन्धान गरिरहेको प्रहरीले जनायो। बालिकाको चैत १२ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

**गुल्मी**

नौ वर्षीया एक बालिकालाई ०७० चैत ४ गते खड्गकोड गाविस-२ का २९ वर्षीय जीवन दमाईले बलात्कार गरेको भन्दै पीडितका आफन्तले आरोपितविरूद्ध चैत ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई चैत ५ गते प्रहरीले गिरफ्तार गरी जबरजस्तीकरणी मुद्दामा अनुसन्धान गऱ्यो। बालिकाको चैत ५ गते जिल्ला जनस्वास्थ्य कार्यालयमा स्वास्थ्य परीक्षणसँगै उपचार हुन नसकेपछि प्रहरी, जिल्ला अस्पताल, इन्सेक, जागरण मिडिया सेन्टर, हिंसा पीडित महिला पुन:र्स्थापना केन्द्र, सञ्चारकर्मी लगायतको सहयोगमा मिसन अस्पताल पाल्पामा उपचार भयो। जिल्ला अदालतको न्यायाधीश दयानन्द खरेलको इजलासले चैत २७ गते गरेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्।

नौ वर्षीया एक बालिकालाई ०७० चैत ७ गते आँपचौर गाविस-८ घर भई जुहाङ्ग गाविस-१ मा व्यवसाय सञ्चालन गरी बस्ने ६५ वर्षीय खिमानन्द अर्यालले बलात्कार गरेको भन्दै पीडितका आफन्तले चैत ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गरी जबरजस्तीकरणी मुद्दा दर्ता गऱ्यो। बालिकाको चैत ८ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको ०७० चैत २३ गतेको आदेशले आरोपित पुर्पक्षको लागि थुनामा छन्।

## महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

**कास्की**

२० वर्षीया एक महिलाले आफूलाई बेचविखन गरिएको भन्दै मुस्ताङ जिल्ला जोमसोम गाविस घर भई पोखरा उमनपा-९ नयाँबजारस्थित मुस्ताङ होटलका सञ्चालिका २३ वर्षीया लक्ष्मी गुरूङविरूद्ध ०७० माघ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडित महिलाले आफूलाई बन्धक बनाई प्रलोभनमा पारी पुस २५ गते जबरजस्ती यौनकार्य गर्न लगाई आरोपित गुरूङले आर्थिक लाभ लिएको जाहेरीमा उल्लेख छ। आरोपित गुरूङलाई प्रहरीले माघ १० गते गिरफ्तार गरी मानवबेचविखन तथा ओसारपसार अन्तर्गत मुद्दा दर्ता गरी अनुसन्धान गरेकोमा जिल्ला अदालतको न्यायाधीश रामप्रसाद ओलीको इजलासले फागुन ४ गते गरेको आदेशले आरोपित १० हजार रूपियाँ धरौटीमा रिहा भइन्।

२३ वर्षीया एक महिलाले आफूलाई सप्तरी जिल्ला पन्सरा गाविस-३ की ३९ वर्षीया अञ्जु चौधरीले बेचविखन गरेको भन्दै माघ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पोखरा उमनपा-७ सिमलचौरस्थित फेमिली रेष्टुरेण्टका सञ्चालिका आरोपित चौधरीले ०७० कात्तिक २० गतेदेखि माघ ४ गतेसम्म आर्थिक प्रलोभनमा पारेर बन्धक बनाई जबरजस्ती यौन कार्यमा लगाई आर्थिक लाभ लिएको उजुरीमा उल्लेख छ। आरोपितलाई प्रहरीले माघ ६ गते गिरफ्तार गरी मानवबेचविखन तथा ओसार-पसार मुद्दामा अनुसन्धान

गरेकोमा जिल्ला अदालतको न्यायाधीश रामप्रसाद ओलीको इजलासले माघ २९ गते गरेको आदेशबमोजिम १ लाख रूपियाँ धरौटीमा रिहा भइन्।

१९ वर्षीया एक महिलाले आफूलाई बेचविखन गरेको भन्दै पोखरा उमनपा-८ न्यूरोडका ४० वर्षीया जुनु लामाविरूद्ध पीडितले जिल्ला प्रहरी कार्यालयमा फागुन ३० गते उजुरी दिइन्। आरोपित लामाले पीडित महिलालाई डर, धम्की देखाएर ०७० माघदेखि फागुन २० गतेसम्म जबरजस्ती यौन कार्यमा लगाई आर्थिक लाभ लिएको उजुरीमा उल्लेख छ। आरोपितलाई चैत १ गते प्रहरीले गिरफ्तार गरी मानव बेचविखन मुद्दामा अनुसन्धान प्रक्रिया अगाडि बढाएकोमा जिल्ला अदालतको न्यायाधीश रामप्रसाद ओलीको इजलासले चैत २४ गते गरेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्।

## बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

### कपिलवस्तु

१९ वर्षीया एक महिलालाई ०७० चैत १ गते गणेशपुर इलाका प्रहरी कार्यालयका हवल्दार रामबहादुर विष्टले बलात्कार प्रयास गरेको भन्दै स्थानीयबासीले नियन्त्रणमा लिएर सोही दिन प्रहरीलाई बुझाए।

गुगौलीस्थित मिलबाट धान कुटेर साँझ घर फर्कने क्रममा हवल्दार विष्टले गुगौली न्याउलागञ्जस्थित सडकमा बलात्कार प्रयास गरेको अवस्थामा चिच्याएपछि स्थानीयबासीले महिलाको उद्धार गरी आरोपित हवल्दारलाई नियन्त्रणमा लिएका थिए। प्रहरी चौकी सुन्दरीडाँडा र इलाका प्रहरी कार्यालय गणेशपुरबाट गएको प्रहरीको टोलीले स्थानीयबासीको नियन्त्रणमा रहेका हवल्दारलाई विभागीय कारबाही गर्ने लिखित प्रतिबद्धता जनाएपछि प्रहरीको जिम्मा लगाएका थिए। आरोपित हबल्दारलाई अनुसन्धानपछि एकवर्षसम्म बढुवा नगर्ने गरी विभागीय कारबाही गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो।

### कास्की

४५ वर्षीया एक महिलालाई ०७० पुस १९ गते सार्दीखोला गाविस-१ का ३० वर्षीय सोमबहादुर तामाङले बलात्कार गरेको भन्दै पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा पुस २० गते किटानी जाहेरी दिए। आरोपित तामाङले कुटपिट र डर, धम्की दिएर जबरजस्ती बलात्कार गरेको जाहेरीमा उल्लेख छ। जिल्ला प्रहरी कार्यालयले आरोपितलाई पुस २० गते गिरफ्तार गरी जबरजस्तीकरणी मुद्दामा अनुसन्धान गरेकोमा जिल्ला अदालतको न्यायाधीश अच्युत भण्डारीको इजलासले माघ १४ गते गरेको आदेशबमोजिम पुर्पक्षका लागि थुनामा छन्।

### पाल्पा

१९ वर्षीया एक महिलालाई ०७० चैत १ गते रूपन्देही जिल्ला देवदह गाविस-६ का ३१ वर्षीय टेकनारायण ढकालले मादकपदार्थ सेवन गरी बलात्कार गरेको भन्दै पीडतका आफन्तले जिल्ला प्रहरी कार्यालयमा चैत २ गते उजुरी दिए। आरोपित ढकालले महिला घरमा एक्लै भएको अवस्थामा मुख बाँधेर बलात्कार गरेको अवस्थामा छिमेकीले देखेपछि सोही दिन नियन्त्रण लिई प्रहरीलाई बुझाए। आरोपितविरूद्ध जबरजस्तीकरणी मुद्दामा अनुसन्धान प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयले जनायो। जिल्ला अदालतको न्यायाधीश दयानन्द खरेलको इजलासले चैत २४ गते गरेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्।

१९ वर्षीया एक महिलालाई ०७० फागुन १३ गते पक्लिहवा गाविस-७ का १९ वर्षीय आशिष आलेमगर, सोही ठाउँका १९ वर्षीय चन्द्रमोहन कलवार सहित अन्य तीनजना १७ वर्षीय बालकले बलात्कार गरेको भन्दै पीडितका आफन्तले ०७० फागुन २४ गते इलाका प्रहरी कार्यालय बेलाटारीमा निवेदन दिए। घटनाका आरोपित फरार रहेकोले खोजी कार्य भइरहेको प्रहरीले जनायो।

२० वर्षीया एक अपा ता भएकी महिलालाई ०७० चैत १४ गते अडगुरी गाविस-७ का २४ वर्षीय रमेश कुमालले बलात्कार प्रयास गरेको भन्दै आरोपितविरूद्ध पीडितका आफन्तले ०७० चैत १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। उजुरीको आधारमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान जारी राखेको छ। पीडितको जिल्ला जनस्वास्थ्य कार्यालयमा चैत १५ गते स्वास्थ्य परीक्षण भयो।

### रूपन्देही

२३ वर्षीया एक अपाङ्ग महिलालाई फागुन २७ गते बलात्कार गरेको आरोपमा मोरङ जिल्लाको शनिश्चरे घर भई देवदह गाविस-९ मा बस्ने ३२ वर्षीय ताराबहादुर राईविरूद्ध पीडितका आफन्तले फागुन २८ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिए। घरमा कोही नभएको समयमा महिलालाई बलात्कार गरिएको उजुरीमा उल्लेख छ। पीडितको लुम्बिनी अञ्चल अस्पतालमा फागुन २८ गते स्वास्थ्य परीक्षण भयो। आरोपितलाई प्रहरीले फागुन २८ गते गिरफ्तार गरी अनुसन्धान गरेकोमा जिल्ला अदालतको न्यायाधीश बालचन्द्र शर्माको इजलासले चैत

१९ गते गरेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्।

१९ वर्षीया एक महिलालाई फागुन २६ गते बलात्कार गरेको आरोपमा देवदह गाविस-४ भुलहीका २० वर्षीय कमल परियारविरूद्ध पीडितका आफन्तले फागुन २७ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिए। पीडितको स्थानीय अस्पतालमा फागुन २६ गते स्वास्थ्य परीक्षण भयो। आरोपितलाई प्रहरीले फागुन २७ गते गिरफ्तार गरी अनुसन्धान गरेकोमा जिल्ला अदालतको न्यायाधीश बालचन्द्र शर्माको इजालसले चैत १८ गते गरेको आदेशबमोजिम पुर्पक्षका लागि थुनामा छन्।

### तनहुँ

३१ वर्षीया एक महिलालाई ०७० माघ १७ गते क्यामिन गाविस-२ का ५८ वर्षीय जुनबहादुर परियारले क्यामिन गाविस-२ मा बलात्कार गरेको भन्दै पीडितले माघ १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आफूलाई ललाई-फकाई आफ्नै घरमा लगी जबरजस्ती बलात्कार गरेको पीडितले उजुरीमा उल्लेख गरेकी छन्। आरोपितलाई माघ २० गते प्रहरीले गिरफ्तार गरी अनुसन्धान गर्‍यो। पीडितको जिल्ला अस्पतालमा माघ १९ गते स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको न्यायाधीश बलभद्र वास्तोलाको इजलासले ०७० फागुन १० गते गरेको आदेशबमोजिम आरोपित पुर्पक्षको लागि थुनामा छन्।

## परिवारजनबाट हत्या

### नवलपरासी

गैँडाकोट गाविस-५ निवासी २६ वर्षीया सुनीता अधिकारीलाई ०७० माघ १५ गते पति ३२ वर्षीय लिलाराज अधिकारी र सासू ५० वर्षीया चेतकुमारी अधिकारीले घरायसी विवादका क्रममा घरमै हत्या गरी झुण्ड्याएको भन्दै ०७० माघ १६ गते माइती पक्षले दुवै जनाविरूद्ध जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। आरोपितद्वयलाई प्रहरीले सोही दिन गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दामा अनुसन्धान गरेकोमा जिल्ला अदालतको न्यायाधीश विष्णुप्रसाद कोइरालाको इजलासले फागुन १४ गते गरेको आदेशबमोजिम आरोपित दुवैजना पुर्पक्षको लागि थुनामा छन्।

बेनिमणिपुर गाविस-७ घर भई सोही गाविस-३ स्थित माइतीघरमा नौ महिनादेखि बस्दै आएकी ३५ वर्षीया लक्ष्मीसिंह ठकुरीलाई ०७० माघ १६ गते सामान्य विवादका क्रममा बाबु ५९ वर्षीय कृष्णप्रसाद सापकोटाले हत्या गरी घर नजिकैको खेतमा खाल्टो खनेर गाडेको भन्दै स्थानीयबासीले माघ १८ गते इलाका प्रहरी कार्यालय कावासोतीमा किटानी जाहेरी दिए। आरोपितद्वयलाई प्रहरीले माघ १९ गते गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दामा अनुसन्धान गरेकोमा जिल्ला अदालतको न्यायाधीश विष्णुप्रसाद कोइरालाको इजालसले फागुन १४ गते गरेको आदेशबमोजिम पुर्पक्षका लागि थुनामा छन्।

## घरेलु हिंसा

### कास्की

पोखरा उमनपा-९ का ५८ वर्षीया मुना खवासलाई ०७० माघ १८ गते पति ६० वर्षीय रणबहादुर खवासले घरायसी विवादका क्रममा कुटपिट गरी घाइते बनाएको भन्दै पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपित खवासलाई माघ १८ गते प्रहरीले गिरफ्तार गरी सार्वजनिक मुद्दामा अनुसन्धान गरेकोमा जिल्ला प्रशासन कार्यालयको माघ २९ गतेको आदेशले तारेखमा रिहा भए। घाइतेको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भयो।

### नवलपरासी

रामग्राम नपा-१ की २१ वर्षीया निर्मला भरले पति २४ वर्षीय जोगेन्द्र भरले तीन वर्ष पहिले प्रेम विवाह गरी बिचल्लीमा पारेको भन्दै ०७० माघ २२ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरिन्। विवाहपछि छोरी जन्मेको र छोरी जन्मेको तीन महिनासम्म साथमा बसेको र त्यसपछि आरोपितले छोरी आफ्नी नभएको भन्दै घर छोडेर रूपन्देही जिल्लाको अमवा गाविसमा बसी घर नफर्केको कारण आमा र नाबालक छोरीलाई अलपत्र पारेको मुद्दामा उल्लेख गरेकी छन्। उनले नाता कायम गरी अंश दिलाउन माग गर्दै चार महिनादेखि घरमा बस्न नसकी माइतीमा बस्नुपर्ने बाध्यता भएको बताइन्। हाल उक्त मुद्दा अदालतमा विचाराधीन अवस्थामा रहेको छ।

### अर्घाखाँची

सन्धिखर्क गाविस-६ की ३६ वर्षीया रेमकला आलेलाई ०७० चैत ९ गते पति ३८ वर्षीय प्रेम आलेले कुटपिट गरेको भन्दै घरेलुहिंसा अन्तर्गत कानुन बमोजिम कारबाहीको माग राखी चैत १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। उजुरीको आधारमा पतिलाई प्रहरीले सोही दिन गिरफ्तार गरी अनुसन्धान जारी राखेको जिल्ला प्रहरी कार्यालयले जनायो। कुटपिटबाट खुट्टामा चोट लागेका पीडितको चैत १० गते जिल्ला स्वास्थ्य

कार्यालयमा उपचार भयो। यसअघि पनि पतिले पटक-पटक कुटपिट र झैझगडा हुने गरेको पीडितले प्रहरीमा दिएको उजुरीमा उल्लेख छ।

किमडाँडा गाविस-५ की २४ वर्षीया तारा रानामगरलाई पति २८ वर्षीय खिमबहादुर रानासहित भीमबहादुर राना, डिलकुमारी राना, गिरी रानाले कुटपिट गरी मानसिक र शारीरिक यातना दिएको भन्दै ०७० फागुन २८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरिन्। यसअघि ०६९ मङ्सिरमा छरछिमेकको रोहवरमा आगामी दिनमा कुटपिट नगर्ने भनी कागजात गरे तापनि पटक-पटक घटना दोहोऱ्याएकोले उजुरी दिएको उनले बताइन्। उजुरीको आधारमा जिल्ला अदालतमा घरेलुहिंसा अर्न्तगत मुद्दा दर्ता भयो। मुद्दाको फैसला भएको छैन।

**म्याग्दी**

३५ वर्षीया एक महिलालाई ०७० माघ २ गते बलात्कार गरेको भन्दै बरंजा गाविस-१ का ४६ वर्षीय ओमप्रकाश सापकोटाविरूद्ध पीडितका आफन्तले माघ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित सापकोटाले महिलालाई गाउँनजिकको जङ्गलमा बलात्कार गरेको उजुरीमा उल्लेख छ। आरोपितलाई प्रहरीले ०७० माघ १० गते घरबाट गिरफ्तार गरी अनुसन्धान गरेकोमा जिल्ला अदालतको न्यायाधीश गायत्रीप्रसाद रेग्मीको इजालसले फागुन ५ गते गरेको आदेशबमोजिम पुर्पक्षका लागि थुनामा छन्।

## बोक्सीको आरोपमा कुटपिट

**कपिलवस्तु**

निग्लिहवा गाविस-१ की ५० वर्षीया ज्ञानमती थारू, २३ वर्षीया वीरमती थारू, २२ वर्षीय पार्वती थारू र १६ वर्षीय जगदीश थारूलाई ०७० फागुन २५ गते बोक्सीको आरोपमा सोही ठाउँका २७ वर्षीय प्रचण्ड थारूले राती १० बजे घरमै कुटपिट गरे। कुटपिटबाट घाइतेको सोही दिन जीतपुर अस्पतालमा उपचार भयो। घटनापछि पीडित परिवारले ०७० फागुन २६ गते प्रहरी चौकी जहदीमा र इलाका प्रहरी कार्यालय पिपरामा उजुरी दिएपछि आरोपित प्रचण्डलाई जहदी प्रहरी चौकीले फागुन २६ गते गिरफ्तार गऱ्यो। आरोपितलाई प्रहरीले मुद्दा नचलाई २४ घण्टा भित्रै पीडितको उपचार खर्च बेहोर्ने सर्तमो मिलापत्र गराई फागुन २७ गते रिहा गऱ्यो। घाइतेलाई अस्पतालले १५ दिनपछि फ्लोअपका लागि बोलाएकोमा चैत ११ गते अस्पताल जाने क्रममा आरोपित प्रचण्डले उपचार खर्चसमेत दिन्न भनी धम्की दिएपछि पुनः चैत १३ गते जिल्ला प्रहरी कार्यालय, स्थानीय शान्ति समितिमा वीरमती थारूले उजुरी गरेपछि घटना सार्वजनिक भएको थियो। पहिलेदेखि नै गाउँले र प्रचण्डका परिवारले ज्ञानमतीलाई बोक्सी भन्दै दुर्व्यवहार गर्दै आएको पीडितले बताइन्। घटनाबारे जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत तारा घिमिरे, इन्सेक प्रतिनिधि तथा शान्ति समिति सदस्य नन्दराम पौडेल र अनुसन्धान कार्यालयका कृष्ण केसीसहितको टोली ०७० चैत १४ गते बिहान स्थलगत अनुगमन गरेको थियो।

## सबै प्रकारका जातीय विभेद

**कास्की**

बागलुङ जिल्ला घर भई पोखरा उमनपा-५ मा डेरा गरी बस्दै आएका २१ वर्षीय प्रवीण बोहोरा र पर्वत जिल्ला शिवालय गाविस कुश्मा निवासी १९ वर्षीया सनम रूचेललाई फागुन १५ गते पोखरा उमनपा-७ मासवारस्थित पुष्केश्वर शिव मन्दिरमा प्रेम विवाह गर्न व्यवस्थापन पक्षले अवरोध गऱ्यो। दलित भएको भन्दै मन्दिरका पूजारी र मन्दिर व्यवस्थापन समितिले उनीहरूलाई विवाह गर्न नदिएको पीडितले बताए। विवाह र व्रतबन्धका लागि फागुन १३ गते नै मन्दिरमा गएर छलफल गरी फागुन १५ गतेका लागि मिति तय गरेर बाजागाजासहित मन्दिर गएकोमा पूजारी देवीप्रसाद बराल र व्यवस्थापन समितिका अध्यक्ष पिताम्बर बरालले जात ढाँटेको भन्दै व्रतबन्ध र विवाहमा अवरोध पुऱ्याएको पीडितले सोही दिन पत्रकार सम्मेलन गरी सार्वजनिक गरेका थिए। उक्त मन्दिरमा विवाह गर्न अवरोध भएपछि पोखरा उमनपा-३ नदीपुरस्थित नारायणस्थान मन्दिरमा गएर उनीहरूले विवाह गरेका थिए। घटनाका सम्बन्धमा जिल्ला प्रहरी कार्यालयमा दुवै पक्षबीच फागुन १९ गते छलफल भएकोमा आरोपितले पीडित पक्षसँग गल्ती भएको भन्दै माफी मागेपछि सहमति भएको प्रवीण बोहोराले बताए।

# मध्यपश्चिमाञ्चल

## नागरिक तथा राजनीतिक अधिकार

## सम्मानितरूपले बाँच्ने पाउने अधिकार

### गोली तथा विस्फोटक पदार्थबाट मृत्यु /घाइते

**जाजरकोट**

दशेरा गाविस–३ का ७० वर्षीय कमारा चदारा, सोही ठाउँका १५ वर्षीय नैनबहादुर नेपाली, ६५ वर्षीय जोखे थापा, ३५ वर्षीय भक्तबहादुर नेपाली, ३३ वर्षीय नरसिह थापा र २७ वर्षीय मनबहादुर नेपाली ०७० फागुन ८ गते बिहान पाइप बम विस्फोटन हुदा गम्भीर घाइते भए। घाइते कमारा चदाराको उपचारका क्रममा ०७० फागुन ९ गते शिक्षण अस्पताल काठमाडौँमा मृत्यु भयो। सशस्त्र द्वन्द्वको समयमा तत्कालीन नेकपा माओवादीले पीडितकै घरमा लुकाई राखेको पाइप बम कमाराले आरनबाट पगालेर खाना पकाउने फलामको ओदान बनाउन खोज्दा उक्त बम विस्फोटन भएको घाइतेहरूले बताए। घाइतेहरूको प्राथमिक उपचार स्थानीय स्वास्थ्य चौकीमा भयो भने थप उपचार शिक्षण अस्पताल काठमाडौँमा भयो।

**बर्दिया**

पाताभार गाविस-३ की ३८ वर्षीया पवनदेवी रावल ०७० फागुन १ गते दिउँसो सोही ठाउँस्थित सिंहवानी सामुदायिक वनमा गाउँलेसँगै दाउरा काट्न गएको अवस्थामा नेपाली सेनाले चलाएको गोली बाँया हातको पाखुरामा लागी घाइते भइन्। बर्दिया र कैलालीको सीमानामा पर्ने कर्णाली नदीसँगै जोडिएको भुराखानी सामुदायिक वन र कैलेश्वर सामुदायिक वन बीचमा नेपाली सेनाको भैरव गणको टोलीले तालिमको क्रममा अभ्यास गर्दा चलाएको गोली लागेको प्रहरीले जनायो। घाइतेको टीकापुर अस्पतालमा उपचार भयो। नेपाली सेनाको सहयोगबाट प्रारम्भिक स्वास्थ्य उपचार भएपनि पीडितले यस वर्षको पहिलो त्रैमासिकसम्म क्षतिपूर्ति पाएकी छैनन्।

**जाजरकोट**

दह गाविस-१ का १० वर्षीय खड्गबहादुर बुढा ०७० चैत ३ गते दिउँसो सोही ठाउँको जङ्गलमा बेवारिसे अवस्थामा भेटिएको सकेट बम हँसियाले ठोकेर खेलाउन खोज्दा विस्फोट भई घाइते भए। बम विस्फोटबाट बालकको दाहिने छातीको कुमदेखि मुनि, नाइटोदेखि दाहिने भागमा गहिरो घाउ भयो भने देब्रे हातको चारवटा औँला गुम्यो। घाइते बालकको उपचार जिल्ला अस्पताल दैलेख र थप उपचार नेपालगञ्ज मेडिकल कलेजमा भयो। बालकको उपचारमा इन्सेक, सिविन लगायत अधिकारकर्मी तथा सञ्चारकर्मीले आर्थिक सहयोग गरेका थिए।

### जेल तथा बन्दी

**सुर्खेत**

कारागार कार्यालय सुर्खेतका सहायक ३५ वर्षीय शेरबहादुर रावलले सोही कारागारका दाइ नाइके पदम शाही र चौकीदार जगत प्याकुरेललाई घुमाउन लगेको आरोपमा ०७० माघ १२ गते साँझ कारागार सुरक्षार्थ रहेका असई गणेश सिंले कार्यकक्षमै शेरबहादुरलाई लात्तीमुक्काले कुटपिट गरे। रावललाई कुटपिट गरेपछि तत्काल कारागारका कैदी बन्दी र सुरक्षाकर्मीबीच भएको तनावमा चार जना सुरक्षाकर्मी र तीन जना कैदीबन्दी घाइते भए। पीडित रावलले विगतका दिनहरूमा झैँ कारागारको सीमा क्षेत्रभित्र आफूहरू घुम्न गएको दाबी गरेपनि असई सिंले भने सुरक्षाको कारण आफूलाई जानकारी नदिई कैद भोगिरहेका दाई नाइके शाही र चौकीदार प्याकुरेललाई रावलले घुमाउन लगेको बताए। यस वर्षको पहिलो त्रैमासिकसम्म घटनामा कसैलाई कुनै कारबाही भएन्।

### धम्की/कुटपिट

### राज्यपक्षबाट

**सुर्खेत**

साटाखानी गाविस-७ स्थित खाँडदेवी सामुदायिक वन अतिक्रमण गरी बसोबास गरेको आरोपमा भूमिहीन ४० वर्षीय जसवीर सार्की, ४२ वर्षीय भीमबहादुर सुनार र ५७ वर्षीया कौशिला परियारलाई ०७० फागुन २ गते साटाखानी रेञ्जपोस्टका रेञ्जर टोपलाल चपाईको नेतृत्वमा गएको वनरक्षकहरूको टोलीले लात्तीमुक्का र लाठीले कुटपिट गऱ्यो। बस्ती उठाएर लैजान सूचना टाँस गर्न गएका वनरक्षकको टोलीले आफूहरूलाई एकाएक कुटपिट गरेको पीडितहरूले आरोप लगाए। जिल्ला वन कार्यालय सुर्खेतका प्रमुख शम्भुप्रसाद चौरासियाले उनीहरूलाई वनरक्षकहरूले कुटपिट नगरेको प्रतिक्रिया दिए। भूमिहीन घरपरिवारहरू बसोबास गर्दै आएको बस्तीमा विकल्पको व्यवस्था नगरी जिल्ला वन कार्यालय सुर्खेतले ०७० फागुन १३ गते बस्तीमा आगजनी गरी भूमिहीनहरूलाई उठिबास बनायो।

### यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

**सुर्खेत**

उत्तरगङ्गा गाविस-१ का २४ वर्षीय स्टालियन

लामिछाने र २३ वर्षीय वास्तान लामिछानेले लागु औषध ओसारपसार गरेको आरोप अस्वीकार गरेको भन्दै ०७० पुस २३ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा प्रहरीले लात्तीमुक्का, लाठी तथा मुढाले पेलेर यातना दिएको पीडितले आरोप लगाए। प्रहरीले पीडितहरूको उपचार गरेन्। यस वर्षको पहिलो त्रैमासिकसम्म पीडितहरूले कही उजुरी दिएका छैनन्।

वीरेन्द्रनगर नपा-६ का ४३ वर्षीय किरण खड्काले अवैधरूपमा हातहतियार ओसारपसार गरेको आरोपमा ०७० पुस २८ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा प्रहरीले लाठी, बुट र मुढाले पेलेर यातना दिएको पीडितले आरोप लगाए। पाँचदिन पछि रिहा गरिएका पीडितले यस वर्षको पहिलो त्रैमासिकसम्म यातना विरूद्ध कही उजुरी दिएनन्।

लाटीकोइली गाविस-८ का २० वर्षीय निरक रोकाय र उत्तरगङ्गा गाविस-८ का २२ वर्षीय किरण शाहीले लागुऔषध ओसारपसार तथा सेवन गरेको आरोप अस्वीकार गरेको आरोपमा ०७० माघ २६ गते प्रहरीले जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा दुवैजनालाई लाठी र मुढाले पेलेर यातना दिएको पीडितले आरोप लगाए। पीडितहरूको प्रहरीले उपचार गरेन। पीडितहरूले यस वर्षको पहिलो त्रैमासिकसम्म कहीं उजुरी दिएनन्।

वीरेन्द्रनगर नपा-१० निवासी एमाओवादीका कार्यकर्ता ४८ वर्षीय सोमराज वलीले अवैध काठ ओसारपसार गरेको आरोपमा ०७० फागुन २२ गते प्रहरीले जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उनलाई 'तँ माओवादी कमाण्डरले अवैध काम गर्ने' भन्दै लाठी, बुट र मुढाले पेलेर तीन दिनसम्म यातना दिएको पीडितले आरोप लगाए। प्रहरीले उपचार गर्न समेत दिएन। चारदिनपछि रिहा भएका पीडितको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। पीडितले यस वर्षको पहिलो त्रैमासिकसम्म कहीं उजुरी दिएनन्।

डिएसपी दिपक रेग्मीले जानकारी दिए। आरोपितलाई प्रहरीले सोही दिन घरबाट पक्राउ गरेकोमा पुर्पक्षका लागि फागुन १४ गते कारागार चलान भइन्। मृतक बालकको जिल्ला अस्पताल बिजुवारमा माघ २६ गते पोस्टमार्टम भयो। यस वर्षको पहिलो त्रैमासिकसम्म मुद्दाको फैसला भएको छैन्।

### बलात्कार/बलात्कार प्रयास

**बाँके**

एक १३ वर्षीया बालिकालाई परस्पुर गाविस-७ का २४ वर्षीय महेश तेली र सोही ठाउँका २० वर्षीय अमन शर्माले ०७० चैत ९ गते बलात्कार गरेको भन्दै पीडित पक्षले चैत १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि सोही दिन प्रहरीले दुवै जनालाई गिरफ्तार गऱ्यो। पीडितको चैत १७ गते भेरी अञ्चल अस्पताल नेपालगञ्जमा स्वास्थ्य परीक्षण भयो। चैत ९ गते महेश तेलीले र चैत ११ गते अमन शर्माले बलात्कार गरेको पीडित पक्षले आरोप लगायो।

एक ७ वर्षीया बालिकालाई सोही ठाउँका २१ वर्षीय हसन खाँले ०७० पुस २३ गते साँझ सोनपुर गाविस-४ मा मुस्लिमहरूको चाड मोहम्मद डेको अवसरमा लागेको मेला हेरेर घर फर्किने क्रममा बलात्कारको प्रयास गरेको भन्दै पीडित पक्षले माघ १ गते उजुरी दिए। प्रहरीले सोही दिन आरोपितलाई घरबाट गिरफ्तार गऱ्यो। बालिकाको माघ १ गते भेरी अञ्चल अस्पताल नेपालगञ्जमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतको आदेश अनुसार आरोपित माघ २७ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको पहिलो त्रैमासिकसम्म मुद्दाको फैसला भएको छैन्।

एक १३ वर्षीया बालिकालाई काका नाता पर्नेले यौन शोषण गर्दै आएको भन्दै बालिकाका बाबुले इलाका प्रहरी कार्यालय कोहलपुरमा ०७० माघ १४ गते उजुरी

### बालअधिकार

हत्या

**प्यूठान**

बाङ्गेशाल गाविस-१ का ५ वर्षीय शेरबहादुर कुमाललाई सोही ठाउँका छिमेकी २६ वर्षीया चन्द्रकला कुमालले ०७० माघ २५ गते दिउँसो घर नजिकै खुर्पाले घाँटी रेटेर हत्या गरेको प्रहरीले जनायो। मृतक र चन्द्रकलाको छोरा बीच भएको झगडाको विषयमा आवेगमा आई चन्द्रकलाले हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालयका





*पाइप बम विस्फोटनमा परी घाइते भएका भक्तबहादुर नेपाली र नरसिंह थापा*

दिए। आरोपितलाई प्रहरीले ०७० माघ १४ गते कोहलपुरबाट गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेश अनुसार ०७० फागुन ९ गते पुर्पक्षका लागि कारागार चलान भए। बालिकाको पेट दुखेपछि डाक्टर समक्ष जचाउने क्रममा गर्भ रहेको थाहा पाएपछि यौन शोषणमा परेको खुलासा भयो। पीडितको माघ १५ गते भेरी अञ्चल अस्पताल नेपालगञ्जमा स्वास्थ्य परीक्षण भयो। चिकित्सकको सल्लाह अनुसार पीडितको माघ २५ गते गर्भपतन गराइएको थियो।

**दाङ**

सात वर्षीया एक बालिकालाई ०७० फागुन ४ गते स्कूल जाऔँ भनी घरबाट बोलाई सोही ठाउँका ७२ वर्षीय हुर्मत धितालले आफ्नो घरमा लगि बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालय हेकुलीमा उजुरी दिए। प्रहरीले आरोपितलाई सोही दिन घरबाट गिरफ्तार गरेकोमा चैत ६ गते जिल्ला अदालतका न्यायाधीश विश्वमङ्गल आत्रेयले दश वर्षको कैद सजाय सुनाए। पीडितको स्वास्थ्य परीक्षण फागुन ५ गते राप्ती अञ्चल अस्पताल तुल्सीपुरमा भयो।

**रोल्पा**

सात वर्षीय एक बालकलाई ०७० फागुन १२ गते धवाङ गाविस-४ का २२ वर्षीय पुस्तबहादुर पुनले जबरजस्ती अप्राकृतिक मैथुन गरेको भन्दै पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा सोही दिन उजुरी दिए। आरोपितलाई प्रहरीले ०७० फागुन २८ गते लिवाङ गाविस-८ बाट गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशअनुसार आरोपित ०७० चैत १२ गते पुर्पक्षका लागि कारागार चलान भए। पीडितको स्वास्थ्य परीक्षण भएन।



***जङ्गलमा बेवारिसे अवस्थामा भेटिएको सकेट बम हँसियाले ठोकेर खेलाउन खोज्दा विस्फोटन हुँदा घाइते भएका खड्गबहादुर बुढा***

## महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

**मुगु**

जिमा गाविस-६ की ४२ वर्षीया रत्नरूपा मल्ल घरमा सुतिरहेको समयमा ४८ वर्षीय पति कन्नबहादुर मल्लले ०७० फागुन ९ गते राति बञ्चरो प्रहार गरी हत्या गरे। घटनापछि आरोपित फरार रहेको प्रहरीले जनायो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा फागुन १० गते उजुरी दिए। आरोपित यस वर्षको पहिलो त्रैमासिकसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

**रोल्पा**

मिझिङ गाविस-२ की ३६ वर्षीया बिना पुनलाई ३८ वर्षीय पति प्रेमबहादुर पुनले ०७० फागुन २० गते कुटपिट गरेको दुई दिनपछि ०७० फागुन २२ गते उनको घरमा मृत्यु भयो। मृतकका आफन्तहरूले प्रहरीमा सोही दिन जानकारी दिएपछि आरोपितलाई ०७० फागुन २५ गते प्रहरीले घरबाट पक्राउ गरेकोमा जिल्ला अदालतको आदेश अनुसार ०७० चैत १२ गते पुर्पक्षका लागि कारागार चलान भए।

## बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

**बर्दिया**

मानपुरटपरा गाविसकी ५५ वर्षीया एक महिलालाई ०७० फागुन ९ गते सोही ठाउँका ३५ वर्षीय कलवीर चौधरीले साँझ घरमा एक्लै बसिरहेको अवस्थामा घरभित्र प्रवेश गरी महिलालाई टाउकोमा लाठी प्रहार गरी घाइते बनाएर बलात्कारको प्रयास गरेको भन्दै पीडित पक्षले ०७० फागुन १२ गते इलाका प्रहरी कार्यालय राजापुरमा उजुरी दिए। महिला गुहार माग्दै रूदैकराउँदै गरेको आवाज सुनेपछि छिमेकीहरू त्यहाँ पुग्दा नग्न अवस्थामा रहेको र आरोपित फरार रहेको स्थानीयबासीले बताए। प्रहरीले कुलवीरलाई ०७० फागुन ११ गते गाँउबाट गिरफ्तार गरेकोमा बर्दिया जिल्ला अदालतको आदेश अनुसार आरोपित ०७० चैत ४ गते पुर्पक्षका लागि कारागार चलान भए।

**कालीकोट**

१९ वर्षीया एक महिलालाई मान्म गाविस-६ का २२ वर्षीय नरी विकले माघ ११ गते पानी खाने निउँमा घरभित्र प्रवेश गरी बलात्कार प्रयास गरेको आरोप लगाउँदै पीडितले माघ १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपित यस वर्षको पहिलो त्रैमासिकसम्म फरार रहेको प्रहरीले जनायो।

**रूकुम**

१८ वर्षीया एक किशोरीलाई ०७० फागुन ३० गते उदयपुर कटारी गाविस-३ घर भइ दि फेमस महिन्द्र दल गण सल्ले रूकुममा कार्यरत ३२ वर्षीय सैनिक जवान इन्द्रबहादुर अधिकारीले आफूलाई जबरजस्ती बलात्कार गरेको भन्दै पीडित पक्षले ०७० चैत १ गते जिल्ला प्रहरी कार्यालय रूकुममा उजुरी दियो। आरोपितलाई जिल्ला प्रहरी कार्यालयले ०७० चैत १ गते खलङ्गा गाविस-२ बाट गिरफ्तार गरेकोमा ०७० चैत २० गते जिल्ला अदालत रूकुमको थुनछेक आदेश अनुसार पुर्पक्षका लागि कारागार चलान गऱ्यो।

**प्यूठान**

१८ वर्षीया एक किशोरीलाई ढुङ्गेगढी गाविस-१ का ४१ वर्षीय आफ्नै बाबुले एक वर्ष अघिदेखि पटकपटक बलात्कार गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा फागुन २१ गते उजुरी दिइन्। प्रहरीले आरोपितलाई फागुन २१ गते गिरफ्तार गऱ्यो। पीडितको फागुन २२ गते जिल्ला अस्पताल बिजुवारमा स्वास्थ्य परीक्षण भयो। घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनायो।

## घरेलु हिंसा

**बर्दिया**

मगरागाडी गाविस-४ की २५ वर्षीया माया थारूलाई ०७० माघ ३ गते पति विष्णु थारूले कुटपिट गर्दै घर निकाला गरे। विगतमा पनि खानलाउन नदिई पटकपटक कुटपिट गर्ने गरेको पीडितले आरोप लगाइन्। गत वर्ष पतिको कुटपिटबाट अचेत भएकी मायालाई स्थानीयबासीहरूले आर्थिक सङ्कलन गरी उपचार गराएपछि ठिक भएकी थिइन्। मरणासन्न हुनेगरी कुटपिट गर्ने गरेको भएपनि सबै पीडा सहेर माया पतिसँगै बस्दै आएकी थिइन्। पछिल्लो समयमा घरबाट निकालिएपछि उनी मगरागाडी गाविस-१ जयनगर बजार नजिक डेरामा तीन जना बालबालिकासहित बस्दै आएकी छन्। आफूसहित चार जनाको पेट पाल्न र डेरा भाडा तिर्न स्थानीय व्यक्ति र मिलमा काम गर्ने गरेकी छन्। अरूको मिल र घरमा रातिसम्म काम गर्नुपर्ने र आफू नभएको अवस्थामा पति विष्णुले कोठामा आएर पकाएको खाना फालिदिनुको साथै लत्ताकपडामा आगो लगाई दिने गरेको पीडितले बताइन्। राति बच्चाहरू मात्र घरमा सुतिरहेको अवस्थामा सानी छोरी पाँच वर्षीया गरिमा थारूको हातमा पोलेर घाउ भएको थियो । पीडितले न्यायको लागि स्थानीय आमा समूहमा मौखिक अनुरोध गरेको र छलफलमा मिल्ने सहमति गरेपनि घटना दोहोरिने गरेको आमा समूहकी सदस्य हरिकला रिजालले बताइन्।

**जुम्ला**

डिल्लीचौर गाविस-४ की २२ वर्षीया शितली बुढालाई २५ वर्षीय पति हिराबहादुर बुढाले घरमा बस्न नदिने कुटपिट गर्ने गरेको भन्दै अंशसहित सम्बन्ध विच्छेदका लागि जिल्ला अदालत जुम्लामा ०७० फागुन ६ गते मुद्दा दर्ता गराइन्। पीडित हाल सोही गाविसस्थित माइती घरमा ०७० माघ २७ गतेदेखि नाबालक छोरासहित बस्दै आएकी छन्। जिल्ला अदालतले मुद्दा कारबाहीको प्रक्रियामा रहेको जनायो।

**सल्यान**

हिवल्चा गाविस-७ की ३४ वर्षीया सुनिता बुढाथोकीका पति ४० वर्षीय बमबहादुर बुढाथोकीले ०७० पुस २५ गते कुटपिट गरी घर निकाला गरेको भन्दै पीडितले जिल्ला अदालत सल्यानमा ०७० चैत ११ गते अंशसहित सम्बन्ध विच्छेदको मुद्दा दर्ता गरिन। यस वर्षको पहिलो त्रैमासिकसम्म पीडित माइतमा बस्दै आएकी छन्। उक्त मुद्दा विचाराधिन रहेको जिल्ला अदालत सल्यानले जनायो। बमबहादुरले ०६९ जेठ ६ गते बहुविवाह गरेको र पटकपटक कुटपिट गर्दै आएको पीडितले आरोप लगाएकी छन्।

## सबै प्रकारका जातीय विभेद

**बर्दिया**

कालिका गाविस-४ का ५५ वर्षीय टीकालाल दर्जीलाई ०७० फागुन १५ गते शिवरात्रीको दिन सोही ठाउँमा रहेको कालिका मन्दिरमा प्रसाद खाने विषयमा विवाद हुँदा सोही ठाउँका ३२ वर्षीय यमबहादुर मगरले 'मन्दिर जस्तो पवित्र स्थलमा कथित अछूतलाई आउन नदिने र सञ्चालक समितिमा बस्न नदिने' भन्दै छुवाछूत व्यवहार गरे। पीडितले न्यायको लागि जिल्ला प्रहरी कार्यालय बर्दियामा ०७० फागुन २६ गते न्यायको लागि यमबहादुर मगर विरूद्ध सार्वजनिक ठाउँमा छुवाछूत गरेको आरोप लगाई जाहेरी दर्ता गराए। प्रहरीले आरोपितहरूलाई ०७० फागुन २६ गते गिरफ्तार गरेकोमा बर्दिया जिल्ला अदालतको आदेश अनुसार ०७० चैत ६ गते २५ हजार धरौटीमा तारेखमा रिहा भए।

## आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार

**बर्दिया**

मगरागाडी गाविस-६ झरनीया फाँटामा बसेका ३६ घरपरिवार सुकुम्बासीका घरटहरामा बर्दिया राष्ट्रिय

निकुञ्ज सुरक्षार्थ तैनाथ नेपाली सेना र गेमस्काउटको टोलीले ०७० चैत ७ गते घरटहरामा र चैत ९ गते बचाई राखेको लत्ताकपडा, अन्न, भाँडाकुँडामा आगो लगाइ जलाए। घरटहरा जलेपछि सोही स्थानमा रूखमुनी बसेका सुकुम्बासीहरूको लत्ताकपडा र खाद्यान्न समेत जलाएपछि उनीहरू विचल्लीमा परे। ०६३ सालदेखि झरनीया फाँटामा बस्दै आएका भूमिहीन सुकुम्बासीहरूलाई निकुञ्ज प्रशासनले पटकपटक उक्त क्षेत्रबाट अन्यत्र सर्न दबाब दिनुको साथै अघिल्लो वर्षमा पनि घरटहरा भत्काउनुको साथै आगो लगाउँदै आएको थियो। अन्यत्र बासका लागि जग्गा नभएको भन्दै भूमिहीन सुकुम्बासीहरूले सडक छेउ र आफन्त कहाँ बस्दै आएको र कुनै विकल्प नहुँदा पुन: झरनिया फाँटामै छाप्रा बनाएर बस्न बाध्य भएको बताए। निकुञ्जका कर्मचारीले चैत ७ गते भूमिहीन माया थारू, कमल थारू, बाबुनिया थारू, फालुबस्ती थारू, सुनाचरिया थारू, परनिया थारू, पुनजि थारू, जगुन्ना थारू, इनाराम थारू, पत्रे थारू र पाँच वर्षीय बालक फिलीस थारूलाई गिरफ्तार गरेकोमा ०७० चैत १० गते पुन: फाँटामा घरटहरा बनाएर नबस्ने सहमतिमा रिहा गर्‍यो। पीडितहरूले न्यायको लागि यस वर्षको पहिलो त्रैमासिकसम्म कतै निवेदन दिएनन्।

**सुर्खेत**

साटाखानी गाविस-७ का ३४ वर्षीय जसवीर सार्कीसहित २७ भूमिहीन घरपरिवारहरू बसोबास गर्दै आएको बस्तीमा विकल्पको व्यवस्था नगरी जिल्ला वन कार्यालय सुर्खेतले ०७० फागुन १३ गते रूप्सेको बस्तीमा आगजनी गरी भूमिहीनहरूलाई उठिबास बनायो। खाँडदेवी सामुदायिक बन अतिक्रमण गरी बसोबास गरेको भन्दै जिल्ला वन कार्यालयले उठिबास बनाएपनि विगत २० वर्ष अघिदेखि बसोबास गर्दै आएका रूप्सेका भूमिहीनहरूलाई ०६९ मङ्सिर १५ गते उठिबास बनाएपछि जिल्ला बन र जिल्ला प्रशासन कार्यालय सुर्खेतले विकल्प नहुँदासम्म रूप्सेमै बसोबास गर्ने अनुमति दिएकोमा विकल्पको व्यवस्था नै नगरी आफूहरूको बस्तीमा आगजनी गरेको पीडितहरूले आरोप लगाए। बस्ती उठाएपछि रूप्सेका २७ घरपविारका १ सय २० भूमिहीनहरू यस वर्षको पहिलो त्रैमासिकसम्म बिचल्लीमा परे।

## स्वास्थ्य अधिकार

**मुगु**

श्रीकोट गाविस-२ घरभई गमगढी बजारस्थित डेरामा सुत्केरी भएकी २६ वर्षीया जौकला नेपाली ०७० फागुन १८ गते सुत्केरीपछि अत्याधिक रक्तश्राव भई उपचारका लागि जिल्ला अस्पतालमा भर्ना गरिएपनि रेडक्रसले स्थापना गरेको रक्त सञ्चार केन्द्रमा ल्याब असिस्टेन्ट नहुँदा रक्तदान गर्ने मान्छे भेटिए पनि रगत दिन नसकेपछि चार दिनसम्म अस्पतालमै उपचार गरिन्। जिल्ला अस्पतालले थप उपचारका लागि नेपालगञ्ज रिफर गरेको भएपनि आर्थिक अभावका कारण थप उपचार गर्न सकिनन्। पीडित हाल चन्दा मागेर सदरमुकाम गमगढीमा उपचार गरिरहेकी छन्।

## सम्पति क्षति

**बर्दिया**

धधवार गाविस-६ वनगाई स्थित बर्दिया जिल्ला कारागारका पूर्व जेलर इन्दबहादुर विस्टको घरमा ०७० माघ २१ गते राति अज्ञात समूहले बम विस्फोट गरायो। करिब तीन चार जनाको समूहमा आएका व्यक्तिले पूर्व जेलर विस्टको घरको उत्तरपट्टीबाट झ्यालमा बम प्रहार गरी विस्फोट गराएका थिए। बम विस्फोटबाट घर सामान्य क्षति भयो। बम विस्फोट गराएपछि अपरिचित समूहले दुई राउन्ड हवाई फायर गरी गए। घटनास्थलमा बमको बिर्को खोलिएको अवस्थामा बम बनाउन प्रयोग भएको १५ सेन्टिमिटर फलामको पाइप भेटिएको थियो। इन्द्रबहादुर विस्टका छोरा प्रहरी सहायक निरीक्षक गुणराज बिष्ट कार्य विभाग सुरक्षा निर्देशनालय, काठमाडौंमा कार्यरत छन्। प्रहरी सहायक नरीक्षक बिष्ट विदामा घरमा आएको अवस्थामा घटना भएको थियो। बम विस्फोट किन र कसले गरायो भन्ने बारे केही थाहा नभएको र कसैबाट कुनै किसिमको धम्की पनि नआएको बिष्टले बताए।

**दाङ**

मानपुर गाविस-६ घरभई घोराहीमा बस्दै आएका ३२ वर्षीय अम्मर राणाको रा १ प ५१२८ नम्बरको १५० सिसीको पल्सर मोटरसाइकल बन्दको अवज्ञा गरेको आरोपमा एकीकृत माओवादी र नेकपा-माओवादी निकट विद्यार्थी सङ्गठन अनेरास्ववियु (क्रा.) का कार्यकर्ताहरूले ०७० चैत ६ गते घोराही नपा-११ मा तोडफोड गरे। तोडफोडबाट मोटरसाइकलको अगाडीको भाग र पछाडिको इन्डिकेटर सामान्य क्षति भयो। नेपाल सरकारले मुल्य वृद्धि गरेको विरोधमा घोराही नपामा अनेरास्ववियु (क्रा.) का कार्यकर्ताले चक्काजाम गरेका थिए।

# सुदूरपश्चिमाञ्चल

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्ने अधिकार

### धम्की कुटपिट

जिल्ला स्वास्थ्य कार्यालय दार्चुलाका डा. रामेश्वर देवकोटालाई खलङ्गा गाविस- ८ का २२ वर्षीय विक्रमसिंह महराले ०७० फागुन १७ गते कुटपिट गरे। जिल्ला स्वास्थ्य कार्यालयमा आफ्ना दाजुलाई खोप सुपरभाइजरमा नियुक्ति नगरेको भन्दै महराले डा. देवकोटालाई कुटपिट गरेका हुन्। आरोपितले ०७० फागुन १६ गते राती डा. देवकोटा, जनस्वास्थ्य अधिकृत सन्तोषप्रसाद जोशी र लेखा अधिकृत पदमसिंह विष्टलाई फोन गरी धम्की दिएका थिए। महराको कुटपिटबाट डा. देवकोटाको अनुहारमा चोट लागेको थियो। प्रहरीले आरोपितलाई घटनालगत्तै गिरफ्तार गरेकोमा २८ हजार धरौटी राखी चैत ३ गते तारेखमा रिहा भए।

### बालअधिकार

कक्षा एकमा अध्ययनरत चार जना छात्राहरूलाई अप्राकृतिक मैथुन गरी जबरजस्ती करणी गरेको आरोपमा गगुडा गाविस- ३ निवासी भवानी निमावि पलाडीका २६ वर्षीय शिक्षक योगेन्द्र बहादुर बोगटीका विरुद्धमा पीडित बालिकाका अभिभावकहरूले ०७० फागुन २९ गते प्रहरी चौकी चवराचौतारामा किटानी जाहेरी दिए। प्रहरीले आरोपितलाई ०७० फागुन ३० गते गिरफ्तार गऱ्यो। पीडितहरूको जिल्ला स्वास्थ्य कार्यालयमा ०७० चैत १ गते स्वास्थ्य परीक्षण भयो। आरोपित जिल्ला अदालतको ०७० चैत २१ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

### कैलाली

१४ वर्षीया एक बालिकालाई ०७० माघ १६ गते बलात्कार गरेको आरोपमा लखिनपुर जिल्ला भारत घर भएका २५ वर्षीय सनी सुनारलाई ०७० माघ १७ गते इलाका प्रहरी कार्यालय बौनियाले गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०७० माघ १७ गते सेती अञ्चल अस्पताल धनगढीमा भयो। पीडित बालिकाका आफन्तले जिल्ला प्रहरी कार्यालय कैलालीमा ०७० माघ १८ गते मुदा दर्ता गरे। आरोपित सुनार अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयको हिरासतमा छन्।

१५ वर्षीया एक बालिकालाई ०७० फागुन १३ गते बलात्कार गरेको आरोपमा धनसिंहपुर गाविस-२ का ३५ वर्षीय सन्तराम चौधरीलाई ०७० फागुन १४ गते इलाका प्रहरी कार्यालय टीकापुरले गिरफ्तार गऱ्यो। आरोपित चौधरीका विरुद्दमा पीडित पक्षले जाहेरी दिए पछि प्रहरीले गिरफ्तार गरेको थियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०७० फागुन १४ गते टीकापुर अस्पतालमा भयो। आरोपित चौधरी जिल्ला अदालतको आदेशमा ०७० चैत १६ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार,कैलालीमा थुनामा छन्।

१५ वर्षीया एक बालिका यौनदुर्व्यवहार गरेको आरोपमा मालाखेती गाविस- ७ का २७ वर्षीय कमल विरही थापालाई चैत १ गते इलाका प्रहरी कार्यालय मालाखेतीले घटनास्थलबाट गिरफ्तार गऱ्यो। मालाखेती अत्तरिया बजार नजिकै रहेको जङ्गलमा यौनदुर्व्यवहार गरिरहेको अवस्थामा प्रहरीले थापालाई गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय, कैलालीले जनायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण सेती अञ्चल अस्पताल धनगढीमा ०७० चैत २ गते भयो। आरोपित जिल्ला अदालत, कैलालीको आदेशमा ०७० चैत २६ गतेदेखि जिल्ला कारागार, कैलालीमा पुर्पक्षका लागि थुनामा छन्।

### महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

### बलात्कार, बालात्कार प्रयास, यौन दुर्व्यवहार,घरेलु हिंसा

### बझाङ

१९ वर्षीया एक युवतीलाई ०७० फागुन २१ गते साँझ हेमन्तवाडा गाविस - ५ का १४ वर्षीय बालक र लुयाँटा गाविस - १ गोलाईका २० वर्षीय अक्कल खातीले लुयाँटा गाविस - १ को खोचा भनिने ठाउँमा बलात्कार प्रयास गरे। पीडितले ०७० फागुन २२ गते जिल्ला प्रहरी कार्यालयमा आरोपितद्वय विरुद्ध उजुरी दिइन्। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालत बझाङको ०७० चैत १९ गतेको आदेशमा अक्कल खाती रिहा भए भने १४ वर्षीय आरोपित बालकलाई पुर्पक्षका लागि बाल सुधार गृह भक्तपुर चलान भए।

### डोटी

६० वर्षीया एक महिलालाई ०७० फागुन १० गते राती वलात्कार प्रयास गरेको आरोपमा लाटामाण्डौ गाविस- २ घर भई कानाचौर गाविसको कोटेला प्राविमा कार्यरत शिक्षक ४८ वर्षीय यज्ञबहादुर कठायत ०७० फागुन १२ गते प्रहरी चौकी चवराचौतरा प्रहरीले गिरफ्तार गऱ्यो। पीडित महिलाले ०७० फागुन ११ गते प्रहरी चौकी

चवराचौतारा चनुकाँडामा किटानी जाहेरी दिएकी थिइन। जिल्ला प्रहरी कार्यालय डोटीले आरोपित शिक्षक कठायतको विरुद्धमा ०७० फागुन १४ गते जिल्ला अदालत, डोटीमा जबरजस्ती करणी उद्योगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत डोटीका न्यायाधीश धनसिंह महराको एकल इजलासले ०७० चैत १४ गते आरोपित कठायतलाई ५० हजार रुपियाँ धरौटी लिई तारेखमा रिहा गऱ्यो।

**कैलाली**

३२ वर्षीया एक महिलालाई बलात्कार गरेको आरोपमा धनगढी नपा-१२ का ३२ का किसन चौधरीलाई ७० पुस २९ गते जिल्ला प्रहरी कार्यालय, कैलालीले गिरफ्तार गऱ्यो। पीडित महिलाले आफूलाई ०७० पुस २८ रातिको समयमा घर नजिकैको सडकको छेउमा बलात्कार गरेको भन्दै जिल्ला प्रहरी कार्यालय, कैलालीमा आरोपित विरुद्धमा किटानी जाहेरी दिएकी थिइन्। पीडित महिलालको स्वाथ्य परीक्षण ०७० पुस २९ गते सेती अञ्चल अस्पतालमा भयो। आरोपित जिल्ला अदालतको आदेशमा ०७० माघ २३ गतेदेखि थुनामा रहेका छन्।

**बेचबिखन तथा ओसारपसार**

टिकापुर नपा-५ की १९ वर्षीया एक युवतीलाई ललाई फकाई विवाह गरी भारत लैजाँदै गरेको अवस्थामा टीकापुर नपा-२१ का विनीत साहुलाई ०७० माघ ९ गते जिल्ला प्रहरी टीकापुरले गिरफ्तार गऱ्यो। पीडित पक्षले ०७० माघ २१ गते इलाका प्रहरी कार्यालय टीकापुरमा मानववेचविखन तथा ओसारपसार गरेको आरोपमा साहुको विरुद्धमा किटानी जाहेरी दिए। आरोपित साहु जिल्ला अदालतको आदेशमा०७० फागुन २० गतेदेखि थुनामा छन्।

सुर्खेत जिल्ला कुनाथरी गाविस- १ की २२, २४ र २५ वर्षीया युवतीहरूलाई विदेशमा काम लगाई दिने प्रलोभनमा भारततर्फ लैजाँदै गरेको अवस्थामा जिल्ला बाँके जिल्ला नेपालगञ्ज नपा- की ३५ वर्षीया कमला सुनारलाई ०७० माघ ३ गते धनगढी भान्सारबाट जिल्ला प्रहरी कार्यालय,कैलालीले गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएकी कमलाका विरुद्धमा मानववेचविखन तथा ओसार पसार प्रयास गरेको आरोपमा ०७० माघ ७ मुद्दा दर्ता भयो। आरोपित सुनार जिल्ला अदालतको ०७० फागुन ५ गतेको आदेशमा जिल्ला कारागार,कैलालीमा थुनामा छिन्।

**कैलाली**

धादिङ जिल्ला घर भएकी एक १५ वर्षीया बालिका र सिन्धुली जिल्ला घर भएकी १८ वर्षीया किशोरीलाई वेचविखन तथा ओसारपसार प्रयास गरेको आरोपमा सिन्धुपालचोक जिल्ला, साँगाचोक गाविस-२ घर भई हाल काठमाडौँ जोरपाटी बस्ने ३५ वर्षीया कान्छीमाया तामाङ सोही ठाउँकी ३५ वर्षीया रेखा तामाङ र कैलाली जिल्ला मसुरिया गाविसका ४५ वर्षीय गोकुल विकका विरुद्धमा जिल्ला अदालत,कैलालीमा ०७० फागुन १३ गते मानववेचविखन तथा ओसारपसारमा मुद्दा दर्ता भयो। पीडित भनिएकी युवतीले आरोपितका विरुद्ध माईती नेपालको सहयोगमा पुस २४ गते जिल्ला प्रहरी कार्यालय कैलालीमा मानववेचविखन तथा ओसारपसारमा किटानी जाहेरी दिएको थिए। प्रहरीले जाहेरीका आधारमा आरोपित मध्ये कान्छीमायालाई काठमाडौँबाट ०७० माघ १३ गते गिरफ्तार गरेको थियो। अन्य दुई जना आरोपित हालसम्म फरार रहेका प्रहरीले जनायो। धनगढीसँग जोडिएको भारतीय सीमा नाका गौरीफन्टातर्फ गइरहेको अवस्थामा दुई युवतीलाई नेपाल प्रहरी र माईती नेपालको सहयोगमा मङ्सिर २५ गते उद्धार गरेको थियो। आरोपित कान्छीमाया तामाङलाई जिल्ला अदालत,कैलालीको ०७० फागुन १९ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छिन्।

**सबै प्रकारका जातीय विभेद**

**डोटी**

रानागाउँ गाविस- १ का ४५ वर्षीय मोहन भुलले आफूलाई सार्वजनिक ठाउँमा जातीय विभेद युक्त शव्द प्रयोग गरी बोल्न नदिएको भन्दै सोही ठाउँकाका विद्यालय व्यवस्थापन समिति सदस्य २८ वर्षीष टेकराज जोशी र २६ वर्षीय शिक्षक धर्मराज जोशीका विरुद्ध ०७० पुस १९ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। सार्वजनिक स्थलमा जातीय छुवाछुत गरी विभेद गर्ने दोषी भनीएका दुवै जनालाई ०७० पुस २० गते जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। प्रहरीले ०७० माघ १० गते जातीय छुवाछूत तथा भेदभाव अभियोगमा आरोपितका विरुद्ध जिल्ला अदालत, डोटीमा मुद्दा दर्ता गरेको थियो। जिल्ला अदालत डोटीका जिल्ला न्यायाधीश धनसिंह महराको एकल इजलासले ०७० माघ ३ गत दोषी भनिएका धर्मराज जोशीलाई २५ हजार धरौटी लिई रिहा गऱ्यो भने टेकराज जोशीलाई साधारण तारेखमा रिहा गरिएको थियो।

**डडेल्धुरा**

मष्टामाण्डौ गाविस- ६ सकालयकी ४५ वर्षीया रमादेवी भाटलाई जनजातिलाई ज्वाइँ स्वीकार गरेको आरोपमा उनका ४२ वर्षीय देवर दलबहादुर भाट छिमेकी ससुरा नाता पर्ने बलबहादुर बोहरा, छिमेकी ससुरा नाता पर्ने बलबहादुर विष्ट, छिमेकी ससुरा नाता पर्ने विजयसिंह विष्ट र सर्पे विष्टले ०७० माघ ३ गते सामाजिक बहिष्कार गर्नु पर्छ भन्दै पीडितको घरमा आएर दुर्व्यवहार गरे। छोरी रमा भाट र ज्वाइँ मानबहादुर घर्ती मगर प्रेमविवाह गरेका दुई वर्ष पछि माइती घरमा आएका थिए। उनीहरू विवाहपछि भारतमा बस्दै आएका र भारतबाट माईतीघरमा आएको समयमा जनजातिसँग विवाह गराएको भन्दै सामाजिक बहिष्कार गर्नुपर्ने भन्दै गालीगलौच गरेको पीडित महिलाले बताइन्। दलबहादुरको नेतृत्वमा आएका गाउँलेहरू घरमै आई गाई गोठमा बाधि पराल खुवाउने जस्ता धम्की दिएको उनका पीडित मानबहादुर घर्तीमगरले बताए। घटना पछि पीडितले ०७० माघ ८ गते जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा उजुरी दर्ता गरिन्। पीडितहरू सम्पर्कमा नआएपछि कारबाही प्रक्रिया अगाडि बढाउन नसकिएको जिल्ला प्रहरी कार्यालय डडेल्धुराले जनायो।


**बाजुरा**

पाण्डुसेन गाविस-६ अगाउँपानीकी १८ वर्षीया डल्ली रावतलाई सोही गाउँका २१ वर्षीय शिव सार्कीले ०७० पुस १९ गते प्रेम विवाह गरेपछि ०७० पुस २० गतेदेखि दुवै जना गाउँबाट बहिस्कृत भए। शिवका बुवा कन्जडे सार्कीले समेत छोरालाई संरक्षण गर्न नसकेपछि उनीहरू दुवैजना हालसम्म जुगाडा-९ रजाली गाउँमा आफन्तको घरमा आश्रय लिएर बसेका छन्।

## आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार


**कञ्चनपुर**

पेट्रोलियम पदार्थको मूल्य बृद्धिको विरोधमा उत्रिएका आन्दोलनरत विद्यार्थी सङ्गठनका कार्यकर्ताले ०७० चैत ३ गते चक्काजामको समयमा मोटरसाइकल चलाएर आफ्नो बन्दको अवज्ञा गरेको भन्दै जिल्ला विकास समितिको नाममा रहेको म १ ब ६४ नम्बरको मोटरसाइकलमा आगजनी गरे। ती विद्यार्थी सङ्गठनले पेट्रोलियम पदार्थको मूल्य बृद्धिको विरोधमा चैत ३ गते बिहान ९ बजेदेखि ११ बजेसम्म चक्काजाम गरेका थिए।




**इन्सेकले १९९२ देखि नै बर्सेनी नेपाल मानवअधिकार वर्षपुस्तक मार्फत मुलुकमा भएको मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अनुगमन प्रतिवेदनको सङ्क्षिप्त विवरण गर्दै आएको छ। त्यस सङ्कटपूर्ण अवस्थामा पनि इन्सेकले आफ्नो काम यथावत राखेको थियो। त्यस समयमा यस्ता घटनाहरूको विस्तृत रूपमा अभिलेख हुन नसक्नु अस्वभाविक होइन। त्यस कालखण्डमा भएका कतिपय घटनाहरूको अनुसन्धान गर्ने, अभियोजन गर्ने र माननीय अदालतबाट फैसलासमेत भएको अवस्था छ। तर, अदालतका कैयन आदेशहरू पालना नभएका कारण पीडितपक्षले न्याय नपाएको अवस्था उत्तिकै चिन्ताजनक पनि छ। पीडितपक्षको न्याय प्राप्तिको आकाङ्क्षालाई शान्तिप्रक्रिया, शान्ति सम्झौता विपरीत रहेको भन्ने टिप्पणी र व्याखा प्रशस्त हुने गरेका छन्।**

**सशस्त्र द्वन्द्वकालमा द्वन्द्वसँग सरोकार नै नभएको मानिसहरू मारिएका र अन्य केही घटनाहरूको इन्सेकले पुनः अनुपरीक्षण गऱ्यो। तिनै अनुपरीक्षणाबाट प्राप्त तथ्यहरूलाई यस पुस्तकमा समावेश गरिएको छ। राज्य र विद्रोही पक्षबाट अन्तर्राष्ट्रिय मानवीय कानुन, मानवअधिकार कानुनलगायत घरेलु कानुनविपरीत भएका त्यस्ता घटनाहरू *अमानवीयताको पराकाष्ठा* भएको इन्सेकको निष्कर्ष छ।**




**सरकार र नेकपा माओवादीले २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि सशस्त्र द्वन्द्वको औपचारिक रूपमा अन्त्य त भयो। तर, सम्झौतामा उल्लेख भएबमोजिम बलपूर्वक बेपत्ता पारिएका मानिसहरूको अवस्था ६० दिनभित्र सार्वजनिक गरिने प्रतिबद्धताको कार्यान्वयनको प्रतीक्षामा पीडितका परिवार छन्। यस पुस्तकमा राज्यपक्षबाट र तत्कालीन विद्रोही पक्षबाट गरी बलपूर्वक बेपत्ता पारिएका ९ सय ३५ जनाको अद्यावधिक विवरण समाविष्ट छ। शान्ति सम्झौता भएको चार वर्ष पुग्दा पनि उनीहरूको अवस्थाका पत्ता लगाउने कार्यमा राज्य तथा राजनीतिक दलले उल्लेख्य काम गर्न सकेका छैनन्। त्यसैले हामी सबैले सोधौँ- उनीहरू कहाँ छन् ?**

# नेपालमा पहिलो मानवअधिकार समाचार अनलाइन




## नेपाली र अंग्रेजीमा

## www.inseconline.org

**मानवअधिकारसम्बन्धी विविध समाचारहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानवअधिकार स्थितिको ताजा जानकारी लिनुहोस् ।**

